www.csrcnepal.org

# भूमि अधिकार

वर्ष २१ | पूर्णाङ्क ६३ | वैशाख २०८१




# नयाँ गुठी ऐनको खोजी

## हाम्रो सपना र दूरदृष्टि

**न्यायपूर्ण एवं दिगो भूमि व्यवस्थासहितको समुन्नत, लोकतान्त्रिक र समतामूलक नेपालको सिर्जना**

## हाम्रो अठोट र कार्यभार

**भूमिहीन तथा कृषि कर्ममा संलग्न किसानको भूमि अधिकार सुनिश्चित गर्दै न्यायपूर्ण भूमि व्यवस्था र दिगो कृषिप्रणालि स्थापीत गर्न योगदान गर्ने**

### हाम्रा आधारभूत मूल्य/मान्यता

- सामाजिक न्याय र प्रकृतिलाई न्याय
- अहिंसा
- सरलता र पारस्परिक सम्मान
- समानुभूति र पक्षधरता
- आत्मनिर्भरता र अन्तरनिर्भरता
- नतिजामुखी, गुणस्तरीय र उत्कृष्टता

### रणनीतिक प्राथमिकताहरू

१. भूमि-कृषि आन्दोलनको समग्र सुदृढीकरण र विस्तार
२. भूमि-कृषि सवालमा ज्ञान निर्माण, कार्यगत अनुसन्धान र प्रकाशन
३. भूमि-कृषिसम्बन्धी नीतिगत बहस र सुशासन प्रवर्धन
४. दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका प्रणालीको विकास
५. भूमि-कृषि सवालको विश्वव्यापी आन्दोलन र सञ्जाल सुदृढीकरणमा योगदान

# भूमि अधिकार

वर्ष २१ | पूर्णाङ्क ६३ | वैशाख २०८१



गुठी जग्गा किसानलाई . . . . . . . . . . . . . . . . . ४
नयाँ गुठी ऐनको खोजी . . . . . . . . . . . . . . . . . ५
गुठी जग्गा व्यवस्थापनमा गुठी संस्थान . . . . . . . . ९
स्वर्गद्वारीका गुठीपीडितको दुःख सुन्दैन सरकार . . . १५
स्वर्गद्वारी गुठी : मोही किसानको सङ्घर्ष . . . . . . १९
मौलिक शैली, अधिकारवालाकै नेतृत्व . . . . . . . . २१
गुठी अभियान : सङ्घर्षपछिको सफलता . . . . . . २६
गुठी कानुन किन ? . . . . . . . . . . . . . . . . . २७
रसुवाका किसान आन्दोलित . . . . . . . . . . . . . ३०
गुठीपीडित किसानहरूको राष्ट्रिय सम्मेलन . . . . . ३२
भूमि अधिकारकर्मी लालमणि भण्डारीको सम्झनामा . ३३

CSRC
आत्मनिर्भर केन्द्र

**प्रकाशक** : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, टोखा-७, काठमाडौं, नेपाल
फोन : ९७७-१-४९६०४८६, फ्याक्स : ९७७-१-४९५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

**ग्राफिक डिजाइन** :
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

**आवरण तस्बिर** : कुमार थापा
दाङका स्वर्गद्वारी गुठीपीडित किसानहरु जिल्ला प्रशासन कार्यालय अघि धर्नामा।

# गुठी जग्गा किसानलाई

यतिबेला देशभरका गुठीपीडित किसान आन्दोलित छन् । उनीहरूले आफ्नै पुस्ताले खनीखोसी उब्जाउयुक्त बनाएको जमिनको कानुनी स्वामित्व माग गरिरहेका छन् । जुन उद्देश्यले जमिन गुठीको नाममा राखिएको थियो, उक्त प्रयोजनको परिवेशमा धेरै फेरबदल भइसकेको छ । त्यसैले उनीहरूका माग जायज छ ।

गुठी व्यवस्थापनका लागि वि.सं. २०२१ सालमा गुठी संस्थान स्थापना भएको थियो । उतिबेला गुठी संस्थानमा दर्ता रहेका २ हजार ३८५ गुठीको कुल १४ लाख २४ हजार २८० रोपनी जग्गाको विवरण थियो । जसमा राजगुठी २,०८२, अमानत गुठी १,०५०, छुट गुठी १,०३२ र गुठीसम्बन्धी लालमोहरको सङ्ख्या ३,००५ छ । उपत्यकामा मात्रै अमानत गुठी ५५७ र छुट गुठी ५५६ छन् । राजगुठीमा जग्गा रैतान नम्बरी ६१,६३७ विघा, गुठी अधीनस्थ २,२८७ विघा र गुठी तैनाथी २,११३ विघा छ । राजगुठीअन्तर्गत मठ मन्दिरको सङ्ख्या ७१७ छ । पाटी, पौवा र सत्तलको सङ्ख्या ६४७ छ । १५९ पोखरी पनि गुठीकै स्वामित्वमा भएका विवरण छन् । गुठी संस्थान ऐन, २०३३ जारी भएपछि किसानहरूले मोहीको हक पाए । धेरैले तोकिएको शुल्क बुझाएर रैतानी गरे । पछि २०६४ माघ १० को सर्वोच्चको निर्णयपछि भने किसानले मोहियानी पनि दर्ता गराउन पाएका छैनन् ।

गुठी समस्याले वर्षौंदेखि मानिस समस्यामा छन्, किसान भूमिहीन सुकुमबासीसरह छन् । नेपालको संविधानको दफा २९० मा गुठीसम्बन्धी व्यवस्थामा भनिएको छ- गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवं गुठीको अधिकारको सम्बन्धमा सङ्घीय संसद्ले आवश्यक कानुन बनाउनेछ । अनुसूची ६ को प्रदेशको अधिकार सूचीको बुँदा २१ मा गुठी व्यवस्थापन प्रदेश सरकारको जिम्मेवारीमा छ ।

हिजोको दिनमा जतिबेला मानिस धार्मिक विश्वास, आस्था र विभिन्न अनुष्ठान आदि कार्य गर्नका लागि नगद (पैसा) सङ्कलन गर्न नसकिने अवस्थामा थिए, त्यो समयमा गुठी सञ्चालन गर्न, गुठीको रेखदेख गर्न, मर्मत सम्भार आदि कार्य गर्न जग्गा र यसको आयस्थामा भर पर्नुपर्ने आवश्यकता थियो । सीमित जनसङ्ख्या भएको त्यो बेला र आजको समय फेरिएको छ । सीमित घरधुरी र केही सीमित जनसङ्ख्या भएको समयमा धेरै जग्गा जमिन हुनेले गुठी सञ्चालन आदि कार्यका लागि केही जग्गा गुठीलाई दिए होलान् । तर आजको बढ्दो जनसङ्ख्या, बढ्दो आवादी, बढ्दो आवश्यकतालाई मध्यनजर गर्दै जमिन किसानकै नाममा हुनुपर्ने किसानको माग जायज छ । आजकल आर्थिक गतिविधि गर्न, व्यापार/व्यवसाय गर्न, सन्तानको शिक्षादीक्षाका लागि ऋण-धितो लिन पनि जग्गा र जग्गा धनी पुर्जा अनिवार्य गरिएको छ ।

अर्कोतर्फ गुठीको स्वामित्वमा भएको अधिकांश जमिनमा अहिले ठूला ठूला आवादी छ । किसानहरूको घरबास छ । खेतीपाती गरी जीविका चलिरहेको छ । आजकल किसानले कुत तथा तिरो तिर्न पनि छाडिसके । मन्दिर तथा गुठीको पूजाआजामा स्थानीय सरकारले सहयोग गर्न थालेका छन्, किसानहरूले आवश्यकताअनुसार जिन्सीको साटो नगदै (गच्छेअनुसार) योगदान गर्छन् । यस्तो अवस्थामा जमिन जोतभोग गर्ने किसान तर स्वामित्व भने विभिन्न नामका गुठीमै रहिरहनु भनेको वास्तविक किसानमाथि अन्याय हो । त्यसैले सरकारले अहिलेको परिवर्तित अवस्थालाई ध्यान दिँदै नयाँ गुठी ऐन ल्याउन आवश्यक छ जसले गुठीको जमिन जोतिरहेका वास्तविक किसानलाई त्यसको कानुनी स्वामित्व दिलाओस् । यसका लागि सरोकारवालाहरूसँग व्यापक परामर्श आवश्यक छ ।





जगत देउजा

# नयाँ गुठी ऐनको आवश्यकता



स्वर्गद्वारी गुठीको भनिएको जग्गाका मोही किसानले दाङमा निरन्तर आन्दोलन गरिरहेका छन् । गुठीको समस्या बढी भएका अरू जिल्लामा पनि गुठीका किसान भेला हुने क्रम बढेको छ । यसबीचमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले स्वर्गद्वारी पीडित गुठी किसान सङ्घर्ष समितिसँग अविलम्ब गुठी विधेयक तर्जुमा गरी संसद्मा पेस गर्न सहमति गरेको छ । यसका लागि मन्त्रालयले गुठीका विषयमा अध्ययन गर्न र विधेयकको मस्यौदा तर्जुमाका लागि गुठी संस्थानका प्रशासकको संयोजकत्वमा ५ सदस्यीय समिति बनाएको छ । जसलाई २ महिनाको कार्यअवधि दिएको छ । यससँगै गुठी विषयमा सरोकारवालाको फेरि चासो बढ्न थालेको छ । तत्कालीन सरकारले २०७५ सालमा गुठी विधेयक राष्ट्रिय सभामा दर्ता गरेको थियो । सडक आन्दोलनका कारण तत्कालीन सरकारले उक्त विधेयक फिर्ता लिएको थियो ।

समयक्रमसँगै जुन उद्देश्यले गुठी जग्गाहरू राखिएका थिए, ती धेरैजसो असान्दर्भिक भइसकेका छन् । यस्तो ऐन निर्माणको मागलाई केवल गुठी जग्गाका किसानको मात्र चासो जस्तो गरी लिइएको छ । जुन गलत हो । यो समग्र गुठी व्यवस्थापनका लागि पनि ढिला भइसकेको विषय हो । यदि व्यापक परामर्शसहित जायज सरोकारलाई सम्बोधन गर्ने गरी ऐन ल्याएर हालको गुठी संस्थान र कार्यप्रणालीमा व्यापक सुधार नगर्ने हो भने गुठी जग्गा त बाँकी रहँदैन नै, साथै किसानहरू पनि जहिल्यै अन्यायमा परी नै रहनेछन् । अहिलेको गुठी संस्थानको जग्गा कम हिनामिना भएको मोही लागेको जग्गा मात्र हो । अरू जग्गाको व्यवस्थित लगत सङ्कलन हुन सकेको छैन भने संरक्षण पनि हुन सकेको छैन । विडम्बना के छ भने रातोदिन जमिनमा पसिना पोखेर खेती गर्ने किसानहरू नै गुठी ऐन चाहियो भनेर आन्दोलन गरिरहनु परिरहेको छ । यस्तो स्थिति आउनु हुँदैनथ्यो ।

### विरोधका विषय

नयाँ ऐनको फेरि तयारी भइरहँदा एकपटक नेपाल कम्युनिस्ट पार्टीको तत्कालीन सरकारले ल्याएको ऐनमा के/कस्ता प्रश्न उठेका वा उठाइएका थिए भन्ने जान्नु महत्वपूर्ण हुन्छ ।

**विवाद १ :** विधेयक संविधान विपरित छ । गुठीसम्बन्धी कानुन सङ्घले बनाउने हैन । प्रदेशको हक हो । जुन विवाद केवल विवादका लागि मात्र थियो । नेपालको संविधानको धारा २९० मा गुठीसम्बन्धी व्यवस्था गरिएको छ । जसको दफा (१) मा गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवं गुठीको अधिकारका सम्बन्धमा सङ्घीय संसद्ले आवश्यक कानुन बनाउनेछ भनिएको छ । जसको दफा (२) मा गुठीसम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ भनिएको छ । यसरी छर्लङ्ग भएको विषयमा पनि अन्योल र भ्रम सिर्जना गर्नका लागि यस विषयमा विवाद उठाइएको थियो । अनुसूचीमा उल्लेख प्रदेशको अधिकार गुठी व्यवस्थापनको हकमा हो । कानुन बनाउने अधिकार सङ्घको हो । यद्यपि ऐन तर्जुमाको क्रममा प्रदेश सरकारसँग परामर्श भने अनिवार्य गर्नुपर्छ ।

संविधानमा नै गुठी जग्गा व्यवस्थापनको सम्बन्धमा उल्लेख गर्नुपर्नाको पनि खास कारण छ। सर्वोच्च अदालतले २०६४ माघ १० गते गुठी जग्गाको सम्बन्धमा संसद्ले समेत कुनै कानुन बनाउन नपाउने किसिमको फैसला गरेको थियो। यसले पुस्तौँदेखि किसानले जोतिआएका जमिनको स्वामित्व र व्यवस्थापन अव्यवस्थित भयो। किसानलाई धर्मको नाममा शोषण गरिराख्ने कार्य भयो। यसो हुँदा किसानको हितलाई समेत ध्यानमा राखेर अन्तिम अवस्थामा धेरै छलफलपछि संविधानमा हालको व्यवस्था गरिएको थियो।

**विवाद २** : प्रस्तावना नै बदरभागी छ। अर्थात प्रस्तावना नै ठीक भएन भनेर विवाद गरिएको थियो। यस सम्बन्धमा गुठी संस्थान ऐन, २०३३ र फिर्ता गरिएको विधेयकको प्रस्तावना तुलना गरेर हेरौँ :

| गुठी संस्थान ऐन, २०३३ को प्रस्तावना | फिर्ता गरिएको विधेयकमा भएको व्यवस्था |
|---|---|
| राज गुठीलाई नेपाल सरकारको अधीनबाट झिकी एक संस्थानको जिम्मा सुम्पी राज गुठीहरूलाई सुव्यवस्थितरूपले सञ्चालन गराउन गुठी संस्थानको स्थापना भएकोमा, विभिन्न वर्गका जनताका बीच सुसम्बन्ध कायम राख्ने र सर्वसाधारण जनताको आर्थिक हित र नैतिकता कायम राख्ने उद्देश्यले गुठी संस्थानसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गरी बढी प्रभावकारी र सामयिक व्यवस्था गर्न वाञ्छनीय भएकोले। | गुठीको मूलभूत मान्यताअनुरूप राज गुठी, सार्वजनिक गुठी र निजी गुठीलाई व्यवस्थित गरी सामाजिक न्यायको आधारमा गुठी जग्गामा भोगाधिकार रहेका किसान तथा गुठीको अधिकार संरक्षण गरी सर्वसाधारणको हित कायम गर्न, गुठी जग्गामा उत्पादकत्व बढाउन तथा गुठीको विकास, सञ्चालन र व्यवस्थापनको लागि राष्ट्रिय गुठी प्राधिकरण स्थापना गर्नका लागि गुठीसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले। |

प्रस्तावित विधेयमा भएको प्रस्तावना, संविधानमा गुठी सम्बन्धमा गरिएको व्यवस्थाको मर्म भन्दा बाहिर थिएन। गहिरिएर हेऱ्यो भने यो प्रचलित ऐन भन्दा पनि धेरै भिन्न छैन। प्रस्तावनामा गुठीका किसानको हित मात्र लेखियो भन्ने आरोप सत्य हैन। प्रस्तावनामा स्पष्टरूपमा किसान तथा गुठी दुवैको अधिकारका लागि भनेर लेखिएको छ।

**विवाद ३** : तैनाथी जग्गा बाँकी रहँदैन। सबै जग्गा सकिन्छ।

| गुठी संस्थान ऐन, २०३३ को व्यवस्था | फिर्ता गरिएको विधेयकमा भएको व्यवस्था |
|---|---|
| दफा २५ मा भएको व्यवस्था : (३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै गुठी तैनाथी जग्गा घर घडेरी वा उद्योग व्यापारको लागि उपयुक्त देखिएमा त्यस्ता गुठी जग्गा र संस्थान आफैँले खेती गरे/गराएको गुठी तैनाथी जग्गा आवादी वा ऐलानी जे भए पनि उपयोग र ठाउँको महत्व हेरी संस्थानले तोकिएबमोजिम बढाबढ गराइ गुठी रैतान नम्बरी जग्गामा परिणत गरी दर्ता गरिदिन सक्नेछ र २०४६ चैत २६ गते भन्दा पहिले नै गुठी तैनाथी जग्गामा आफनै पुँजी लगाइ घर बनाइ बसोबास गरिसकेकाको हकमा त्यस्तो घर घडेरी यसै ऐनमा अन्यत्र व्यवस्था गरिएअनुसार मूल्याङ्कन समितिले तोकेको मूल्यको आधारमा निजकै नाममा रैतान नम्बरीमा परिणत गरी दर्ता गर्न सकिनेछ। | परिच्छेद ८ को दफा ५३ मा भएको व्यवस्था -गुठी तैनाथी जग्गामा बनाएको घर : (१) यो ऐन प्रारम्भ हुनुअघि गुठी तैनाथी जग्गामा कसैले आफ्नै पुँजी तथा श्रम लगाइ घर बनाइ बसोबास गरेको रहेछ भने प्राधिकरणले तोकेको समयभित्र सोको विवरणसहित त्यस्तो गुठी जग्गा रैतानी नम्बरीमा परिणत गर्न प्राधिकरणले तोकेको कार्यालयमा निवेदन दिनुपर्नेछ। (२) उपदफा १ बमोजिम पेस हुन आएको विवरणसहितको निवेदनउपर छानबिन गर्दा मनासिव देखिएमा प्राधिकरणले त्यस्तो घर र सो घरले चर्चेको जग्गा तोकिएको क्षेत्रफलमा नबढ्ने गरी गुठी रैतानीमा परिणत गर्न सक्नेछ। (३) प्राधिकरणले उपदफा (२) बमोजिम गुठी रैतानी नम्बरीमा परिणत गर्दा निवेदकसँग जग्गाको हकमा रजिस्ट्रेसन प्रयोजनको लागि प्रचलित कानुनबमोजिम निर्धारित न्यूनतम मूल्य लिनुपर्नेछ। |
| (४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देवस्थल रहेका वा देवी, देवता, देवस्थल, पर्व, पूजा, जात्रासँग सम्बन्धित धार्मिक एवं सार्वजनिक पर्ती जग्गा कुनै व्यक्तिको नाममा दर्ता गरिने छैन। त्यस्तो जग्गा दर्ता गरिएको रहेछ भने पनि संस्थानले त्यस्तो जग्गाको दर्ता बदर गर्न सक्नेछ। | (५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि धार्मिकस्थल, पोखरी, पोखरीको डिल, धार्मिकस्थलको बागबगैँचा वा परापूर्वदेखि जात्रा, पर्व सञ्चालन हुँदै आएको जग्गा वा प्राधिकरणले खुलारूपमा राख्न आवश्यक ठानेका कुनै धार्मिकस्थलको तोकिएबमोजिमका जग्गा व्यक्तिको नाममा दर्ता गरिने छैन। (६) उपदफा ५ बमोजिमको जग्गा यो ऐन प्रारम्भ हुनुअघि गुठी संस्थान वा सम्बन्धित धार्मिकस्थलले करार गरी बहाल दिएकोमा सो जग्गा बहाल करारमा लिने व्यक्तिको नाममा दर्ता गरिने छैन। (७) उपदफा (५) बमोजिमको जग्गा कुनै व्यक्तिको नाममा दर्ता भएको रहेछ भने सम्बन्धित अधिकारीले सो जग्गाको दर्ता बदर गरी गुठी तैनाथी जग्गाको लगतमा दर्ता गर्नुपर्नेछ। त्यस्तो जग्गामा कसैले घर बनाएको रहेछ भने त्यस्तो घरलाई धार्मिकस्थलको सम्पत्ति कायम गरिनेछ। |

यस सम्बन्धमा प्रचलित ऐन भन्दा २०७५ सालको विधेयक तैनाथी गुठी जग्गाको संरक्षणको हिसावले धेरै नै बलियो थियो। लिइने मूल्य पहिले मूल्याङ्कन समितिको तजविजमा थियो भने अहिले सरकारी दररेटअनुसार पूरा मूल्य बुझाउनुपर्नेछ। प्रचलित कानुनमा खुलास्थलका लागि चाहिने जमिनसमेत छुट्याउनुपर्ने व्यवस्था गरिएको छ।

**विवाद ४** : जग्गा पूरै मोहीको नाममा रैतानी गरिएपछि पूजाआजा चलाउन सकिँदैन भन्ने थियो। प्रचलित कानुनको दफा २७ मा मोहीको हकसम्बन्धी व्यवस्था गरिएको छ। जसमा गुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानुनबमोजिम मोहियानी हक पाउने व्यवस्था छ। कुत वा तिरो महँगो भएकाले किसानले बुझाउन नसकेको र गुठीले केही पाउन नसकेको अवस्थामा किसानले कमाइरहेको गुठी जग्गा किसानको नाममा रैतानी गर्ने र रैकर जग्गासरह तिरो स्थानीय सरकारमार्फत उठाइ देवस्व खातामा जम्मा गराउने कार्य नै किसान र गुठी संस्थान दुवैको हितमा छ।

**विवाद ५** : निजी गुठीमा प्राधिकरणको नियन्त्रण हुने भयो। यसले गुठीको अस्तित्व समाप्त हुन्छ। धेरैलाई आपत्ति तुल्याएको विषय यो हो। यस सम्बन्धमा प्रचलित कानुन र प्रस्तावित विधेयकको

व्यवस्था अध्ययन गर्दा स्पष्ट हुन्छ। केही अस्पष्टतालाई प्रष्ट गर्नेबाहेक कुनै नयाँ व्यवस्था गरिएको छैन्।

| गुठी संस्थान ऐन, २०३३ मा भएको व्यवस्था | प्रस्तावित विधेयकको व्यवस्था |
|---|---|
| १९ क. निजी गुठीको लगत : (१) निजी गुठीका गुठीयारले गुठीको लगत तोकिएबमोजिमको ढाँचामा संस्थानमा दिनुपर्नेछ।<br>२०. निजी गुठीको हक दायित्व संस्थानले लिन सक्ने : (१) कुनै निजी गुठीको दातासमेत सबै वा अधिकांश गुठियारहरूले त्यस्तो निजी गुठीको हक दायित्व संस्थानले नै बेहोर्ने गरी बन्दोबस्त र सञ्चालन संस्थानबाट नै हुन लिखित अनुरोध गरेमा संस्थानले त्यस्तो गुठीको हक दायित्व लिइ बन्दोवस्त र सञ्चालन गर्न सक्नेछ।<br>(२) व्यक्तिगत वा पारिवारिकरूपमा राखिएका निजी गुठीबाहेक सामाजिक हितको लागि राखिएका निजी गुठीका गुठियारले शिलापत्र, धर्मपत्र, दानपत्र आदिमा लेखिएबमोजिम सो गुठीको सञ्चालन नगरी गुठीको सम्पत्ति हिनामिना गरेको देखिएमा गुठियारले लिखित अनुरोध नगरे पनि संस्थानले त्यस्तो गुठीको जिम्मा लिइ बन्दोबस्त सञ्चालन गर्न सक्नेछ।<br>(३) पशुपति अमालकोट कचहरीमा कुत बुझाउनुपर्ने वा पशुपति गुह्येश्वरीसँग सम्बन्धित सबैखालका गुठीको जग्गाको जग्गा प्रशासन गुठी संस्थानले जिम्मा लिइ बन्दोबस्त र सञ्चालन गर्न सक्नेछ।<br>(४) उपदफा (१) वा (२) बमोजिम संस्थानले हक दायित्व लिएपछि त्यस्तो निजी गुठी राजगुठीमा परिणत भइ त्यस्तो निजी गुठीको चल, अचल जायजेथा, देवमूर्तिसमेत उपर निजी गुठी वा दाता गुठियारको भइरहेको सबै अधिकार संस्थानमा सर्नेछ र त्यस्तो निजी गुठीका दाता, गुठियार, खान्गीदारको सबै हक अधिकार समाप्त हुनेछ। | ६३. निजी गुठीको सञ्चालन र बन्दोबस्त : (१) गुठियारले निजी गुठीसँग सम्बन्धित दानपत्र, शिलापत्र, धर्मपत्र, दर्ता प्रमाणपत्र आदि लिखतमा लेखिएबमोजिम त्यस्तो गुठीको सञ्चालन र बन्दोबस्त गर्नुपर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको कुनै लिखत नभएमा गुठियारले परम्पराबमोजिम निजी गुठीको सञ्चालन र बन्दोबस्त गर्नुपर्नेछ।<br>(३) गुठयिारले निजी गुठीको लगत, सम्पत्ति, आयस्रोत, पूजा, पद्धति आदिको विवरण प्रदेश गुठी व्यवस्थापन समितिसमक्ष पेस गर्नुपर्नेछ।<br>(४) प्रदेश गुठी व्यवस्थापन समितिले उपदफा<br>(२) बमोजिमको अभिलेख राख्दा दफा २५ बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ।<br>(५) निजी गुठीका गुठियारले गुठीको सम्पत्ति बेचबिखन गर्न वा हिनामिना गर्न वा निजी काममा प्रयोग गर्न पाइने छैन।<br>(६) उपदफा (१), (२) र (५) विपरित हुने गरी कुनै कार्य गरेको उजुरी परेमा प्रदेश गुठी व्यवस्थापन समितिले आवश्यक छानबिन गर्दा सो कार्य भए/गरेको पाइएमा त्यस्तो गुठियारलाई गुठीबाट निष्काशन गर्न सक्नेछ।<br>(७) उपदफा (६) बमोजिम गुठियार निष्काशन भएमा अन्य गुठियारले त्यस्तो गुठी चलाउन सक्नेछन्।<br>(८) कुनै निजी गुठी सञ्चालन गर्ने सात पुस्तासम्मको हकवाला नभएमा त्यस्तो गुठी प्राधिकरणले सार्वजनिक गुठीमा परिणत गरी दर्ता गर्नुपर्नेछ। |

सारभूतरूपमा उल्लिखित विषयमा पहिले र अहिलेको व्यवस्थामा कुनै फरक छैन। अझ अहिलेको व्यवस्थामा भएको अस्पष्टतालाई प्रष्ट गर्ने कार्य भएको छ। जस्तो- सबै वा अधिकांश भनेको स्थानमा दुईतिहाइ गुठियारले भन्ने व्यवस्था गरिएको छ।

अर्को बढी विवादमा आएको विषय फिर्ता भएको विधेयकको दफा २३ र २४ हो। यो व्यवस्था छुट गुठीको हकमा हो। छुट गुठीको सम्बन्धमा प्रचलित ऐनमा सबै छुट गुठी राजगुठीमा परिणत भई त्यस्तो छुट गुठीको चल अचल जायजेथा, देवमूर्तिसमेत उपर छुट गुठीको भइराखेको सबै अधिकार संस्थानमा सर्नेछ भनिएको छ। र, त्यस्ता छुट गुठीका गुठियार खान्गीदारको सबै हक अधिकार समाप्त हुनेछ। अहिले उल्लेख गर्न खोजिएको पनि त्यही हो। दफा २४ मा गरिएको गुठियारको अधिकार स्वतः समाप्त हुने भन्ने व्यवस्था दफा २३ मा उल्लिखित छुट गुठी र सार्वजनिक गुठी राजगुठीमा परिणत भएपछि त्यस्ता गुठीको गुठियारको पनि स्वतः हक समाप्त हुने भनिएको हो। सबै गुठियारको हकमा हैन। यो सबै निजी गुठीको सम्बन्धमा भएको व्यवस्था हुँदै हैन। तर यसलाई दफा २३ कै उपदफामा उल्लेख गरेर सच्याउन सकिन्थ्यो। यस्तो व्यवस्थाले आन्दोलनको आगोमा घिउ थप्ने कार्य गरेको थियो। दफा २४ नराख्दा पनि हुन्थ्यो।

> कुत वा तिरो महँगो भएकाले किसानले बुझाउन नसकेको र गुठीले केही पाउन नसकेको अवस्थामा किसानले कमाइरहेको गुठी जग्गा किसानको नाममा रैतानी गर्ने र रैकर जग्गासरह तिरो स्थानीय सरकारमार्फत उठाइ देवस्व खातामा जम्मा गराउने कार्य नै किसान र गुठी संस्थान दुवैको हितमा छ।

### उल्टो फर्कन असम्भव

सरकारले विधेयक तर्जुमाको कार्य थालनी गरेसँगै गुठी संस्थान र गुठी जग्गालाई व्यवस्थित गर्न नचाहने र यही कमजोरीमा आफ्ना निजी फाइदा लिन चाहनेहरू किसानलाई मोही हक पनि दिनुहुँदैन भनेर बोल्न थालेका छन्। गुठीको एक इन्च जमिन पनि किसानलाई दिनुहुँदैन भनेर कसरी भन्न सकेका होलान्? आखिर त्यो जमिन त किसानसँगै छ। किसान भएकैले जमिन ऊर्वर भइरहेको छ। त्यसैबाट किसान परिवार र अरू पनि पालिएका छन्। भूमिसम्बन्धी ऐन, २०२१ ले निजी जग्गा त कसैले कमाएको छ र एक वर्षको सम्म पनि बाली बुझाइ भर्पाइ लिएको छ भने उसले मोहियानी हक पाउन सक्ने व्यवस्था गरेको थियो। गुठी जग्गा त केही अपवादबाहेक अहिलेको किसानको पुर्खाहरूले खेतीयोग्य बनाएका जमिन हो। कुनै कालखण्डमा शासकहरूले गुठीमा राखिदिएका हुन्। जग्गा हुँदैमा त्यत्तिकै धान, मकै, गहुँ फल्दैन। गाई नपाली मन्दिरमा चढाउने घिउ




बन्दैन । जमिनमा किसानको श्रम, पसिना र मेहनत पोखिएको छ । र, त्यसले उत्पादन दिइरहेको छ । यसो भएकाले नै किसानलाई न्याय गर्न मोहियानी हकको व्यवस्था गरिएको हो । यसर्थ उक्त जग्गा किसानको नै पूर्ण स्वामित्वमा लैजाने अर्थात रैतानी गर्ने कुरा अनुचित होइन ।

## सामुदायिकीकरण र जिम्मेवारी बाँडफाँट

गुठी सम्पदाको महत्वअनुसार वर्गीकरण गरी महत्वका हिसावले सङ्घ, प्रदेश र स्थानीय सरकारले गुठीको संरक्षण र प्रवर्द्धन गर्नुपर्छ । सञ्चालन र व्यवस्थापनका लागि हरेक गुठीको भिन्दाभिन्दै कोष वा समिति बनाइ व्यवस्थित गर्नुपर्छ । समितिका योजना, उपलब्धि र आर्थिक कारोवार सार्वजनिक गराउनुपर्छ । समुदायस्तरको लाई समुदायको निर्णयमा छाड्दा हुन्छ । समुदायले व्यवस्थापन गरेको, निजी गुठीको पूर्ण अधिकार समुदायलाई नै दिनुपर्छ । स्थानीयले नै सामूहिकरूपमा व्यवस्थापन गर्दै आएको गुठीका सम्बन्धमा राज्यले टाउको दुखाइरहनु आवश्यक छैन । यस्तो गुठीलाई संरक्षण र सम्बर्द्धन मात्र गरे पुग्छ ।

## किसानलाई जग्गा

गुठी संस्थाको पूर्ण स्वामित्वमा भएकोबाहेक अधीनस्थ जग्गा किसानकै नाममा रैतानी गर्नुपर्छ । किसानको मेहनत र अहिलेको धानिनसक्नु कुत गुठीलाई बुझाएर खेती नै बाँझो रहने स्थिति आएकोले गुठी

**स्थानीयले नै सामूहिकरूपमा व्यवस्थापन गर्दै आएको गुठीका सम्बन्धमा राज्यले टाउको दुखाइरहनु आवश्यक छैन । यस्तो गुठीलाई संरक्षण र सम्बर्द्धन मात्र गरे पुग्छ ।**

ऐन, पहिलो संशोधन, २०४१ मा नै गुठी जग्गा रैतानी गर्न पाउने व्यवस्था गरिएको हो ।

जमिन एउटाको, श्रम र लगानीचाहिँ अरूको हुनु भनेको दोहोरो स्वामित्वको अवस्था हो । यसो हुँदा संविधान र अन्य कानुनसमेतलाई विचार गरी किसानले खेती गरिरहेको जग्गा कानुनबमोजिम जोताहा किसान र अरू सबै बाँकी जग्गा सम्बन्धित गुठीको नाममा दर्ता गर्नुपर्छ ।

कुनै समयमा कुनै मनसायले गुठी राख्यो भने त्यही मनसाय सयौं वर्षसम्म पूरा गर्नका लागि प्राकृतिक सोत र उत्पादनको महत्वपूर्ण साधन भूमिलाई त्यही प्रयोजनका लागि राखिरहनु विज्ञानसम्मत हुन सक्दैन । फेरि मठ, मन्दिर र देवालयको स्थिति पनि फरक फरक छ । कतिपय प्रसिद्धि कमाएका ठूलाठूला देवस्थलमा प्रशस्त मात्रामा दान/भेटी चढाउने गरिन्छ । उक्त भेटी पुजारी र भण्डारीको मात्र हुने र सम्बन्धित देवीदेवताको नाममा केही पनि नहुने वर्तमान अवस्था छ । यसर्थ प्राप्त भेटी र दान मात्र सदुपयोग गर्दा पनि सम्पदाको संरक्षण गर्दै अन्य सामाजिक कार्यमा समेत खर्च गर्न पुग्ने स्थिति छ । यसर्थ, सरकारले सरोकारवालासँग सघन संवाद गर्दै यथाशीघ्र नयाँ ऐन तर्जुमा गर्नुपर्छ ।

यसरी ऐन बनाउँदा मोही नलागेका किसानलाई पनि जोतभोगका आधारमा मोहियानी हक कायम गरी रैतानी गर्न पाउने गरी व्यवस्था हुन आवश्यक छ । यसका लागि संवत् २०५३ साल पुस २४ गते अगावैदेखि अविच्छिन्नरूपमा गुठी जग्गा भोगचलन गर्दै आइरहेको किसान वा निजको कानुनबमोजिमको हकवालाले त्यसको प्रमाण संलग्न गरी सो जग्गा रहेको स्थानीय तहको सिफारिससहित मोहियानी हक कायम गरी पाउन यो ऐन प्रारम्भ भएको मितिले १ वर्षभित्र सम्बन्धित भूमि सुधार तथा मालपोत कार्यालयमा निवेदन दिनुपर्नेछ । निवेदकलाई त्यस्तो गुठी अधीनस्थ जग्गामा प्रचलित कानुनको अधीनमा रही मोहियानी हक प्राप्त हुनेछ भन्ने व्यवस्था हुन आवश्यक छ ।

दाङको स्वर्गद्वारी गुठी किसानको समस्या सम्बोधनका लागि ऐनमा विशेष व्यवस्था हुन जरुरी छ । यसका लागि 'विशेष प्रकृतिको निजी गुठी जग्गाको सम्बन्धमा' भन्ने दफा नै अलग हुन आवश्यक छ वास्तवमा पहुँच भएका, आफ्ना कुरा राख्न सक्नेहरूले ४०/५० वर्षअगाडि नै सबै जमिन रैकर बनाइसकेका छन् । जो कमजोर छन्, कुरा राख्न सक्दैनन्, पहुँच थिएन, उसैको समस्या बाँकी रहेको हो । अब पनि किसानले आफ्नो समस्या, अप्ठ्यारा, माग र अडान राख्न सकेनन् भने फेरि पनि समस्या समाधान हुँदैन । फाइदा अरू कसैले लिन्छ । यसका लागि व्यवस्थित आन्दोलन खाँचो छ ।



जनक पोखरेल

# गुठी जग्गा व्यवस्थापनमा गुठी संस्थान



## गुठी व्यवस्था

नेपाल प्राचीनकालदेखि नै विभिन्न देवालय, शिवालय, मठ, मन्दिर, चैत्य, गुम्बा, पाटी, धर्मशाला, अनाथालय, पाकशाला आदिले भरिपूर्ण देशका रूपमा चिनिँदै आएको छ । यस किसिमका धार्मिक, साँस्कृतिक, शैक्षिक, सामाजिक, परोपकारी र स्वास्थ्यसम्बन्धी धरोहरहरूको स्थापना, निर्माण र सञ्चालन/व्यवस्थापनमा राज्य र निजीस्तरबाट समेत महत्वपूर्ण कार्य हुँदै आएका छन् । देवालय, शिवालयलगायतका धार्मिक प्रतिष्ठानहरू खडा गर्ने, तिनको रेखदेख र सञ्चालन गर्ने, दीर्घकालसम्म सञ्चालन र व्यवस्थापनमा सघाउ पुऱ्याउने उद्देश्य राखी चल अचल सम्पत्तिको जोहो गरी गुठी खडा गर्ने प्रचलनको सुरुआत लिच्छविकालदेखि हुँदै आएको पाइन्छ । 'गुठी' भन्नाले कुनै मठ वा कुनै देवी देवताको पर्व, पूजा, जात्रा मेला चलाउन वा कुनै धार्मिक, साँस्कृतिक, परोपकारी कामका लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटी, पौवा, इनार, पोखरी, तलाउ, धारा, पियाउ, बाटो, घाटो, पुल, चौतारा, गौचरण, वाग बगैँचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय, घर, इमारत वा संस्था बनाउन, चलाउन वा त्यसको संरक्षण गर्न कुनै दाताले आफ्नो चल-अचल सम्पत्ति वा आयस्ता आउने अरू कुनै सम्पत्ति वा रकममा आफ्नो हक छाडी राखेकोलाई सम्झनुपर्छ ।[1]

वि.सं. २००७ सालअघिसम्म राज गुठीअन्तर्गतका अमानतमा सञ्चालित गुठीको व्यवस्था गुठी बन्दोवस्त अड्डाबाट र छुट गुठीहरूको बन्दोबस्त तथा सञ्चालन लिखत परम्पराबमोजिम छुट गुठीका गुठियार हरूबाट हुँदै आएको थियो । २००७ सालको प्रजातन्त्र स्थापनापछि गुठीको बन्दोवस्त अर्थ मन्त्रालयबाट हुने व्यवस्था गरियो । वि.सं. २०१८ सालमा गुठी बन्दोवस्त अड्डा पुनर्गठन भई उक्त कार्य मालपोत विभागअन्तर्गत गुठी तहसिल र गुठी खर्च अड्डाबाट हुँदै आएको थियो । यसरी नेपाल सरकारबाट संरक्षण र व्यवस्थापन हुँदै आएकोमा गुठी जग्गाको कुत बालीलगायतका रकम (गुठी रकम) लाई राज्यकोषबाट अलग गर्ने संवैधानिक व्यवस्था पछि छुट्टै निकायबाट राजगुठीको बन्दोवस्त र सञ्चालन गर्न गुठी संस्थान ऐन, २०२१ निर्माण भयो । सोही ऐनको व्यवस्थाबमोजिम २०२१ साल कात्तिक १७ गते गुठी संस्थान स्थापना भयो । गुठी संस्थान ऐन, २०२१ लाई २०२९ ले र २०२९ लाई २०३३ ले प्रतिस्थापन गरेको थियो । विद्यमान गुठी संस्थान ऐन, २०३३ लाई २०४१ र २०४९ सालमा गरी दुई पटक संशोधन गरिएको छ । सोही ऐनको विद्यमान कानुनी व्यवस्थाबाट गुठी र गुठी जग्गा प्रशासनसम्बन्धी काम कारवाही भइआएको छ ।

## गुठी जग्गा

गुठी सञ्चालनका लागि खर्चको स्रोत जुटाउन आयस्ता आउने गरी दाताले आफ्नो हक छाडी राखिदिएका जग्गा नै गुठी जग्गा हुन् । ती जग्गाको दिगो उपयोगबाट तोकिएका धार्मिक, सांस्कृतिक एवं परोपकारी गतिविधिहरू सञ्चालन हुने गर्दछन् । गुठी जग्गाको मात्रै विषय होइन, धर्म संस्कृतिको संरक्षण गर्ने सशक्त माध्यम पनि हो । गुठी प्रथाले राष्ट्रको धार्मिक पहिचान र यसभित्र अन्योन्याश्रित संस्कृतिका आधारस्तम्भलाई युगौँ-युगसम्म जीवन्त राख्ने क्षमता बोकेको हुन्छ ।

१ गुठी संस्थान ऐन २०३३ को दफा २ (ग)

### राज गुठी जग्गा

**गुठी तैनाथी जग्गा** : गुठी तैनाथी जग्गा भन्नाले कसैका नाउँमा दर्ता नभएका गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको जग्गा सम्झनुपर्दछ।[२] मठ, मन्दिर, पोखरी, पोखरीको डिल, बगैँचा, फूलबारी वा गुठी संस्थानले खेती गर्न छुट्याएका जग्गाहरू यस प्रकारका जग्गाभित्र पर्दछन् ।

**गुठी अधीनस्थ जग्गा** : गुठी अधीनस्थ जग्गा भन्नाले दर्तावालाले संस्थानलाई जिन्सी बुझाइ आएको जग्गा सम्झनुपर्दछ।[३] दर्तावालाले वा जोताहा मोहीले गुठीमा कुत बुझाउनुपर्ने जग्गा अर्थात मोही लागेका गुठी जग्गा । यस्तो जग्गामा मोहीले संस्थानलाई प्रत्येक वर्ष तोकिएको कुत बाली बुझाउनुपर्छ । नियमितरूपमा कुत बाली नबुझाउने मोहीको मोहियानी हक निष्कासन गर्न सकिने कानुनी व्यवस्थासमेत छ।

**गुठी रैतान नम्वरी जग्गा** : गुठी रैतान नम्बरी जग्गा भन्नाले दर्तावालाले गुठी संस्थानलाई मालपोत बुझाउनुपर्ने जग्गा ।[४] यस्तो जग्गाको हैसियत रैकर जग्गासरहको हुन्छ। गुठी अधीनस्थ (मोही लागेको) जग्गामा गुठी संस्थान ऐन २०३३ (पहिलो संशोधन २०४१) को व्यवस्थाबमोजिम तोकिएबमोजिमको दस्तुर बुझाएर रैतान नम्बरीमा परिणत भएका जग्गा ।

**गुठी नम्वरी जग्गा** : गुठी संस्थानले जग्गावालाको हैसियतले नेपाल सरकारलाई मालपोत बुझाउनुपर्ने रैकर जग्गा ।[५]

**खान्गी जग्गा** : गुठीको निश्चित काम गरेवापत गुठीका कामदारले जोती भोगसम्म गर्न पाउने गुठी तैनाथी प्रकृतिको जग्गा । गुठीमा तोकिएबमोजिम काम गरेसम्म उपयोग गर्न पाउने जग्गा । बिक्री वितरण, धितो बन्धक तथा अन्य कुनै बेहोराले हक छाड्न नपाइने जग्गा ।[६]

उल्लिखित गुठी जग्गाका किसिमअनुसार संस्थानले गुठी जग्गाको व्यवस्थापन गरी आएको पाइन्छ।

..........................

२ गुठी संस्थान ऐन २०३३ को दफा २ (त्र)
३ गुठी संस्थान ऐन २०३३ को दफा २ (ट)
४ गुठी संस्थान ऐन २०३३ को दफा २ (ज)
५ गुठी संस्थान ऐन २०३३ को दफा २ (झ)
६ गुठी संस्थान ऐन २०३३ को दफा २७ (क)

### गुठी जग्गामा मोहियानी हक प्राप्त नहुने अवस्था

- गुठी जग्गामा खास जोताहा किसानले मोहियानी हक प्राप्त गर्ने कानुनी व्यवस्था भए तापनि कतिपय अवस्थाका गुठी जग्गामा मोहियानी हक प्राप्त हुन सक्दैन । निम्न अवस्थामा गुठी जग्गामा मोहियानी हक प्राप्त नहुने र मोहियानी हक प्राप्त भइसकेको भए तापनि बदरभागी हुनेछ :
- गुठी तैनाथी जग्गामा मोहियानी हक प्राप्त नहुने,

गुठी अधीनस्थ जग्गा भन्नाले दर्तावालाले संस्थानलाई जिन्सी बुझाइ आएको जग्गा सम्झनुपर्दछ । दर्तावालाले वा जोताहा मोहीले गुठीमा कुत बुझाउनुपर्ने जग्गा अर्थात मोही लागेका गुठी जग्गा । यस्तो जग्गामा मोहीले संस्थानलाई प्रत्येक वर्ष तोकिएको कुत बाली बुझाउनुपर्छ ।

- निश्चित काम गरेबापत जोती भोगसम्म गर्न पाउने गुठियार/पुजारी तथा रकमीले मोहियानी हक नपाउने,
- साविकदेखि खेती गरी नआएका बाग बगैँचा वा तोकिएको शहर बजारको पर्ती गुठी जग्गामा मोहियानी हक नपाउने[७],
- गुठीको खान्गी जग्गा खान्गीवालाले धितोबन्धक राख्ने वा अन्य कुनै प्रकारले हक छाडी दिन नपाउने, हक छाडी दिएमा हक छाडी दिएको लिखत स्वतः बदर हुनेछ[८],
- देवी देवस्थल रहेको वा देवी देवस्थल, पर्व पूजा जात्रासँग सम्बन्धित धार्मिक एवं सार्वजनिक पर्ती जग्गामा मोही कायम नहुने[९],
- दर्तावालाको लगत कट्टा भइसकेका गुठी रैतान नम्बरी जग्गा र गुठी अधीनस्थ जग्गा नदी कटान भई उकास भएको जग्गा[१०],

### गुठी जग्गामा मोहियानी हक प्राप्ति

गुठी संस्थान ऐन, २०३३ को दफा २७ मा खास जोताहा किसानले प्रचलित कानुनबमोजिम मोहियानी हक पाउने छ।[११] खास जोताहा पहिचान गर्ने आधार वा गुठी जग्गामा मोही हुन चाहिने प्रमाणमा फिल्डबुकको मोही महलमा नाम जनिएको, १ नं. लगत भरेको, २ नं. अनुसूची प्रकाशित भएको, ४ नं. जोताहा अस्थायी निस्सा प्राप्त गरेको, मोहियानी हकको प्रमाणपत्र प्राप्त गरेको, गुठी संस्थानमा कुत कबुलियत गरेको, मोहीले आफ्नो दायित्व निर्वाह गरेको हुनुपर्दछ ।

### गुठी जग्गाको हक हस्तान्तरण र धितोबन्धकसम्बन्धी व्यवस्था

गुठी जग्गा बिक्री वितरण नहुने, धितो राखी ऋण लिन नपाइने जस्ता गुनासाहरू गुठीका किसानहरूबाट बेलाबेलामा सुनिने गरेको पाइन्छ। गुठी अधीनस्थ जग्गा भएकै कारणबाट बैङ्क तथा वित्तीय संस्थाहरूले धितो राखी कर्जा प्रवाह नगरेको दूरदराजका मोहीहरूले पटक-पटक व्यक्त गरेको हामी सबैले सुनिआएकै हो । गुठीका जग्गाहरू

..........................

७ गुठी संस्थान ऐन २०३३ को दफा २७ (क, ख)
८ गुठी संस्थान ऐन २०३३ को दफा ३० (क)
९ गुठी संस्थान ऐन २०३३ को दफा २४ (४)
१० गुठी संस्थान कार्यव्यवस्था विनियम २०४९ को विनयम १० (ज)
११ गुठी संस्थान ऐन २०३३ को दफा २७

बिक्री वितरण गर्न नमिल्ने नै हो त ? बैङ्क तथा वित्तीय संस्थाले धितो राखी कर्जा दिन नमिल्ने हो ? गुठी संस्थान ऐन २०३३ को दफा ३० मा भूमि सुधार ऐन, २०२१ तथा अन्य प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम मोहियानीमा कमाइआएको जग्गाको मोहियानी हक खरिद बिक्री हुन सक्नेछ भन्ने विशेष व्यवस्था रहेको छ।[12] जसले गर्दा गुठीको मोही लागेको जग्गाहरू बिक्री वितरण वा अन्य बेहोराले हक हस्तान्तरण गर्न पाइने कुरामा विवाद रहेन। सोही ऐनको दफा ३५ (३) मा मोहियानीमा दर्ता भएको गुठी जग्गामा कसैले घर बनाउन संस्थानको स्वीकृति मागेमा संस्थानले तोकेबमोजिमको दस्तुर लिई स्वीकृत दिन सक्नेछ भन्ने व्यवस्था रहेको छ। यसरी हेर्दा गुठी अधीनस्थ (मोही लागेको) जग्गामा मोहीले संस्थानको स्वीकृत लिएर घर टहरा निर्माण गर्न कानुनले बन्देज लगाएको देखिँदैन।

गुठी संस्थान ऐन, २०३३ को दफा २ ९ मा मोहीले गुठी संस्थानलाई तोकिएको कुत बाली बुझाउनुपर्ने व्यवस्था छ भने सोही ऐनको दफा ३२ मा 'सरकारी रैकर जग्गाको जग्गावालाले जग्गाको किसिमअनुसार नेपाल सरकारमा मालपोत बुझाएसरह गुठी रैतान नम्बरी जग्गाको जग्गावालाले संस्थानमा मालपोत बुझाउनेछ।[13] 'गुठी रैतान नम्बरी जग्गामा जग्गावालाको हक हैसियत प्रचलित कानुनबमोजिम सरकारी रैकर जग्गाको जग्गावालको सरह नै हुनेछ' भन्ने कानुनी व्यवस्था रहेको हुँदा गुठी रैतान नम्बरीमा परिणत भएका जग्गाको मालपोत स्थानीय तह (वडा कार्यालय) मा नभई गुठीको कार्यालयमा बुझाउनुपर्दछ।

गुठीको कार्यालय नभएको जिल्लामा सम्बन्धित मालपोत कार्यालयले गुठी कार्यालयको समेत कामकाज गर्ने व्यवस्था रहेको हुँदा मालपोत कार्यालयले तोकिएको दरमा कुत बाली तथा मालपोत असुल गरी संस्थानको कोष (देवस्व खाता) मा जम्मा गरिदिनुपर्दछ। गुठी अधीनस्थ तथा रैतान नम्बरी जग्गा धितो बन्धक तथा हक हस्तान्तरण हुँदा सोही तिरो तिरेको रसिदको निस्सा अनिवार्यरूपमा संलग्न भएको हुनुपर्दछ।

गुठी अधीनस्थ र रैतान नम्बरीमा परिणत भएका गुठी जग्गाहरू प्रचलित कानुनबमोजिम हक हस्तान्तरण तथा धितोबन्धक राख्न सकिने तथा त्यस्ता जग्गामा संस्थानको स्वीकृति लिएर घर टहरा निर्माण गर्न सकिने स्पष्ट कानुनी व्यवस्था रहेको अवस्थामा गुठी जग्गामा स्वामित्व स्थापित भएका जग्गा धनी तथा मोहीले गुठी जग्गाप्रति प्रतिकूल मनस्थिति बनाइरहनु परेन।

> **गुठी संस्थान ऐन, २०३३ को दफा २९ मा मोहीले गुठी संस्थानलाई तोकिएको कुत बाली बुझाउनुपर्ने व्यवस्था छ भने सोही ऐनको दफा ३२ मा 'सरकारी रैकर जग्गाको जग्गावालाले जग्गाको किसिमअनुसार नेपाल सरकारमा मालपोत बुझाएसरह गुठी रैतान नम्बरी जग्गाको जग्गावालाले संस्थानमा मालपोत बुझाउनेछ।**

गुठी अधीनस्थ तथा गुठी रैतान नम्बरी जग्गा हक हस्तान्तरण गर्न सकिने कानुनी व्यवस्था विद्यमान रहेको अवस्थामा बैङ्क तथा वित्तीय संस्थाले गुठी जग्गामा जग्गा धनी तथा मोहीको स्वामित्वको अवस्थालाई मध्यनजर गरी जग्गा धितो राखी कर्जा प्रवाह गर्न कानुनी अड्चन रहेको देखिँदैन। विशेषगरी, नेपाल राष्ट्र बैङ्कमार्फत प्रचलित कानुनको परिधिभित्र रही गुठी जग्गा धितो बन्धक राखी कर्जा प्रवाह गर्न सम्पूर्ण बैङ्क तथा वित्तीय संस्थाहरूलाई सर्कुलर भएमा गुठी रैतान नम्बरी जग्गाका जग्गा धनी तथा गुठी अधीनस्थ जग्गाका मोहीहरूले अवश्य नै राहत महसुस गर्नेछन्।

## संस्थानको भूमिका

गुठी जग्गाको प्रकृतिअनुसार संस्थानले जग्गाको प्रशासनिक एवं व्यवस्थापन गरिआएको देखिन्छ। गुठी जग्गा व्यवस्थापनमा संस्थानको भूमिकालाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

### क. गुठी तैनाथी जग्गाको व्यवस्थापन

- खेती, बागवानी र पशु पालन गर्ने, घर पसल बनाइ बहालमा दिने, भूबहालमा दिने, बाग बगैँचा पोखरी वा खेती ठेक्कामा दिने, व्यावसायिक जग्गा लिजमा दिने।[14]
- देवस्थल रहेका वा देवी देवता देवस्थल पर्व, पूजा, जात्रासँग सम्बन्धित धार्मिक एंव सार्वजनिक पर्ती जग्गा कुनै व्यक्तिको नाउँमा दर्ता नहुने। दर्ता भएमा संस्थानले बदर गर्ने।[15]
- गुठी तैनाथी जग्गाको अद्यावधिक विवरण बनाइ राख्ने।

### ख. गुठी अधीनस्थ जग्गाको व्यवस्थापन

- दर्तावालको हक समाप्त भई खास जोताहा किसानको हक कायम गर्ने।
- खास जोताहा किसानले प्रचलित कानुनबमोजिम मोहियानी हक पाउने व्यवस्था मिलाउने।
- गुठी अधीनस्थ जग्गामा घर बनाउन संस्थानको स्वीकृति लिनुपर्ने हुँदा स्वीकृति दिँदा तोकिएबमोजिमको दस्तुर बुझी स्वीकृति दिने।
- गुठी अधीनस्थ जग्गाको मोही खरिद बिक्रीका लागि सिफारिस गर्ने।

१२ गुठी संस्थान ऐन २०३३ को दफा ३०
१३ गुठी संस्थान ऐन २०३३ को दफा ३२
१४ गुठी संस्थान ऐन २०३३ को दफा २५
१५ गुठी संस्थान ऐन २०३३ को दफा २५ (४)

- गुठी अधीनस्थ जग्गाको स्रेस्ता अद्यावधिक गर्ने ।
- गुठी अधीनस्थ जग्गाको कुत असुल तहसिलको व्यवस्थापन गर्ने ।

### ग. रैतान नम्बरी जग्गाको व्यवस्थापन

- मालपोत असुलीको व्यवस्थापन गर्ने ।
- रैतान नम्बरी जग्गाहरूको अद्यावधिक विवरण बनाइ राख्ने ।
- २०४६ साल भन्दा अगाडि कसैले गुठी जग्गामा घर बनाएकोमा प्रचलित कानुनबमोजिमका प्रमाणहरूको आधारमा तोकिएको दस्तुर लिइ घर जग्गा दर्ता गरिदिने ।

सो अलावा कसैले गुठी अधीनस्थ जग्गा गुठी रैतान नम्बरी जग्गामा गुठी तैनाथी जग्गा गुठी अधीनस्थ वा गुठी रैतान नम्बरी वा गुठी जग्गा रैकरमा दर्ता गराएको प्रमाणित भएमा साविकबमोजिम दर्ता गर्नेङ्गट कार्य पनि संस्थानले गर्दै आएको छ। बढ्दो शहरीकरण र गुठीप्रतिको अविश्वासका कारण पनि गुठी जग्गा लोप भइरहेको अवस्थामा साविक लगतबमोजिम गुठी जग्गा खोजी दर्ता गर्नुपर्ने कार्यमा संस्थानले बढी ध्यान दिनुपर्ने देखिएको छ।

### संस्थानले गुठी जग्गाको व्यवस्थापनमा निर्वाह गर्नुपर्ने थप भूमिका

- साविक लगतबमोजिम नापी भई कायम भएका जग्गाहरूको पहिचान गर्ने र साविक लगतबमोजिम के/कति जग्गा दर्ता भए, के/कति जग्गा दर्ता हुन बाँकी छन्, सो पत्ता लगाउनुपर्ने देखिएको छ।
- साविक लगतहरूलाई हालको नयाँ लिपिअनुसार उद्धरण गरी डिजिटलाइजेसनका रूपमा हेर्न र पढ्न सकिने गरी तयार पार्ने ।
- गुठीको कुत तथा मालपोत दरलाई उब्जनीको आधारमा निर्धारण गरी सबैले सहजरूपमा तिर्न बुझाउन सकिने गरी प्रणाली विकास गर्नुपर्ने ।
- गुठी जग्गाहरूको हालसाविक विवरण अद्यावधिक गराइ राख्ने ।
- गुठीका रैतान नम्बरी जग्गाहरूमा कित्ताकाट भई कायम भएका स्रेस्ताहरूमा गुठी नै नजनाइ स्रेस्ता कायम गरेको हुँदा ती कार्यले कालान्तरमा गुठी नै लोप हुन सक्ने हुँदा सबै स्रेस्तामा गुठी जनाइ मात्र हक हस्तान्तरण गर्न सकिने व्यवस्था मिलाउनुपर्ने ।
- गुठी जग्गा संरक्षणमा तिनै तहको सरकारको प्रभावकारिता देखिने गरी संयन्त्र निर्माण गरिनुपर्ने ।
- सम्पदा संरक्षण गरी गुठी जीवन पद्धतिलाई मूर्त रूप दिने प्रथा हो भन्ने बुझाइलाई एकीन गरी सम्पदा संरक्षण धार्मिक कृत्य व्यवस्थापनको निरन्तरताका लागि विशेष ख्याल गर्दै वास्तविक किसानको मर्म र भावनासमेतलाई सम्बोधन गर्ने गरी कानुन परिमार्जन गर्नुपर्ने देखिएको छ।

**गुठी भनेको कुनै एउटा धार्मिक सम्प्रदाय वा सांस्कृतिक समुदायसँग मात्र सम्बन्धित विषय होइन। यो त एउटा पद्धति र प्रक्रिया हो। यसमा मेरो भनिएको बस्तुलाई हाम्रोमा परिणत गरिएको हुन्छ।**

'सर्वजन् हिताय' र 'सर्वजन् सुखाय' को मान्यताबाट अभिप्रेरित भई राखिएको गुठीलाई समुदायले आफ्नो ठान्ने, सबैको प्रयासबाट त्यसको प्रभावकारी उपयोग गरिने र दुरुपयोग हुन नदिने हुँदा गुठी सम्पदाको निरन्तरताको सुनिश्चितता गरी गुठी जग्गाको संरक्षण राज्य र समुदायकै दायित्वभित्र पर्दछ।


लोककल्याणका लागि सबैले धार्मिक आस्था राखी अनुष्ठान गर्न पाउने गरी पूजाआजा चलाउन, साधुसन्तहरूका लागि सिदा सदावर्त चलाउन र मन्दिर भत्के/बिग्रेमा मर्मत संहार गर्ने पवित्र उद्देश्यले समुदायकै हित एवं कल्याणका लागि गुठी राखिएको हुन्छ। दाताले आफ्नो चल/अचल सम्पत्ति वा आयस्ता वा सम्पत्तिमा आफ्नो हक छाडी सार्वजनिक हितका लागि समर्पण गर्ने हुँदा गुठी भनेको कुनै सामाजिक वा धार्मिक कार्य निरन्तररूपले सञ्चालन गर्न आफ्नो सम्पत्तिको हक छोडी हस्तान्तरण गर्ने कार्य पनि हो।

गुठी भनेको कुनै एउटा धार्मिक सम्प्रदाय वा सांस्कृतिक समुदायसँग मात्र सम्बन्धित विषय होइन। यो त एउटा पद्धति र प्रक्रिया हो। यसमा मेरो भनिएको बस्तुलाई हाम्रोमा परिणत गरिएको हुन्छ। दाताले आफ्नै समुदायको हितलाई मध्यनजर राखी तथा सार्वजनिक प्रयोगमा उपभोग गर्ने गरिदिन्छ। जसले धार्मिक उन्नति, सांस्कृतिक जगेर्ना तथा सामाजिक उपभोगका लागि आफ्नो सम्पत्ति समर्पण गरेको हुन्छ। निश्चित उद्देश्य राखेर अर्पण गरिएको सम्पत्ति त्यही उद्देश्य प्राप्तिमा उपयोग गरिनुपर्छ। गुठी सम्पदा, गुठी संस्कृति र त्यसमा जोडिएको मूल्य/मान्यताहरूमा चोट पुग्नु भनेको समाज र राष्ट्रका लागि ठूलो नोक्सानी हो। तसर्थ गुठी सम्पदाको संरक्षणबाट नै राष्ट्रिय अखण्डता मजबुत हुने कुरामा दुई मत हुन सक्दैन।

गुठीको मुलभूत मान्यतामा असर नपर्ने गरी संवैधानिक व्यवस्थाबमोजिम एकीकृत गुठी ऐन जारी गरी धार्मिक सहिष्णुता, राष्ट्रिय एकता, सामाजिक सद्भाव एवं भावनात्मक एकता सामाजिक न्याय, सुशासन कायम गर्दै सामाजिक सद्भाव, आपसी अन्तर्घुलन कायम गरी राष्ट्रिय लक्ष्य हासिल गर्न र समृद्धिको दिशामा अगाडि बढ्न गुठी परम्पराले महत्वपूर्ण योगदान पुऱ्याइरहेको हुँदा यस्ता सम्पदा एवं मूल्य/मान्यताको जगेर्ना एवं निरन्तरताको सुनिश्चित गर्नु आजको टड्कारो आवश्यकता हो। ✿

(लेखक गुठी संस्थानका कानुन अधिकृत हुन्)

१६ गुठी संस्थान ऐन २०३३ को दफा ३९ (१)



# गुठी समस्या समाधान गर्नुपर्छ

**धर्मप्रसाद गौतम**, *पूर्वसहप्रशासक, गुठी संस्थान*

इलाममा जन्मनुभएका धर्मप्रसाद गौतम हाल रातोपुल काठमाडौँमा बस्नुहुन्छ। गौतमले अधिकांश समय मालपोत, भूमि सुधार कार्यालय, गुठी संस्थान र पशुपति क्षेत्र विकास कोषमा विभिन्न जिम्मेवारीमा रहेर काम गर्नुभयो। गुठी संस्थानमा सहप्रशासक भएर २ वर्ष काम गर्नुभयो। गुठी व्यवस्था र यसको समाधान कसरी हुन सक्ला भन्ने विषयमा उहाँसँग भूमि अधिकार पत्रिकाका लागि गरिएको कुराकानीको सम्पादित अंश।

**भूमि प्रशासनको क्षेत्रमा लामो समय बिताउनुभयो, कुन कुन निकायमा काम गर्नुभयो ?**

सुरुमा ५ वर्ष जति शिक्षक पेसामा आबद्ध थिएँ। २०२३ को मङ्सिरदेखि सरकारी सेवामा प्रवेश गरेँ। पहिलो पटक भूमि सुधार कार्यालय पाँचथरमा नियुक्त भएर गएँ। त्यसपछि क्रमशः तेह्रथुम, ताप्लेजुङ, महोत्तरी, सर्लाही, झापा, सङ्खुवासभा र मोरङमा भूमि सुधार, मालपोत कार्यालयहरूमा काम गरेँ। अधिकृतमा बढुवा भएपछि विराटनगर पोस्टिङ भयो र त्यहाँ ४ वर्ष काम गरेँ। त्यसपछि ललितपुर मालपोत कार्यालयमा ६ महिना काम गरेँ। २०४१ साल मङ्सिरदेखि काठमाडौँ मालपोत कार्यालय, डिल्लीबजारमा ४ वर्ष जति काम गरेँ।

राधाकृष्ण मैनाली भूमि सुधार मन्त्री हुँदा जग्गा प्रशासनसम्बन्धी निर्देशिका बनाएर नेपालको जग्गा प्रशासनलाई व्यवस्थित बनाउन भूमिका निर्वाह गरेँ। २०५५ सालदेखि भने गुठी संस्थानमा सहप्रशासकको जिम्मेवारीमा २ वर्ष काम गरेँ। त्यसपछि म २०५९ सालदेखि २०६२ सालसम्म पशुपति क्षेत्र विकास कोषमा सल्लाहकारको भूमिकामा पनि काम गरेँ।

**गुठी व्यवस्थाको सुरुवात कसरी भएको पाउनुभयो ?**

गुठी राख्ने चलन धेरै पुरानो हो। मलाई थाहा भएअनुसार युरोपमा ट्रस्टको अवधारणा आउनुपहिले नै नेपालमा गुठी व्यवस्थाको सुरुवात भइसकेको थियो। गुठी धार्मिक कारणले, सामाजिक कारणले, परोकारकारी सेवाका लागि, पारिवारिक सेवा कार्यका लागि सुरु गरिएको थियो।

गुठीको सुरुवात नेवार समुदायका मानिसले गरेका हुन्। पछि यो प्रथाकै रूपमा विकास हुँदै गयो। गुठी प्रथा काठमाडौँ उपत्यकाबाट नै सुरु भएको पाइन्छ। गुठीको सम्पत्ति नास नहोस् भनेर काम गर्नका लागि आयस्ता चाहिने भएकाले जग्गा गुठीमा राख्ने चलन पनि सुरु भयो। मानिसले आफ्नो सम्पत्तिको हक छाडेर जमिन गुठीलाई दिन्थे। कतिपयले राजाको आज्ञा गराएर लालमोहर लगाएर गुठीमा जग्गा राखे, कतिपयले लिखित कागज बनाएर जग्गा गुठीमा राखे भने कतिपयले चाहिँ मौखिकरूपमै सहमति गररे जग्गा गुठीमा राखेका पाइन्छ।

गुठीमा जग्गा दिनु भनेको आफ्नो हक छाड्नु हुन्थ्यो। त्यसपछि त्यस्तो जग्गा सामुदायिक वा संस्थानको हुन्थ्यो। त्यसैले त्यस्तो गुठी जग्गाको संरक्षण र रेखदेख गर्न कामदार तोकिन्थ्यो। उनीहरूलाई खर्च चाहिन्थ्यो। खर्च र पारिश्रमिक भुक्तानी गर्नका लागि त्यही जमिनबाट हुने आयस्ता नै एक आधार थियो। यस्तो जग्गाबाट हुने आम्दानी र खर्च विवरणहरू पनि गुठी संस्थान अथवा गुठी व्यवस्थापकले नै राख्ने चलन गरियो। यस्ता विवरण उल्लेख भएको पुराना कागजातहरू भद्रकालीको गुठी कार्यालयमा अझै सुरक्षित होला। यसैले इतिहास हेर्दा गुठीले कुनैबेला ठूलो सामाजिक कार्य र जिम्मेवारी बहन गरेको अनुभूत हुन्छ।

**कति प्रकारका गुठी छन् ?**

राज गुठी र निजी गरेर मूलतः गुठी दुई प्रकारका हुन्छन्। राज गुठी भनेको राज्यले राखेको गुठी अथवा राज्यले सञ्चालन गर्ने गुठी हो। यो पनि दुई किसिमका हुन्छन्, एक अमानत गुठी र अर्को छुट गुठी।

अमानत गुठी भनेको राज्यले नै गुठियार अथवा पुजारीका लागि खर्च गरेर सामान जुटाइदिने हो। उनीहरूले त्यही सामग्री प्रयोग गरेर पूजाआजा गर्छन्। उनीहरूका लागि आवश्यक पारिश्रमिक पनि राज्यले दिने हो। छुट गुठी भनेकोचाहिँ छुटमा पाएको गुठी हो। जसको आयस्ता गुठियारले लिन्छन्। व्यवस्थापन पनि गुठियारले नै गर्छन्।

निजी गुठी भनेकोचाहिँ गुठी राख्नेले अधिकार छाडेको गुठी हो। निजी गुठी पनि ठूला ठूला क्षेत्रफलका छन्। उतिबेलाका व्यक्तिहरूले गुठीमा जग्गा राखिदिएका थिए। काठमाडौँभित्रै पनि धेरै निजी गुठी छन्। धेरैजसोचाहिँ राणाहरूले राखेका गुठी छन्। निजी गुठीमध्ये एक मलामी गुठी हुन्थ्यो। यो कुनै सम्प्रदायको कुनै टोल, समुदायमा प्रचलनमा राखिएको हो। त्यो समुदायका मानिस मर्दा, त्यस्तो गुठीको आयस्ताबाट काम चलाउनुपर्ने हुन्थ्यो। अहिले त्यस्ता गुठी मासियो। हरेक निजी गुठीमा पनि विभिन्न काम र उद्देश्य लेखिएको हुन्छ र सोहीअनुसार जग्गा छुट्ट्याइएको थियो। दोलखाको भीमसेन गुठी पनि निजी गुठी

हो । त्यहाँ ५०/६० जना गुठियार थिए । त्यहाँ पालैपालो गुठी चलाउनुपर्ने चलन थियो । सामाजिक परम्पराअनुसार त्यस्तो गुठी सञ्चालन गर्दा ठूलो खर्च गर्नुपर्ने हुन्छ । काठमाडौँभित्रै पनि त्यस्तो चलन अहिले पनि छ । निजी गुठी धेरै नामका छन् । नेपालमा यस्ता निजी गुठी कति छन् भन्ने एकीकृत अभिलेख कतै छैन ।

गुठीको जग्गा पास गर्न सकिने व्यवस्था थिएन । म मालपोत विभागमा हुँदा निश्चित रकम लिएर निजी गुठीचाहिँ रैकरमा परिणत गर्न पाउने नीति ल्याएका थियौँ । त्यसरी आउने रकमलाई कोषमा राखेर गुठी चलाउने भन्ने थियो । प्रथा र परम्परा मान्ने समुदाय भएकै कारण गुठी पनि अहिलेसम्म जोगिइराखेको हो नत्र मासिइसक्थ्यो । पशुपति क्षेत्र विकास कोषभित्रै ५ सय भन्दा बढी निजी गुठी छन्, त्यसको पनि राम्रोसँग व्यवस्थित अभिलेखन राख्न सकिएको छैन ।

**गुठी प्रथा पहिले कि किसानले जमिन जोत्न थालेको पहिला हो ?**

पहिलो त किसान नै हो । जग्गा आवादीमा परिणत भएपछि मात्रै जग्गा गुठीको स्वामित्वमा राख्न थालिएको हो । जमिन धेरै हुनेले आफैँले निजी गुठीमा जमिन राखिदिए भने कतै कतै राज्यले नै गुठी भनेर तोकिदियो । कहीँ कतै सामुदायिक छलफलबाट पनि गुठीमा जग्गा राख्ने चलन थियो । जग्गा धेरै हुने र मोही धेरै भएको जग्गालाई पनि गुठी स्वामित्वमा राखिदिएको पाइन्छ । त्यसैले जग्गाको वास्तविक सुरुवातकर्ता त किसान नै हुन् । उनीहरूले जमिन अहिले पनि जोतभोग गरि नै रहेका छन् ।

**गुठी जग्गामा मोही लाग्ने व्यवस्था कहिलेदेखि भयो ?**

मोहीको अवधारणा वि.सं. २०१४ सालदेखि हुन् थाल्यो । मोही त पहिला पनि हुन्थे तर जमिनदार वा गुठियारले चाहँदा जतिबेला पनि किसानलाई निष्कासन गर्न सक्थ्यो । तर जव कानुनीरूपमै मोहीको व्यवस्था भयो त्यसपछि भने जमिन जोत्ने मोहीहरूको हक सुरक्षित हुन थाल्यो ।

मोही पनि दुई प्रकारका छन्, जोताहा मोही र दर्तावाला । जोताहा भनेका जमिन जोतिरहेका मोहीहरू हुन् । जसले आज पनि जमिन जोतखन गर्दैछन् । तर दर्तावाला मोही भनेको नामचाहिँ उनीहरूको रहेको तर उनीहरूले जमिन जोतखन गरेको हुन पनि सक्छ, नहुन पनि सक्छ । उनीहरू सबैले जमिन जोत्दैनन् र खेती गर्दैनन् । उनीहरूले जोताहालाई जमिन कमाउन दिन्छन् र कुत उठाएर खान्छन् । धेरै आफूले राख्छन्, केही गुठीलाई बुझाउने गर्छन् ।

जमिन जोत्ने जोताहा कमजोर वर्ग हुन् । हुनेखानले जमिन जोत्दैनन् । तर राज्यले एक पटक विशेष व्यवस्था गरेर सबै गुठी जग्गा जोतभोग गर्ने तर मोही कायम नभएकाहरूलाई मौका दिएर मोही हक दर्ता गराउन दिनुपर्छ । अहिले सर्वोच्च अदालते रोकिदिएका कारण पनि समस्या भएको छ । यसको विकल्प खोज्नुपर्छ ।

**एक पटक रसुवाको गुठी समस्या अध्ययन गर्नु जानुभएको थियो, के पाउनुभयो ?**

रसुवाको हाकुमा स्वयम्भु घ्याङ गुठीको नाममा जग्गा छ । त्यहाँको कागजात हेरियो । फिल्डबुकमा मोहीको नाम प्रष्टै छ । तर स्रेस्ता बनाउँदा मोहीको नाम लेखिएको छैन । किसानहरूले भूमि सुधार लागु हुँदा जोताहा निस्सा पनि पाएका रहेछन् । लालपुर्जा छैन भनेर मोही किनवेच गर्न दिएको रहेनछ । त्यो जग्गाको प्रकृति हेर्दा मोही कायम हुन सक्ने विषय बताएँ । मोही कायम गर्न समस्या देखिँदैन । तर त्यहाँका किसान आफ्नो समस्या पनि राम्रोसँग राख्न नसक्ने रहेछन् । हाकिमहरूलाई जनताको समस्यासँग मतलव नै छैन । हाकुको पनि गुठी अधीनस्थ जग्गा नै हो । राम्रोसँग कुरा बुझाउने हो भने उनीहरूले मोही पुर्जा पाउँछन् । र, जग्गा रैतानी पनि हुन सक्छ ।

**२०७५ सालमा गुठी विधेयक आउँदा धेरै विवाद भयो, पछि फिर्ता नै भयो । त्यसो किन भयो होला ?**

त्यतिबेलाको गुठी विधेयकको सन्दर्भमा मानिसमा बुझाइको कमी भएको हो भन्ने लाग्छ । समस्याको पहिचान गर्न नै सकिएन जस्तो लाग्यो । न सरकारले समस्यालाई राम्रोसँग बुझ्यो न त गुठियारलाई नै सरकारले बुझाउन सक्यो । सरकारले विधेयक प्रस्ताव तयार गर्दा प्रष्ट खुलाएर लेख्नुपर्थ्यो तर पर्याप्त छलफल नै नभएको देखियो । कतिपय कुरा बुझेर निर्णय गरिन्छन्, कतिपय नबुझी निर्णय गरिन्छन्, त्यहीअनुसारको दस्तावेज पनि बन्छ जसले समस्या समाधान हुन सक्दैन, अनि विवाद उठ्छ ।

**किसानको समस्यालाई कसरी समाधान गर्न सकिएला ?**

भूमि सुधार लागु हुँदा अधिकांश किसानले जोताहा निस्सा पाएका छन् । २ नं. अनुसूची पनि सबैसँग हुनुपर्छ । त्यो कागजात भूमि सुधार कार्यालय र मालपोत कार्यालयमा पनि सुरक्षित हुन्छ । त्यसको आधारमा फिल्डबुकमा लेखिएको छ भने स्वतः मोही कायम हुन्छ । कुत बाली कसले उठाइरहेको छ त्यसमार्फत पनि मोही कायम गराउन सकिन्छ । भर्पाइको आधारमा पनि मोही कायम गराउन सकिन्छ । हुन त भूमिसम्बन्धी ऐनमा मोही कायम हुने व्यवस्था हटेको छ । छुटेकाहरूलाई सरकारले विशेष व्यवस्था गरेर पहिला मोही कायम हुने व्यवस्था गर्नुपर्छ । एक पटक सबै जोताहा किसानलाई मोही कायम गराएर, अहिले भइरहेको दोहोरो स्वामित्वको अन्त्य गरिदिन मिल्नेसम्म किसानलाई दिने र गुठी प्रथाको पनि संरक्षण गर्ने गरी जानुपर्छ होला । पुरानो परम्परालाई पनि जोगाउँदा भावी पुस्ताले सिक्ने थलो हुन सक्छ ।

गुठी भावनासँग जोडिएको विषय पनि हो । इतिहास मेट्ने कि नमेट्ने भन्ने प्रश्न पनि उत्तिकै टड्कारो छ । त्यसैले कल्याणकारी राज्यको अवधारणाअनुसार अघि बढ्नुपर्छ । जनताको समस्यालाई एक पटक समाधान गर्नु नै उचित हुन्छ होला । कहीँ कतै गुठी जग्गामै घरबास भएकोलाई गुठी जग्गामा व्यवस्थापन गर्न सकिँदैन भने उनीहरूलाई व्यवस्थापन गर्ने जिम्मेवारी राज्यको हो ।

अहिले सर्वोच्च अदालतले मोही पनि कायम हुनबाट रोकिदिएको छ । अब कि रैतानी नम्बरी गर्ने बाटो खुला गरिदिनु पर्‍यो । नत्र गुठी नियमित चलाउनका लागि एउटा मूल्य तोकेर नियमित चलाउने बाटो पनि खोलिदिन सकिन्छ । राज्यले आफ्नो बजेटबाट गुठी सञ्चालन गर्ने नीति पनि अवलम्बन गर्न सक्छ । साथै राज्यले अहिलेको समयसापेक्ष आम्दानी हुने गरी मानिसलाई रोजगारी दिलाएर पनि किसानी नगर्नेहरूबाट जग्गा लिन सक्छ । विकल्प धेरै हुन्छन् । छलफलमा जानु उचित हुन्छ ।



उर्मिला गम्बा थारू

# स्वर्गद्वारीका गुठीपीडितको दुःख सुन्दैन सरकार




दाङका एकादशी चौधरी सुकुमबासी होइनन् । लमही नगरपालिका-३ वनगाउँमा घर छ । पुर्खादेखि खनजोत गर्दै आएको जग्गा छ तर सरकारी विवरणमा उनको पहिचान सुकुमबासीकै रूपमा छ ।

एकादशीले जानाजान आफूलाई सुकुमबासी किन लेखाए त ? यसको जरो त्यही घर/जग्गासँग जोडिएको छ, जुन वर्षौं चर्चैंदा पनि कानुनीरूपमा उनको हुन सकेको छैन । पुर्खादेखि हस्तान्तरण हुँदै आएको जग्गालाई स्वर्गद्वारी गुठी आफ्नो भन्छ । लालपुर्जा पनि उसैको नाममा छ । प्युठानको स्वर्गद्वारी मन्दिर, आश्रम आदि सञ्चालनका निम्ति यो गुठी खडा गरिएको हो ।

सात वर्षअघि एकादशी घरमा बिजुली जोड्ने सिफारिस लिन वडा कार्यालय पुगे । तर वडाले उनकै नामको लालपुर्जा चाहिने भनी फर्काइदियो । उनले नेता गुहारे । यस्तैमा २०७४ को स्थानीय चुनाव आयो । उम्मेदवारहरूले बिजुली जोडिदिने आश्वासन बाँडे । मतदानको दिन नजिकिँदै गर्दा उनको हातमा सुकुमबासी प्रमाणपत्र थमाइदिए । त्यही देखाएर घरमा बिजुली ल्याए । "बिजुली जोड्नुपर्ने बाध्यताले नेताहरूले भनेअनुसार गर्दै जाँदा आज सुकुमबासी बनेँ"- एकादशी भन्छन् ।

सरकारी परिभाषामा सुकुमबासी भनेका व्यक्ति वा परिवारका नाममा कतै घर जग्गा नभई अव्यवस्थितरूपमा बसोबास गर्नेहरू हुन् । विद्युत् वितरण विनियमावलीमा त्यस्ता परिवारलाई सम्बद्ध स्थानीय तहको सिफारिसमा अस्थायीरूपमा विद्युत् दिन सकिने व्यवस्था छ ।

पूर्व-पश्चिम राजमार्गसँगै जोडिएको वनगाउँमा २ सय भन्दा बढी घरधुरी छन् जो गुठीका मोही किसान हुन् । दाङ-देउखुरीमा गरी यस्ता १२ वटा मौजा (गाउँ) छन् जसको स्वामित्व आश्रमका नाममा छ । ती जग्गा कमाउने प्रायः थारू छन् । तर उनीहरू गुठीलाई कुत बुझाउने श्रमिकको हैसियत भन्दा माथि उक्लन सकेका छैनन् । जबकि अरूका जग्गा कमाउने देशका हजारौं भूमिहीन किसान मोहियानी हक लागेर जग्गा धनी बनिसके । भूमिसम्बन्धी ऐन, २०२१ अनुसार अरूको जग्गा कुनै सर्तमा कमाउन पाइ त्यसमा आफ्नो वा परिवारको श्रमले खेती गर्नेहरू मोही किसान हुन् ।

एकादशीका बुबा दुर्बल चौधरीले भूमि सुधार कार्यालय दाङबाट मोही प्रमाणपत्र पाएका थिए । बुबा बितेपछि त्यो मोहियानी हक २०३० जेठ २ गते दाजु जादुराम थारूको नाममा आयो । अहिले दाजु पनि बितिसके । तर दाजुका सन्तान र एकादशीका नाममा हक सरेको छैन । "कुत बुझाइरहेकै छौं तर आश्रमले अझै नामसारी गरिदिएन"- उनको अर्को दुखेसो छ ।

७३ वर्षीय भवानी चौधरीले आफूले कमाएको जग्गाको कुत तिरेको मात्र होइन, आश्रमका लागि जोतजिरायत (विनाज्याला खेतीपाती गरिदिने काम) पनि गरेका थिए । "जिम्दारको खेत जोत्नेदेखि अन्नबाली कटाइ, दाइँ गरेर घरमा थन्क्याइदिनेसम्मका काम गर्नुपर्थ्यो", भवानी भन्छन्- गोरु र हलो पनि आफ्नै लैजानुपर्थ्यो तर आज त्यही जग्गाका लागि हामीलाई रुवाइराखेको छ । उनी त्यहीँ जन्मिए/हुर्किए । त्यही जग्गा भोगचलन गरे तर उमेर ढल्किन लाग्दा पनि वास्तविक जग्गा धनी भने बन्न पाएका छैनन् ।

घोराही-१४ झिँगौराका ७० वर्षीय प्रभु चौधरीले कमाउँदै आएको जग्गा पनि बाजेकै पालादेखिको हो । उनका छोरा मानसिकरूपमा कमजोर छन् । उपचार अभावमै छोरा ४० वर्ष कटिसके । प्रभुले उपचारकै निम्ति त्यही जग्गा देखाएर ऋण लिन नखोजेका होइनन् । तर यहाँ पनि उही समस्या, बिना लालपुर्जा कसैले नपत्याउने । "राम्रो अस्पताल लैजान पाएको भए शायद छोरो ठीक हुन्थ्यो", उनी दुःखेसो पोख्छन्- "म मरेपछि यसको हेरविचार कसले गरिदेला भन्ने चिन्ता छ ।" उक्त जग्गाको मोही प्रमाणपत्र प्रभुका बाबु विष्णुको नाममा छ ।

घोराही-२ रामपुरका शेरबहादुर चौधरी गुठीकै मोही किसानका छोरा हुन् । जग्गा

भाडामा लिएर तरकारी खेती गर्दै आएका उनी लगानी थपेर व्यवसाय विस्तार गर्न चाहन्छन् । लालपुर्जा नहुँदा एक त जग्गा बैङ्कमा राखेर ऋण निकाल्न नपाएको, अर्कातिर कृषि फर्म पनि दर्ता गर्न नसकेको उनको गुनासो छ । भन्छन्- "फर्म दर्ता गर्न जाँदा थाहा पाएँ, जग्गा त सबै भन्दा ठूलो पुँजी रहेछ । फर्म दर्ता गर्न पनि लालपुर्जा चाहिने रहेछ ।" घरेलु तथा साना उद्योग विभागको कार्यविधि दिग्दर्शन २०७२ मा फर्म दर्ता गर्न सम्बद्ध जग्गाको लालपुर्जा चाहिने उल्लेख छ ।

लमही-६ उच्चनिम्बुका किसान विष्णु चौधरीचाहिँ लालपुर्जा नहुँदा बारीमा हाल्ने रासायनिक मलसमेत नपाएको सुनाउँछन् । उनीसँग हजुरबुबाको नामको मोही प्रमाण छ । तर मल वितरण गर्दै आएका संस्थाहरूले त्यसलाई मान्यता दिएनन् । "म यति बिघा मोही खेत जोत्छु भनेर प्रमाणपत्र पनि देखाएँ तर मल पाइएन"- उनी भन्छन् । स्थानीय किसानहरूलाई साना किसान कृषि सहकारी संस्थाले मल उपलब्ध गराउँदै आएको छ । मल दुरुपयोग नहोस् भनेर जग्गाको लालपुर्जा माग्ने गरिएको संस्थाले जनाएको छ ।

विष्णु मोही हक नामसारी गराइपाउन ४ वर्षसम्म भूमि सुधार कार्यालय घोराही पनि धाएका हुन् । भन्छन्- "सँगै गएका अरू हरेस खाएर तारिख धाउन छाडे, हामी निरन्तर गइराख्यौँ तर पनि केही भएन ।"

## किन मिलेन स्वामित्व ?

किसानले जग्गाको स्वामित्व नपाउनुमा विद्यमान कानुनको सीमितता, आश्रमकै अड्को र सर्वोच्च अदालतको फैसला मुख्य कारण देखिएका छन् । सर्वोच्चले २०६२ चैत १४ मा स्वर्गद्वारी आश्रमको जग्गामा भूमाफियाको चलखेल भएको भन्दै यसको खण्डीकरणमा रोक लगाइदिएको छ । फैसलामा जग्गा खण्डीकरण भए आश्रम सञ्चालनमा बाधा पर्नेसमेत उल्लेख छ ।

२०२१ सालको भूमिसम्बन्धी ऐनमा निजी जग्गामा मात्र मोहियानी हक लाग्ने व्यवस्था थियो । तर घरबारी कमाउने, गुठीका जग्गा जोत्ने र गैरनेपाली नागरिकलाई यस्तो हक लाग्दैनथ्यो । त्यतिबेलासम्म आश्रमको जग्गा व्यक्तिकै नाममा रहेकाले किसान पनि व्यक्तिका मोही थिए । उक्त ऐनमा जग्गामा कमाउँदै आएकाहरूको समेत हक रहने सुनिश्चित गरिए पनि बाँडफाँटको प्रावधान भने थिएन ।

स्वर्गद्वारीको जग्गा पनि २०३० मङ्सिर २९ मा व्यक्तिबाट गुठीमा नामसारी गरियो । तर आश्रमको जग्गा २०२१ को ऐनले तोकेको हदबन्दी भन्दा बढी देखिएकाले महन्त नर्मदानन्द गिरीले २०३८ असोज ९ गते तत्कालीन पञ्चायत सरकारलाई बिन्तीपत्र चढाएकामा २०४५ सालमा मन्त्रिपरिषद्ले स्वर्गद्वारीका हकमा हदबन्दी नलाग्ने निर्णय गरेको थियो । गुठी संस्थानमा दर्ता नभएकाले स्वर्गद्वारी निजी गुठीका रूपमा थियो । निजी गुठीलाई नियमन गर्ने छुट्टै कानुन नभएकाले यसमा पनि अन्य निजी जग्गावालाकै जसरी २०२१ को ऐनले तोकेको हदबन्दीकै व्यवस्था आकर्षित हुन्थ्यो ।

भूमि अधिकारकर्मी जगत देउजा यसरी निजी गुठीलाई हदबन्दी छुट दिनु नियमविपरीत रहेको बताउँछन् । "गुठीका महन्थ, पुजारी शक्तिशाली थिए, राजा र मन्त्रीका नजिक थिए । त्यही पहुँचका आधारमा उनीहरूले यस्तो निर्णय गराएका हुन्"- उनी भन्छन् ।

गुठी संस्थान ऐनअनुसार गुठी तीन प्रकारका छन्- राज गुठी, छुट गुठी र निजी गुठी । छुट गुठी राजगुठीअन्तर्गत नै पर्छ । निजी गुठी राजगुठीमा जानेबित्तिकै यसको सबै हक गुठी संस्थानमा जान्छ । यस्तोमा सर्वोच्चले यसलाई विशेष प्रकृतिको निजी गुठी भन्दै संरक्षणमा सघाउन गुठी संस्थान र जिल्ला प्रशासन कार्यालयका नाममा परमादेशसमेत जारी गरेको थियो ।

सोही ऐनको २०४१ मङ्सिर २४ मा भएको पहिलो संशोधनले गुठी तैनाथी (कसैको नाममा नरहेको, सम्पूर्ण अधिकार गुठी संस्थानमा रहेको) र गुठी अधीनस्थ (दर्तावालाले संस्थानलाई जिन्सी बुझाउँदै आएको) जग्गा मोहीले संस्थानमा तोकिएको रकम बुझाएर रैतान नम्बरी गर्न पाउने व्यवस्था गऱ्यो । तर यसले संस्थानमा दर्ता नरहेका निजी गुठीका मोही किसानलाई सम्बोधन गर्दैनथ्यो ।

यसैबीच गुठी संस्थानले २०५६ सालमा स्वर्गद्वारी पनि राज गुठीअन्तर्गत पर्ने भन्दै किसानको हकभोग लाग्ने जग्गा तोकिएको मूल्य लिइ तिनका नाममा रैतान नम्बरी गरिदिन दाङ जिल्ला प्रशासनलाई पत्र लेख्यो । त्यसको आधारका रूपमा संस्थानले आफ्नो लगत किताबबाट आश्रमको जग्गा २००६ सालमा राज गुठीको लगतमा दर्ता भएको देखिएको, त्यसमा तत्कालीन राजा त्रिभुवनले 'बक्सिस' दिएको जग्गासमेत रहेको दाबी गरेको थियो ।

"तर गुठीको पत्र जिल्ला मालपोत र प्रशासनले नै लुकाए, हामीले थाहै पाएनौँ"- स्वर्गद्वारीका किसान प्रभु भन्छन् । यही क्रममा संस्थानले आश्रमको पुरानो संरचनाको व्यवस्थापन समितिलाई राजगुठीअनुसार हेरफेर गराउने र काम/कर्तव्य तोक्ने निर्णय गरेकामा आश्रमका तत्कालीन व्यवस्थापकमध्येका रघुनन्दन गिरीले समेत सहमति जनाएका थिए । सोही आधारमा संस्थानले २०५९ माघ २ गते स्वर्गद्वारी आश्रमलाई राजगुठीमा कायम गर्ने निर्णय गरेको थियो ।

उक्त निर्णयविरुद्ध आश्रमका अन्य व्यवस्थापक भने रिट लिएर अदालत पुगे । सोही मुद्दामा फैसला गर्दै सर्वोच्चले स्वर्गद्वारीलाई विशेष प्रकारको निजी गुठी भनी संरक्षण गर्नुपर्नेमा जोड दिएको हो । यो फैसला २०४७ को संविधानमा टेकेर गरिएको छ । उक्त संविधानको धारा ८८ (२) मा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्न निरुपणका लागि उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद् टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने उल्लेख छ ।

स्वर्गद्वारी गुठीका प्रशासकीय प्रमुख हरि अधिकारी मोही प्रमाणपत्र जारी भइसकेका किसानका हकमा नियमानुसार कुत बुझाइ घरसल्लाह मिलाएर आउनेलाई नामसारी गर्न सकिने तर जग्गा बाँडफाँटको कुरा आफ्नो नियन्त्रणमा नरहेको बताउँछन् । भन्छन्- यो हामीले गर्दा भएको हैन । सर्वोच्चको फैसलामाथि हामी केही गर्न सक्दैनौँ ।

तर किसानहरू आश्रमले मोही हक नामसारी गर्न पनि आनाकानी गरिरहेको बताउँछन् । जबकि उनीहरू ऐनअनुसार नियमपूर्वक कुत बुझाइरहेकै छन् । उनीहरूसँग त्यसको रसिद पनि छ । मोही हक नामसारी गराउन भन्दा आश्रमले सबैजनाको एकैचोटि सारिदिने भन्दै झुलाइरहेको एकादशीका कान्छा छोरा जोखन बताउँछन् ।

एकादशीका अनुसार उनीहरूले बुबा दुर्बलकै पालादेखि गुठीलाई पोत बुझाउँदै

आएका हुन् । बुबाको पालामा पोत बुझाइन्थ्यो, बिघाका हिसाबले । २०२२ सालमा अस्थायी निस्सा पाएपछि त्यसैमा कुर (भाग) को हिसाबले बुझाउने प्रणाली लागु भयो । किसानहरूसँग तिरो तिरेको रसिदचाहिँ २०४५ सालमा ठेक कुत लागु भएयताको मात्र छ । त्यसअघि सामान्य चिर्कटोमा लेखेर दिइने गरेकाले सुरक्षित नरहेको उनीहरू बताउँछन् ।

आश्रमले कूत नतिर्ने किसानको मोही हकसमेत खारेज गरिदिन्थ्यो । मजगाउँका डौँग्लु चौधरी, वनगाउँका भरत चौधरी, चैलाहीका खिदराम चौधरी मोही खोसुवामा परेका किसान हुन् । डौँगलु भन्छन्- “तर हामीलाई निकालिएको पनि १०/१५ वर्षपछि मात्र थाहा पायौं ।”

कति मोही किसान आश्रमको चर्को कुत तिर्न नसकेर बुर्हान (बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) तिर भागेको प्रभु बताउँछन् । उनी भन्छन्- हाम्रो गाउँका धेरै गए, आश्रमलाई तिरो तिर्दा आफू भोकमरीमा पर्नुपर्ने भएपछि उनीहरू गएका हुन् । हामी भने जग्गा पाउने आशमा भोकमरीसँग जुधेर पनि तिरो तिरिरह्यौँ ।

## गुठीमा कसरी ?

किसानहरू आफूले चर्चिएको जग्गा आश्रमको स्वामित्वमा आउनुअघि नै आफ्ना बाबुबाजेले कमाएको दाबी गर्छन् । यद्यपि उनीहरूसँग त्यसको लिखित प्रमाण भने छैन । सर्वोच्चको फैसलामा उल्लेख भएअनुसार स्वर्गद्वारी महाप्रभु हंसानन्द गिरीले १९८३ वैशाख १५ मा देउखुरीका मजगाउँ, वनगाउँ, चैलाही र अर्नवा गाउँको ७ सय ४४ बिघा १२ कट्ठा ५ धुर शिष्य विद्यानन्दका नाममा किनेका थिए । १९९० सालमा झिँगौरा मौजाको ८ आना, नैनावारको १६ आना र देउखुरी उच्चानिम्बुको ११ आना किनिएको थियो । झिँगौराको जग्गा दुर्गाबहादुर थारूबाट किनिएको उल्लेख छ । हंसानन्दले १९९६ सालमा रामपुर, शाहीपुर, नयाँ गाउँ र काँडाकुटी गरी ४ मौजा लिलामी हुँदा मालपोत बुझाइ शिष्यको नाउँमा सारेका थिए ।

सर्वोच्चको फैसलामा वि.सं. २०२५ सालमा प्राप्त ७ नं. फारममा १२ जना शिष्यको नाममा १३ सय बिघा भन्दा बढी जग्गा खरिद गरिएको भनिए पनि २०३० पुस १३ मा शिष्य-प्रशिष्यका नाममा रहेका जग्गा स्वर्गद्वारीका नाममा दाखिल गरिपाउन अनन्तानन्द गिरीले भूमि प्रशासन कार्यालय दाङमा दिएको निवेदनमा उनीसहित विद्यानन्द गिरी, सूर्य गिरी, गणेश गिरी र अनन्तानन्द गिरीको नाम मात्र उल्लेख छ । उनीहरूका नाममा हजार बिघा जग्गा रहेको विवरण त्यसमा खुलाइएको छ । सबै भन्दा बढी ८०५ बिघा १२ कठ्ठा १० धुर अनन्तानन्द गिरीको नाममा देखिन्छ । हाल आश्रमसँग १०५० बिघा जग्गा छ ।

**२०२२ सालमा अस्थायी निस्सा पाएपछि त्यसैमा कुर (भाग) को हिसाबले बुझाउने प्रणाली लागु भयो । किसानहरूसँग तिरो तिरेको रसिदचाहिँ २०४५ सालमा ठेक कुत लागु भएयताको मात्र छ ।**

१९८३ सालका ४ मौजाचाहिँ शुभकुमारी रानीबाट किनिएको उल्लेख छ । तर आफूहरूले उक्त नामकी जग्गा धनीबारे कहिल्यै नसुनेको बाबुबाजेलाई उद्धृत गर्दै किसानहरू बताउँछन् । आफूहरूले गुठी बन्नु भन्दा अघिदेखि नै जग्गा जोत्दै आए पनि प्रमाण नहुँदा लालपुर्जा पनि गुठीकै नाममा जारी भएको उनीहरूको भनाइ छ । “आफैँले फँडानी गरेको जमिन त आफ्नो हुनुपर्ने हो तर खै कसरी हो, अरूको नाममा लगिएछ”- एकादशी भन्छन् ।

दुर्गाबहादुरका सन्ततिका अनुसार १९९० सालअघि सिङ्गो झिँगौरा गाउँ उनैको नाममा थियो । गाउँका जिमदार उनै थिए । आफूहरूसँग यससम्बन्धी पुराना कागजात रहे पनि अहिले धमिराले खाएर अस्पष्ट भएको दुर्गाका नाति लल्टु चौधरी बताउँछन् । दुर्गाबहादुरले १९९० सालमा हंसानन्दलाई जम्मा ८ आना बेचेका हुन् । तर अहिले त्यो गाउँको डेढ सय बिघा भन्दा बढी जग्गा स्वर्गद्वारीकै नाममा छ । “बाँकी जग्गा कसरी स्वर्गद्वारीको भयो, थाहा छैन”- लल्टु भन्छन् । उनीहरू पनि अहिले गुठीकै जग्गाका मोही भएका छन् ।

सर्वोच्चको फैसलामा उल्लिखित विवरणअनुसार आश्रमले उतिबेला एकैपटक बिघा/बिघा जग्गा किनेको बुझिन्छ । तर अहिले त्यहाँको कित्ताकाट हेर्दा त्यस्तो पाइँदैन । एकैचोटि किनिएको भनिएकै ठाउँमा एउटा कित्ता आश्रमको अनि अर्कोचाहिँ लालपुर्जा भएको निजी जग्गा देखिन्छ ।

“मजगाउँ, वनगाउँको जग्गा एकैचोटि र एउटै व्यक्तिबाट किनेको हो भने कसरी एउटै ठाउँको कित्ता एउटा व्यक्तिगत र अर्को आश्रमको हुन सक्छ ?”- किसान भरत चौधरी प्रश्न गर्छन् । शेरबहादुर चौधरी भन्छन्- हाम्रो रामपुरमा पनि यस्तै छ । थारू जति सबैको मोही जग्गा छ, अरू समुदायका सबैको व्यक्तिगत जग्गा । हामीलाई नापी आउँदाखेरि नै ठगेका हुन् भन्ने प्रस्ट देखिन्छ ।

मजगाउँका छविलालका अनुसार उनी बस्दै आएको जग्गाको पुर्जा कुनैबेला उनकै हजुरबुबाको नाममा थियो । “कहिले अरूको भयो, पत्तै भएन”, उनी भन्छन्- “अहिले पनि त्यो कागज त छ तर जग्गा फिर्ता आउँदैन ।” छविलाल पनि गाउँका पट्वारी, ककन्डार जस्ता जान्ने/सुन्नेहरूकै सहयोगमा आश्रमले जग्गा लगेको आरोप लगाउँछन् । भन्छन्- थारूले थारूलाई डुबाए ।

## समाधान के ?

संविधानले सम्पत्तिको हकलाई मौलिक हकका रूपमा व्यवस्था गर्दै प्रत्येक नागरिकलाई सम्पत्ति राख्ने अधिकार हुने उल्लेख गरेको छ । तर स्वर्गद्वारीका किसानका हकमा पुस्तौँदेखि खनजोत गर्दै आएको जग्गा नै उनीहरूको सम्पत्ति बन्न सकेको छैन । यस्तै समस्या देशभरका अन्य गुठीमा पनि छ ।

विद्यमान कानुनले गुठीका मोहीको समस्या सम्बोधन गर्न नसकेपछि सरकारले २०७५ सालमा गुठी विधेयकसमेत ल्याएको थियो । गुठीलाई सङ्घीय संरचनामा लैजाने र लामो समयदेखि जग्गा भोगचलन गर्दै आएका किसानलाई व्यवस्थापन गर्ने ध्येयले ल्याइएको



'गुठीसम्बन्धी कानुनलाई एकीकरण र संशोधन गर्न बनेको विधेयक' राष्ट्रिय सभामा दर्तासमेत गरिएको थियो ।

यो विधेयक संविधानमा व्यवस्था भएअनुसारै ल्याइएको हो । नेपालको संविधानमा गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवं गुठीको अधिकारका सम्बन्धमा सङ्घीय संसद्ले आवश्यक कानुन बनाउने उल्लेख छ । तर विधेयकमा रहेको देशभरका गुठीको दायित्व सरकारले बनाउने प्राधिकरणमा सर्ने, गुठियारको अधिकार समाप्त हुने, सबै गुठी राजगुठी हुने र तिनका जग्गा रैतान नम्बरी गर्न सकिने व्यवस्थाप्रति विभिन्न धार्मिक, सांस्कृतिक सङ्घ/संस्था, गुठियार आदिले चर्को विरोध जनाए । भए जति गुठी सरकारीकरण गरिँदा जात्रा, परम्परा र संस्कृति नासिने उनीहरूको तर्क थियो । विरोध नथामिएपछि सरकारले २०७६ असार ३ गते विधेयक स्थगित गऱ्यो ।

सर्वोच्च अदालतको २०६४ सालकै अर्को एक फैसलाले गुठी तैनाथी जग्गाको रैतान नम्बरी गर्न रोक लगाएकोमा विधेयकले खुला गरेको थियो । गुठी संस्थानका पूर्वअध्यक्ष मीनराज चौधरी यो विधेयकलाई केही सुधार गर्दा मोही किसानको हक सुरक्षित हुन सक्ने बताउँछन् । भन्छन्- "गुठीहरूको वर्गीकरण र मोही किसानले हक पाउने कुरा यो विधेयकको सबल पक्ष हो ।" गुठी संस्थानले नेपालमा निजी गुठी लगभग ५ हजार भन्दा बढी रहेको अनुमान गरे पनि तिनको लगत राखेको छैन । २०३३ को ऐनले निजी गुठीको पनि लगत राख्ने अधिकार भने गुठी संस्थानलाई नै दिएको छ ।

विधेयकमा रहेको सबैखाले गुठीको अधिकार सरकारी प्राधिकरणमा हुने र गुठी तैनाथी जग्गा (सम्पूर्ण अधिकार गुठी संस्थानको भएको) मा बनेका सबै घर रैतान नम्बरीमा परिणत गर्न सकिने प्रावधान सही नरहेको संस्कृतिविद् गोविन्द टण्डन बताउँछन् । "यसरी तैनाथी जग्गा जो कसैको नाममा पनि दर्ता गरिए गुठीको जग्गा सकिन्छ"- उनी भन्छन् ।

भूमि अधिकारकर्मी जगत देउजा विवाद टुङ्ग्याउन मोही र गुठियार दुवैका आवाज सम्बोधन हुने गरी विधेयक संशोधन गर्नुपर्ने बताउँछन् । उनी भन्छन्- विधेयकको दफामा मोही लेख्न छुटेको छ । त्यहाँ लेखिए जसरी जो-कोहीले पनि जग्गा पाउने भए मोही हक काटिनेछ । त्यसैले मोहीले मात्र रैतान गर्न पाउने भनी लेखिनुपर्छ ।

देउजाका अनुसार काठमाडौँका र बाहिरका गुठीको प्रकृति फरक रहेको कुरा नबुझी सबैलाई सोलोडोलो एउटैमा राखेर विधेयक ल्याइँदा विरोध भएको हो । "त्यसैले काठमाडौँभित्र र बाहिर दुवैका समस्या सम्बोधन हुने गरी विधेयक संशोधन गर्नुपर्छ । नत्र स्वर्गद्वारी जस्ता गुठीका मोही किसान अन्यायमा परिरहनेछन्", उनी थप्छन्- हामीले संशोधन गर्नुपर्ने कुराहरू समेटेर सरकारलाई सुझावसमेत दिएका छौं ।

स्वर्गद्वारीका किसान भरत चौधरी विधेयकले मोही किसानलाई जग्गा पाउने बाटो खोल्ने भए पनि हदबन्दीको व्यवस्था चित्तबुझ्दो नरहेको बताउँछन् । "हदबन्दीले गर्दा किसानले पाउनुपर्ने जति जग्गा नपाउने अवस्था देखिन्छ । त्यसैले मोहीका हकमा त्यो पनि संशोधन गर्नुपर्छ कि त यो नियम स्वर्गद्वारी गुठीको हकमा होइन भनेर उल्लेख गर्नुपर्छ"- उनी भन्छन् ।

गुठी विधेयक संसद्मा दर्ता हुँदा भूमि व्यवस्था मन्त्री रहेकी पद्मा अर्याल विधेयक पारित हुन्थ्यो त स्वर्गद्वारी आदि गुठीका मोही किसानको समस्या समाधान भइसक्ने दाबी गर्छिन् । "गुठीका जग्गामा धेरै अनियमितता पनि भएका छन् । यसो भन्दैमा वर्षौंदेखि जग्गा कमाइरहेका मोही किसानको हक खोसिनु हुँदैन", अर्याल थप्छिन्- सबैका सरोकार समेटिने गरी विधेयक संशोधन गरेर कानुन ल्याइनुपर्छ ।

गुठी संस्थानका प्रशासक किरण शाक्य पनि स्वर्गद्वारीका किसानका हकमा संस्थानले केही गर्न नसक्ने भएकाले कानुन नै परिमार्जन गर्नुपर्नेमा जोड दिन्छन् । उनी भन्छन्- गुठी संस्थानले आफूमा दर्ता हुन आएका राजगुठीको मात्र रेखदेख गर्छ । सर्वोच्चले स्वर्गद्वारीलाई विशेष प्रकृतिको निजी गुठी भनेकाले हाम्रो क्षेत्राधिकारमा पर्दैन । त्यसैले नयाँ कानुन नबन्दासम्म यसमा काम गर्न सक्दैनौं ।

जग्गामा हक माग्दै स्वर्गद्वारीका किसान पटक-पटक आन्दोलनमा उत्रिसकेका छन् । उनीहरू कैयौंपटक काठमाडौंमा डेलिगेशन आए, गए । यस वर्षपनि पाँचपटक धाइसके । अहिले यो काम पुस्तामा हस्तान्तरण भएको छ । "पटक-पटक काठमाडौँ आइयो तर उपलब्धि केही हुँदैन"- प्रभु भन्छन् । उनकै नेतृत्वमा गत पुस २३ मा मोहीहरूले भूमि व्यवस्था मन्त्रीसहित विभिन्न दलका नेतालाई समस्या सुनाए । फागुन ८ देखि चैत ८ सम्म जिल्ला प्रशासन कार्यालयअघि धर्नासमेत बसे । आन्दोलनरत किसान शेरबहादुर चौधरी भन्छन्- माग पूरा नभएसम्म आन्दोलन गरिरहनेछौं ।



प्रवीण दहित

# स्वर्गद्वारी गुठी : मोही किसानको सङ्घर्ष



एक्काइसौँ शताब्दीमा पनि कोही कसैको मोही अर्थात कमैया हुनु भनेको सुहाउँदो विषय होइन । एउटा किसान जो खेती किसानी गर्छ, उसको सात पुस्तामा आफ्नो स्वामित्वमा कहीँ कतै जमिन छैन । के यो देशको संविधान र कानुनको मर्मअनुसार छ ? यो कस्तो न्याय हो ?

एउटा मन्दिर, जसलाई केही धुर जमिन भए पुग्छ, त्यो मन्दिरको नाममा हजारौँ बिघा जमिन किन जरुरी हुन्छ ? न ती सबै जमिनमा मन्दिर बन्ने हो न त त्यो मन्दिरले खनजोत गरेर अन्न उत्पादन गर्ने हो ! तर मन्दिरको नाममा हजारौँ बिघा जमिन छ । यो कति सुहाउँदो विषय हो ? यो पीडा र व्यथा हो, स्वर्गद्वारी मन्दिर र उसको नाममा रहेको गुठी जग्गा र किसानको ।

जमिनको वास्तविक मालिक किसान हुन् । उनीहरूले उजाड, बन्जाड जमिनलाई ऊर्वर बनाए । माटोसँग खेलेर अन्न उत्पादन गरे । तर तिनै किसानलाई जमिनको मोही भनियो । किसान बस्ने झुपडी रहेको जमिनसमेत मन्दिरको नाममा दर्ता गराएर किसानलाई दुःख दिइयो । तर किसानलाई मन्दिरको मोही नामक लिखित कमैया/बँधुवा मजदुर बनाइयो ।

**२०२२ सालमा अस्थायी निस्सा पाएपछि त्यसैमा कुर (भाग) को हिसाबले बुझाउने प्रणाली लागु भयो । किसानहरूसँग तिरो तिरेको रसिदचाहिँ २०४५ सालमा ठेक कुत लागु भएयताको मात्र छ ।**

आजसम्म पनि हामी किसानको रगत-पसिनाको उब्जनीको कुत लिएर मन्दिर सञ्चालन गरिँदैछ । मोही किसानले एक बिघा खेत जोतेबापत अहिले पनि ५ क्विन्टल धान र एक बिघा बारी जोतेबापत साढे ३ क्विन्टल तोरी बुझाउनुपर्छ । स्वर्गद्वारी आश्रमको जमिन जोत्ने दाङमा मात्रै ३ हजार ५ परिवार रहेका १२ मौजा (गाउँ) छन् । उब्जनी होस् या नहोस्, किसान नियमित कुत भने तिर्न बाध्य छन् ।

किसानसँग मोही पुर्जा छ तर मोहीको हक दिन नमिल्ने गरी सर्वोच्च अदालतले फैसला गरिदिएको छ । सोही कारण मोही हक पाउनबाट समेत वञ्चित छौँ । नेपाल सरकार, सर्वोच्च अदालत, स्वर्गद्वारी आश्रमले मोही किसानलाई मोहीको पुर्जा दिने तर मोहीको हक नदिएर राज्यबाट पाउने सम्पूर्ण अधिकारबाट वञ्चित गर्ने जुन काम अदालतले गरेको छ, यो सोझै मानव अधिकारविरुद्ध छ ।

जुन किसानलाई राज्यले संरक्षण गर्दै अनुदान दिएर कृषि उत्पादन बढाउनुपर्ने हो, ती हजारौँ बिघा जमिन जोत्ने किसानले घरमा विद्युत्, पानी त छैन भने मल, कृषि औजारमा अनुदान सहुलियत ऋण पाउनु त धेरै परको कुरा भयो । मोही किसान आफ्नै राज्यमा दोस्रो दर्जाको नागरिक भएर बाँच्नुपरेको छ । हामी नागरिकको मौलिक हक हनन भएको छ । आफ्नै पुर्खाले उब्जाउयुक्त बनाएको जमिनको हक लिनका लागि वर्षौंको सङ्घर्ष गरिरहनुपरेको छ ।

सर्वोच्च अदालतको आदेशका कारण मोही पुर्जाको हकसमेत खोसियो । किसान हौँ तर कृषि फर्म दर्ता गर्न पाएका छैनौँ । बिजुली बत्ति बाल्न धरौटी राख्न पुर्जा छैन । धारा राख्न पुर्जा माग्छ । त्यो पनि छैन । यसरी एउटा मन्दिरका कारण हामी किसान अन्यायमा छौँ ।

पटक पटक सरकारसँग भेट्यौँ, मोही किसानको हक स्थापित गरिदिन रोइकराइ

गर्‍यौँ । तर हाम्रो आग्रहले नतिजा दिन सकेको छैन । लामो पर्खाइपछि पनि अधिकार पाउन सकेनौँ । त्यसैले अब कडै दबाब दिनेखालको आन्दोलन गर्नुपर्छ भन्ने छलफल र महसुस भएपछि अहिले निरन्तर आन्दोलनमा छौँ । सङ्गठित आन्दोलनका लागि २०७९ फागुनमा सङ्घर्ष समिति पनि गठन गरेका छौँ ।

आन्दोलनमा किसानको सहभागिता महत्वपूर्ण हुने महसुस गरी २०८० वैशाखदेखि किसानसँग छलफल एवं अन्तर्क्रिया कार्यक्रमहरू (१२ वटै मौजा (गाउँ) हरू, भिगौरा, ढोरेनी, पढ्डा, नैनवार, रामपुर, पलासे, उचानिम्बु, अर्नहवा, चैलाही, सुर्केडाँगी, शाहीपुर र वनगाउँमा) आयोजना गर्‍यौँ । मोही किसानको घर-बस्तीमा पुगी गरिएको छलफल एवं अभिमुखीकरणले अधिकार लिनका लागि सङ्घर्ष गर्नुपर्छ भन्ने चेतना बढ्दै गएको छ ।

छलफलपछि किसानसँग आन्दोलन कोष सङ्कलन गरियो । २०८० जेठमा आफ्नो समस्या बोकेर काठमाडौँ गयौँ । त्यतिबेला प्रधानमन्त्री पुष्पकमल दाहाल, पूर्वप्रधानमन्त्री केपी ओली, एमाले महासचिव शङ्कर पोखरेल, कङ्ग्रेस महामन्त्री गगन थापा, रास्वपा सभापति रवि लामिछानेलगायतसँग भेटी गुठीपीडित किसानको पीडा सुनायौँ । उहाँहरूसँग गरिएको छलफलपछि उदासीन धारणा पायौँ । समस्या सामधान तत्काल नहोला जस्तो महसुस भयो । काठमाडौँबाट फर्केर फेरि सबै मौजामा किसान भेला गरी थप आन्दोलन गर्नुपर्ने छलफल गर्‍यौँ ।

सङ्गठित आन्दोलन अघि बढाउन १२ वटै मौजामा सङ्घर्ष उपसमितिहरू गठन गर्‍यौँ । त्यसपछि गाउँबस्तीमा गुठी अधिकार प्राप्तिका आन्दोलनबारे छलफलहरू गरियो । यसबीचमा पटक पटक सङ्घीय तहमा जाने, छलफल गर्ने र फलोअपहरू पनि गरियो । त्यसपछि जिल्ला प्रशासन कार्यालयमा पनि ज्ञापनपत्र पेस गरियो । सर्वदलीय बैठक आह्वान गर्न लगाइ सर्वपक्षीय छलफलहरू पनि गरियो । साथै, नगरपालिका र प्रदेश सरकारसमक्ष पनि ज्ञापनपत्र पेस गरी समस्या समाधान गर्न माग गर्‍यौँ । दाङ जिल्लाका सबै राजनीतिक दललाई भेटी समस्या




समाधानका लागि सहजीकरण गरिदिन पनि अनुरोध गर्‍यौँ ।

त्यति गर्दा पनि समस्या समाधान नभएपछि २०८० फागुन ८ गतेदेखि सडक आन्दोलन आह्वान गर्‍यौँ । आन्दोलन गर्नुपूर्व गाउँगाउँमा छलफल गरेका थियौँ । मसिनो तयारी गरेका थियौँ । उपसमिति र मूल समितिले आन्दोलनमा सहभागी हुने र कोष उठाउने अभियान गर्‍यौँ । प्रत्येक मोही किसानले १ कठ्ठा जग्गा बराबर ३५० रुपियाँ आन्दोलन कोषमा जम्मा गरिदिए ।

आन्दोलनको क्रममा खानाका लागि प्रत्येक घरबाट ५ केजीका दरले चामल, नून, तेल, बेसार, आलु गुन्द्रुक सङ्कलन भयो । १० वटा आन्दोलन सञ्चालन उपसमिति गठन भयो । जस्तै- यातायात, भान्सा, स्वयंसेवक, र्‍याली व्यवस्थापन, जनपरिचालन, सञ्चार समन्वय, बास व्यवस्थापन, मञ्च व्यवस्थापन ।

२०८० फागुन ८ गते पहिलो दिन ४ हजार भन्दा बढी मोही किसान र्‍यालीमा उपस्थित भएका थिए । त्यसपछि २४ सै घण्टा धर्ना बसियो । धर्नासँगै फरक फरक तरिकाबाट आन्दोलन गर्‍यौँ । कहिले खालीखुट्टा र्‍याली गर्ने, कहिले मौन जुलुस गर्ने । कहिले १ घण्टा बाटो बन्द हुने गरी राजमार्गमा सुत्ने, कहिले थाल बजाउने गरियो । कहिले सिट्टी फुक्ने त कहिले आँखामा कालो पट्टी बाध्ने गरी आन्दोलन फरक फरक स्वरूपमा गरियो । किसानहरूले आफैँ गोरुभैँ नारिएर सडक जोत्दै बजार परिक्रमा पनि गर्‍यौँ ।

आन्दोलन ३१ दिनसम्म निरन्तर चल्यो । १७औँ दिन पुग्दा सरकारले वार्ता टोली गठन गर्‍यो तर पहिलो वार्ता २१औँ दिनमा भयो । जुन सूचना तथा सञ्चार मन्त्रीको उपस्थितिमा भयो । त्यो वार्ता सफल हुन सकेन । फेरि चैत ८ गते काठमाडौँमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीको उपस्थितिमा भयो । अविलम्ब गुठी विधेयक अघि बढाउने सहमतिपछि चैत ९ गतेदेखि आन्दोलन स्थगित गरियो ।

आफ्नो जमिनको हक माग्दा पनि आन्दोलनमा उत्रनुपर्ने बाध्यात्मक अवस्था छ । विगतमा किसानहरूले विभिन्न समयमा मुद्दा, मामिला र जेलनेलसमेत खेप्नुपर्‍यो । किसानहरू २०४७ सालदेखि विभिन्न हिसावले आन्दोलित छन् । पछि भूमि अधिकार मञ्चको आन्दोलनसँगको सहकार्यमा स्वर्गद्वारी आश्रममा ११ महिना तालाबन्दी गरियो र १९ दिन भूमि सुधार कार्यालयमा पनि तालाबन्दी गरियो । २०६३ मा काठमाडौँकेन्द्रित धर्ना हुँदा स्वर्गद्वारी गुठीपीडित किसानले पनि सक्रिय सहभागिता जनाएका थिए ।


कुमार थापा


ल्यामबहादुर दर्जी

# मौलिक शैली, अधिकारवालाकै नेतृत्व




जहाँ अन्याय र अत्याचारले सीमा नाघ्छ त्यहाँ सङ्घर्ष सुरु हुन्छ। आन्दोलन बुलन्द पारिन्छ। आन्दोलनको ज्वाला दन्किन्छ। कतिपय आन्दोलनमा सीमित स्वार्थका लागि सीमान्तकृत भुइँमान्छेहरू प्रयोग गरिन्छ। तर कतिपय आन्दोलन आफ्नो अधिकारका लागि आफैँ जाग्छन्। र, अर्गानिक आन्दोलनका रूपमा स्थापित हुन्छ। जहाँ आर्थिक, सांस्कृतिक, सामाजिक न्यायका लागि सङ्गठीत हुन्छन्। र, आन्दोलनको विगुल फुक्छन्। त्यस्तै अर्गानिक आन्दोलनको एउटा उदाहरण हो- स्वर्गद्वारी गुठीपीडित किसानहरूले गरेको अहिंसात्मक आन्दोलन।

गुठीपीडित १२ मौजा (झिगौरा, ढोरेनी, पढ्डा, नैनवार, रामपुर, पलासे, उचानिम्बु, अर्नहवा, चैलाही, सुर्केडाँगी, शाहीपुर र वनगाउँ) का ७ सय किसानले जिल्ला प्रशासन कार्यालय, घोराहीमा २०८० फागुन ८ देखि ३१ गतेसम्म भूमि अधिकार प्राप्तिका लागि धर्ना दिए। त्यो फगत देखावटी धर्ना थिएन। दाङका भूमिपुत्रहरूको लामो तयारीपछि थारू किसानहरूले गरेको अर्गानिक आन्दोलन थियो। आन्दोलनको क्रममा सरकारले वार्ता टोली बनायो। आन्दोलन गर्दागर्दै सरकार परिवर्तन भयो। तर पनि गुठीपीडित किसानहरूले आन्दोलनको स्वरूप परिवर्तन गरेर सङ्घर्ष जारी राखेका छन्।

समस्या लिएर गएका गुठीपीडित किसानहरू समाधान लिएर कहिल्यै फर्कन पाएनन्। आशा निराशामा गएर टुङ्गिरह्यो, हरेक पटक। दुःख देखाएर के फाइदा भन्ने पनि लाग्यो। लुकाउँ कहिलेसम्म लुकाउने ? आफ्नै प्रश्नमा घेरिएका गुठीपीडित किसानहरूले आआफ्नो मौजामा छलफल गर्न थाले। मौजाका सबै किसानले गाउँदेखि केन्द्रसम्मको आन्दोलन गर्नुबाहेक अरू विकल्प देखेनन। अन्ततः गाउँदेखि केन्द्रसम्म आन्दोलन सुरु गरे।

थारूले नै हो तराईलाई हराभरा बनाएका। बस्ने ठाउँ बनाएका। जङ्गल फाँडेर बस्न र खेती गर्न योग्य भूमि बनाएका। प्रत्येक गह्रामा थारूहरूको पसिना मिसिएको छ। इतिहास नियाल्दा पनि ती जमिन थारूहरूकै पुर्खाले बनाएका देखिन्छ। ती जमिनका माटो त्यसै मलिलो भएको हैन। पुर्खाको जीवन त्यही माटोमा बित्यो। यही कारण जल, जमिन र जङ्गलसँग थारूहरूको गहिरो सम्बन्ध छ तर पनि उनीहरू त्यही माटोको अधिकारका लागि सङ्घर्षरत छन्।

गाँस, बास र कपासको सपना बोकेर बुह्रान (थलो) छाड्न कस्सिएका थारूहरूलाई अब जमिन बाँझो हुने भयो भनेर त्यहीँ राखे। जमिनलाई हराभरा बनाउन लगाए। तर आफ्नै माटोसँग कहिल्यै खेल्न पाएनन्। रमाउन पाएनन्। बिउ छर्न र उमार्नलायक जमिन बनाए। तर त्यो जमिन आफ्नो स्वामित्वमा भएन। तर पनि आफैँले खेतीयोग्य जमिन छाडेर बुह्रान जान सकेनन्। जहाँ गए पनि गाँसको जुगाड गर्नै पर्थ्यो। त्यसैले बाजेका सपनाहरू बाले र बाका सपनाहरू छोराले सम्हालेर त्यही गुठी जमिन स्याहार गरे। र, अहिले पनि भन्नुपरेको छ- गुठी जमिन हाम्रो हो ! त्यसको पूरा अधिकार हामीलाई दिनुपर्छ।

दाङमा मलेरिया, औलो, सर्प र बिच्छीसँग जुध्दै अव्यवस्थित जग्गालाई थारूहरूले ऊर्वर बनाए। मानव बस्न योग्य बनाए। तर थारूहरूको नाममा हुनुपर्ने जमिन विभिन्न जमिनदारको नाममा नापियो र भूमि सुधार लागु भएपछि थारूहरू आफ्नै जमिनको मोही हुन पुगे। हदबन्दी लागेपछि जमिनदारहरूले त्यो जमिन किसानलाई नदिएर २०३० सालमा स्वर्गद्वारी आश्रमको नाममा दर्ता गरिदिए। किसानलाई स्वर्गद्वारी आश्रमको रैती बनाइयो। यस्तै प्रकारका शोषणका कारण गुठीपीडित किसानहरूले खेतीपाती छाडेर आन्दोलन जारी राखे। मोहियानी हकका लागि विभिन्न चरणमा आन्दोलन भए। सरकारसँग पटक-पटक सम्झौता भयो। तर त्यसको कार्यान्वयन भएन। त्यसैले किसानहरूले यस पटकको आन्दोलन निर्णायक भनेका छन्।

सर्वोच्च अदालतले २०६२ चैत १४ गते

स्वर्गद्वारी विशेष प्रकारको निजी गुठी भएकाले आश्रमको जग्गा खण्डीकरण नगर्नू/नगराउनू भन्ने परमादेश जारी गरेका कारण किसानहरू मोही हकबाट समेत वञ्चित हुन पुगे । दाङमा स्वर्गद्वारी आश्रमअन्तर्गत १०५० विघा जग्गामध्ये ७ सय ५३ विघामा मोही कायम छ भने ३ हजार ५ घरधुरीका १५ हजार किसानले आश्रमको जग्गा जोतभोग गर्दै आएका छन् ।

गुठीपीडित किसानहरूले गरेको यो पीडाको आन्दोलन हो । न्यायको आन्दोलन हो । जमिनको स्वामित्व प्राप्तिको आन्दोलन हो । स्वतन्त्रताको आन्दोलन हो । सुरक्षित जीविकाको आन्दोलन हो । स्वःस्फूर्तरूपमा गरिएको माटोलाई माया गर्नेहरूको आन्दोलन हो । जहाँ युवा, ज्येष्ठ नागरिक, महिलाहरू अठोटका साथ शान्तिपूर्ण आन्दोलनमा उत्रिए । उनीहरूले राज्यसँग अन्यत्र जमिन देऊ भनेनन् ।

पटक-पटक ठगिएका गुठीपीडित किसानहरूका जिजुबाजेले त्यही माटोमा रगत-पसिना बगाए । यो माटोलाई छाडेर कतै जान सकेनन् । औलोसँग लडे । मलेरिया र लुसँग जुधे । विफर र कालाज्वरसँग सङ्घर्ष गरे । विषालु र हिंस्रक जनावरको सिकार भए । सामन्तहरूबाट हेपिए । जे/जस्तो दुःखले सताए पनि आत्तिएनन् । जसरी तड्पाए पनि माटोको माया गरिरहे । थाकेर पहाड उक्लिएनन् । हिमाल चढ्ने सपना देखेनन् । सपना देखे त केवल माना, नाना र छानाको । पुर्खाको पसिनाले मलिलो भएको यही धर्ती थियो । गुठीपीडित किसानहरूको आफ्नोपन थियो यही माटोमा । यही माटोको भोगचलनका आधारमा तिनै भूमिपुत्र किसानहरूलाई जमिनको स्वामित्व दिँदा मात्र उनीहरूलाई न्याय हुनेछ ।

## पुर्खाले मलिलो बनाएको माटोको अधिकार खोजेका हौँ

२०३५ सालदेखि हामी पीडामा छौँ । अधिकार लिन लड्दा लड्दै ७४ वर्षको भएँ । हाम्रो पीडा भनेको हामीलाई राज्यले पशुसरह व्यवहार गऱ्यो भन्ने हो । जग्गा हुँदाहुँदै पनि हामी भूमिहीन भयौँ । हाम्रा छोराछोरी र नाती नातिनी पनि भूमिहीन हुने भए । यति लामो समय जमिन जोत्यौँ । तर हामीलाई लालपुर्जा



दिइएन । दुःख उस्तै छ । बटैया गरेर खानु छ । बाँकी ६ महिना मजदुरी गरेर खान्छौँ ।

बुबाको नाममा मोही छ । नामसारी भएको छैन । नातिको नाममा नामसारी गर्ने बेला भैसक्यो । ३ पुस्तापछि मोही लाग्दैन भनेर कानुन पनि बनाउन सक्छन्, ठूलाबडा, शोषक र सामन्तहरूले । गाउँमा पनि उनीहरूकै हैकम चल्छ । उनीहरूकै जग्गा प्रशस्त छन् । सरकारका मान्छेसम्म उनीहरूकै पहुँच छ । हामीलाई उनीहरूले त्यति सजिलै निकास दिन्नन् । बरू फाँसी देलान् तर जग्गा नदिने भए ।

हामीसँग लालपुर्जा नहुँदा राज्यबाट पाउनुपर्ने हरेक सुविधाबाट वञ्चित छौँ । बिजुली बत्ति राख्नका लागि पनि लालपुर्जा माग्छन् । लालपुर्जा छैन । कसरी लाइन जोड्ने ? खानेपानी र मलखाद दिनसमेत नागरिकता खोजिन्छ । लालपुर्जा छैन । अनि हामीले आन्दोलन नगरेर के गर्ने ? जमिन जोतिरहेका छौँ । खनिरहेका छौँ । उब्जनी गरिरहेका छौँ तर अधिकार छैन । हामी बँधुवा मजदुर जस्तै भयौँ ।

जग्गा त हामीसँगै छ । हाम्रै पुर्खाले मलिलो बनाएको माटोको पूर्ण अधिकार खोजेका हौँ । हामीले समस्या समाधान गर्न चाहेका हौँ । राज्यलाई दिनुपर्ने कर हामी तिर्छौँ भनेका हौँ । खनेको माटो आफ्नो बनाउने कानुनी आधार खोजेका हौँ । राज्य हामीले जोतेको माटोको अधिकार दिन पनि डराउँछ । त्यही भएर आन्दोलन गर्नुपरेको हो ।

गरिबको आवाज कसले सुन्छ ? न्याय पाइन्छ भन्ने विश्वास पनि हराउँदै गए । सरकारले के गऱ्यो र ? उही नेताहरूले चुनावताका वाचा गरे । समस्या समाधान हुन्छ भने । समाधान भएको भए किन हामीले आन्दोलन गर्नुपर्थ्यो ? अहिले सरकारमा पनि तिनै त छन् । अनि न्याय कसरी मिल्छ ? हाम्रै पुर्खाले बस्न लायक बनाएको जग्गाको स्वामित्व लिन फलामको चिउरा चपाउनु जस्तै भयो । अब, अरू के आस गर्नु ?

हाम्रो चाहना विभिन्न बहानामा मोही निष्काशन गरिएको तर कुत बाली बुझाइआएका किसानलाई मोही पुनर्बहाली गरी सोहीसरह जमिन दिनुपर्छ भन्ने हो । गुठीका नाममा देखिएका किसानले जोतभोग गर्दै आएका तर मोही नलागेका जमिन किसानकै नाममा दर्ता गरिनुपर्छ भन्ने हो । मोहीका नाममा जग्गा दर्ता गर्दा प्राप्त हुने राजस्वको स्थायी कोष बनाएर प्राप्त आम्दानीले स्वर्गद्वारी आश्रम व्यवस्थापन गर्न सकिन्छ भन्ने लाग्छ । साथै स्वर्गद्वारी गुठीको संरक्षण गर्ने जिम्मेवारी हामी नागरिकको पनि हो । हामी सकेको गरौँला पनि ।

– **प्रभु चौधरी**, मोही किसान, दाङ

## तयारीका साथ आन्दोलन गरेका छौँ

हामीले धेरै दुःख भोगेर नै यो आन्दोलन गरेका हौँ । आफ्ना बालबालिका र खेती छाडेर कोही आन्दोलनमा आउँदैन । ४ पुस्ता बितिसक्यो । आफ्नो नाममा जमिन छैन । हाम्रा पुर्खाले जोतभोग गरेको जग्गा गुठीको नाममा हुने । खेतीपाती हामी गर्ने । जोतभोग थारू जातिले गर्ने । हामीलाई साह्रै अन्याय भयो । के हामी यसरी नै मर्नुपर्ने हो ? कि हामी नेपाली जनता र नेपाली नागरिक हैनौँ ?

उपचार गर्नुपर्दा पैसा हुन्न । बच्चालाई पढाउन पैसा हुन्न । सानातिना व्यापार/व्यवसाय गर्न पैसा हुन्न । उब्जाएको अन्नले खान पुग्दैन । कहाँबाट बेच्ने ? जे काम गर्दा पनि पुर्जा चाहिन्छ । ऋण लिँदा धितोका लागि सहकारी र बैङ्कहरूले पुर्जा माग्छन् । हामीसँग पुर्जा छैन । त्यसैले अति भएर हामी यो वर्ष आफूलाई खाने अन्न जोहो गरेर आन्दोलनमा लागेका छौँ । वर्ष किन नबितोस्, हामी आन्दोलन छाड्दैनौँ ।

आन्दोलनका लागि १२ मौजाका प्रत्येक घरले अन्न सङ्कलन गरेका छौँ । दाउरा, दाल, चामल, तरकारीसमेतको जोहो गरेर

आन्दोलनमा आएका छौँ । यदि हाम्रो माग सुनुवाइ भएन भने हामी जिल्लामा मात्र सीमित हुन्नौँ । प्रदेश र केन्द्रमा पनि आन्दोलन गर्छौं । बरू हामी मर्न किन नपरोस् । शान्तिपूर्ण आन्दोलनमा छौँ । यसरी आन्दोलन गर्दा पनि सरकारले सुन्दैन भने हामी कडारूपमा सशक्त आन्दोलन गर्न तयार छौँ ।

– **सावित्री चौधरी**, गुठीपीडित किसान, दाङ

## जमिन नहुँदा अवसरबाट वञ्चित भयौँ



हामीले खेती गर्दै आएको जग्गा हाम्रै हो भन्ने लागेको थियो तर बुझ्दै जाँदा यो जग्गा स्वर्गद्वारी आश्रमको रहेछ । हामी भूमिहीन रहेछौँ । हामीले जोतेको जमिनमा सरकारले मोहियानी हकको एउटा कागज दिएको छ । त्यसैको आधारमा मात्र हामीले जमिन जोतेका छौँ । र, सोही आधारमा अधिकार दावी गरेका छौँ ।

यो जमिन स्वर्गद्वारी गुठीको हो भन्ने थाहा भएपछि हामी त नागरिक नै होइनौँ जस्तो लाग्यो । आफैँलाई फरक सोचेँ । भोलि उठेर हिँड्नुपर्ने हो कि भन्ने चिन्ता बढ्यो । केही गर्न खोजे पनि अव सम्भव छैन भनेर निरास भएँ । कृषि फर्म खोल्न, बङ्गुर पाल्न भनेर घरेलु उद्योगमा गएँ तर जमिनको पुर्जा चाहिने रहेछ । जग्गा नहुँदा एउटा कृषि फर्मसम्म दर्ता गर्न सकिएन । केही व्यापार गर्नका लागि जग्गा धितो राख्दा पुर्जावाला जग्गा खोज्छ । हामीसँग भएको मोही पुर्जाले ऋण पाइँदैन । जग्गा गुठीको स्वामित्वमा भएका कारण धेरै समस्यामा छौँ ।

पुस्तैनी गुठी जमिन कमाउँदाको पीडा अन्त्य गर्न चाहन्छु । मलाई न्याय र अन्याय थाहा नपाउँदासम्म कुनै मतलव थिएन । जब व्यवहार बढ्दै गयो । सबै कुरा जमिनसँग जोडियो । जमिन नहुँदा हामी हरेक कुराबाट वञ्चित भयौँ । यसरी अन्याय, अत्याचार र शोषण हो भन्ने बुझ्दा बुझ्दै कसरी चूप बस्नु ? कति सहनु ? त्यही भएर परिवारमा र मौजाका किसानबीच छलफल गरेर आन्दोलनरत छु । हाम्रो माग ठूलो छैन । हामीलाई मालिक बन्नु पनि छैन । हामीले थारू किसानको पहिचान खोजेको हो । त्यो पहिचान भनेको हामीले खनेको माटो हो । हामीलाई त्यो माटोको अधिकार दिए पुग्छ ।

– **शेरबहादुर चौधरी**, मोही किसान, दाङ

## हलो बिसाउने जमिन नहुँदा दुःख लाग्छ



थारूहरू जल, जमिन र जङ्गल मन पराउँछौँ । हर, जुवा, कोदरा, खोङ्घ्या, ढऱ्या, हेल्का, खौकी, पङ्की र जालसँग हामी थारूहरूको घनिष्ट सम्बन्ध छ । तर हलो बिसाउने ठाउँसम्म आफ्नो छैन । हामी अन्न फलाउन मेहनत गर्छौं । मेहनतअनुसारका अन्नका बोटहरू देखेर खुसी हुन्छौँ । तर जब जमिनको कुरा आउँछ, दुःखी हुन्छौँ । त्यतिबेला आफैँले मलिलो बनाएको माटो आफ्नो नहुँदा पीडा हुन्छ ।

हामीले ठूला सपना बोकेका छैनौँ । फुर्सदिला भएर आन्दोलन गरेका पनि हैनौँ । सबै भन्दा ठूलो गाँस हो । हामीले खेती गर्दै आएको जमिनको अधिकार छैन । राज्यप्रति पनि कुनै भरोसा छैन । कुनै दिन जमिन छोड्नुपर्दा हामी के खाने र कहाँ जाने ? हामी, स्वर्गद्वारी, सामन्त र सरकारबाट समेत चेपुवामा पर्न थालेका छौँ । त्यसैले आफ्नै अधिकारका लागि आफैँ लड्दै छौँ ।

पीडा कति दबाएर बस्नु । आफ्नो अधिकारका लागि आफैँ लड्नुपर्छ भनेर हामी धर्ना कसेका छौँ । धेरै दिदीबहिनी बच्चा बोकेर धर्नामा आउनुभयो । त्यो हाम्रो रहर हैन । बाध्यता हो । जमिन नहुँदाको दुःखले हामी त्रिपालमुनि घाम/पानी नभनी बसेका छौँ । दिन बितोस्, रात कटोस् तर हामी माग पूरा नभएसम्म फर्किनेवाला छैनौँ ।

– **आशाकुमारी चौधरी**, मोही किसान, दाङ

## सिक्न लायक आन्दोलन

जीवनको चुरो पक्ष सिकाइ हो । सिकाइविनाको जीवन अपुरो हुन्छ । सिकाइ व्यवहार समायोजनको गतिशील प्रक्रिया हो । ज्ञान, आदत र प्रवृत्तिहरूको प्राप्ति हो । चाहे त्यो व्यक्तिसँग होस् या कामसँग । समाजसँग होस् र संस्कारसँग । आन्दोलनसँग होस् या दैनिक गतिविधिसँग । सिकाइले नै हरेक यात्रालाई गन्तव्यमा पुऱ्याउँछ । त्यस्तै सिकाइ दाङका स्वर्गद्वारी गुठीपीडित किसानहरूले गरेका आन्दोलनबाट सिक्न सकिन्छ ।

गुठीपीडित किसानको सङ्घर्ष र विगतमा गरेका आन्दोलनको सिकाइबाट उनीहरूले निर्णायक आन्दोलनको योजना बुनेका थिए । जसले गर्दा यो आन्दोलन सीमित अगुवा कृषकको मात्र बनेन । ३ हजार ५ घरधुरीका गुठीबाट प्रभावित १६ हजार सदस्यहरूको आन्दोलन बन्यो । आज गुठी जग्गा कमाउने प्रत्येक परिवारलाई थाहा छ । उनीहरूले दुःख बुझे, सङ्घर्ष बुझे र आज जमिनका लागि सामूहिक आन्दोलनमा छन् ।

## आन्दोलनको पूर्वतयारी

प्रवीण दहित, शेरबहादुर चौधरी, लालबहादुर चौधरी, बालकृष्ण चौधरीलगायतका युवाहरूको बाल्यकाल कष्टकरले बित्यो । जब बुझ्ने भए, आफु बसेको घर, आफूले टेकेको माटो, आफूले छेरेको बिउ, आफूले लगाएको खेतीपाती सबै स्वर्गद्वारी आश्रमको रहेको थाहा पाए । जब जमिनबारे परिवारमा छलफल भयो । कुत तिर्ने बेलामा कुरा उठ्न थाल्यो । विगतमा आफ्ना अग्रजहरूले गरेका आन्दोलनको नालीबेली सुने । आफूले भोगेका पीडा, पुस्ताले जमिनका लागि गरेको सङ्घर्ष र माटोसँग साइनो गाँसेका थारू युवाहरूले छलफल, संवाद र बहस गर्नु पहिला अभिभावकका कुरा सुने । त्यसैले यो

आन्दोलन परिवारको आन्दोलन, बा-आमाको मात्र आन्दोलन भएन । यो आन्दोलन किशोर, किशोरी र युवाहरूको भयो । र, आन्दोलनमा युवाहरूको भूमिका महत्वपूर्ण रह्यो ।

परिवारमा जमिनको विषयमा भएको पहिलो संवाद महत्वपूर्ण छ । आफूहरूले भोगेका दुःख र समस्याका कारण सिङ्गो परिवार नै समस्यामा हुन्छ । जसले गर्दा पुस्तालाई समेत असर पर्छ । दाङमा किसानहरूले पहिला आफ्नो परिवारमा गरेको छलफलले आन्दोलनको योजना गर्न र जिम्मेवारी बाँड्न सहयोग पुग्यो । त्यसैले महिनौं गरिएको आन्दोलनमा प्रत्येक सदस्य आलो-पालो गरी सहभागी भए ।

गुठीपीडित अगुवा किसानहरूले छलफललाई घरमा मात्र सीमित राखेनन् । आ-आफ्नो १२ वटा मौजामा छलफल गरे । पहिला मौजा-मौजाको योजना बन्यो । समिति बन्यो । ती समितिलाई योजनाअनुसारको जिम्मेवारी दिइयो । प्रशिक्षण गरी परिचालन गरियो । थारू किसानहरू सचेत भए । अधिकारको लडाइँ आफैं लड्नुपर्छ भनेर सबैले आत्मसात गरे ।

जसले गर्दा स्थानीय तहबाट आन्दोलनका लागि बन्दोबस्तीका सामग्रीहरू (नगद, खाद्यान्न सामग्री, पाल, दाउरा, प्लेकार्ड) जुटाउन सहज भयो । विशेषगरी आन्दोलनका लागि आवश्यक खर्च १२ वटै मौजाले धानेका थिए । यो आन्दोलनमा न कुनै दाताको भर पर्नुपर्‍यो न त कतै योजना नै पेस गर्नुपर्‍यो । आफ्नै खर्चले आफ्नै आन्दोलन गरे । त्यसैले यो आन्दोलनमा किसानहरूको अपनत्व देखिन्थ्यो ।

आन्दोलनको मूल समिति बन्यो । त्यसको मातहतमा अन्य उपसमितिहरू बने । ती उपसमितिहरू स्वपरिचान भए । मूल समिति भन्दा उपसमितिहरूको जिम्मेवारी बढी थियो । समितिहरूलाई निरन्तर अभिमुखीकरण गरियो । आन्दोलनको समग्र व्यवस्थापन मूल समितिले गर्थ्यो । त्यसको मुख्य नेतृत्व ७४ वर्षीय प्रभु चौधरीले गरे । यो आन्दोलन पूर्वतयारी र सही योजनाले आन्दोलनलाई व्यवस्थित बनाउन सकिन्छ भन्ने एउटा उदाहरण हो । आन्दोलनको आन्तरिक तयारी सकेर बाह्य तयारीमा लाग्नुले पनि आन्दोलन उचाइमा पुग्न सफलता मिलेको थियो ।

## समन्वय र संवाद

आन्दोलनको अर्को महत्वपूर्ण पाटो भनेको संवाद थियो । संवादले धेरै कुरा हल गर्न सकिन्छ । साथै सम्बन्धहरू पनि स्थापित हुन्छ । जिल्ला प्रशासन कार्यालय घोराहीमा धर्ना र विभिन्न आन्दोलन गर्नुपूर्व सबै राजनीतिक दलहरूसँग संवाद गरिएको थियो । राजनीतिक दलका नेताहरूलाई एकै ठाउँमा राखेर र छुट्टै भेटेर गुठीको समस्या र आन्दोलनको विषयमा जानकारी दिइयो । त्यस्तै आ-आफ्नो क्षेत्रका सभासद्हरूलाई भेटेर लिखितरूपमा मागपत्रहरू पेस गरियो । जसले गर्दा संसद्मा सभासद्हरूलाई गुठीको विषयमा कुरा उठाउनसमेत सहज भएको थियो ।

सञ्चारकर्मी, मालपोत, नापी र भूमि सुधार कार्यालय, सिडियो, गुठी प्रशासक मात्र नभई स्वर्गद्वारीका सञ्चालक समितिसमेतसँग वार्ता भयो । सर्वदलीय, सर्वपक्षीय सहमतिकै आधारमा दाङ जिल्लाका माननीयहरूसँग गहिरो संवादमार्फत समर्थन जुटाउन सकियो । जसले गर्दा यो आन्दोलन सर्वत्र चर्चाको विषय बन्यो । सडकदेखि सदनसम्म आवाज उठे । त्यसैले आन्दोलनमा सबैको समर्थन जरुरी छ । ऐक्यबद्धता र प्रतिबद्धताले पनि शक्ति प्राप्त हुन्छ र आन्दोलनलाई उचाइमा पुऱ्याउन सकिन्छ भन्ने यो गतिविधिले प्रष्ट्यायो । कार्यक्रममा मुक्त कमैया समाज, भूमि अधिकार मञ्च, मुक्त कमलरी विकास मञ्च, थारू कल्याणकारी समिति, स्थानीय जनप्रतिनिधिहरू (मेयर, उपमेयर, वडा अध्यक्ष, सदस्य) को साथ सहयोग थियो । जुन नियमित संवाद र समन्वयको उपज थियो ।

## प्रमाणहरूको अभिलेखन

आन्दोलनमा जीत हासिल गर्ने अर्को महत्वपूर्ण औजार भनेको प्रमाणहरूको पुष्ट्याइँ हो । आन्दोलनका सबै सहभागीले घाँटीमा गुठी जग्गाको मोही पुर्जा भिरेका थिए । जसबाट उनीहरू नक्कली पीडित हैनन् भन्ने पनि प्रष्ट हुन्थ्यो । सर्वोच्च आदालतको फैसला, मोही पुर्जाको प्रमाणहरू भिरेर सबै प्रमाणसहित मोही किसानहरू आन्दोलनमा सहभागी भएका थिए । गुठीको प्रकृति, गुठी संस्थानका कागजात, तामपत्र, कुत बुझाउँदाको दुःख राम्रोसँग चिन्तन्मनन् भयो ।

आन्दोलनपूर्व र आन्दोलनको समयमा समेत गुठीसम्बन्धी दस्ताबेजहरूको अध्ययन र अभिलेखनहरू भए । उक्त अध्ययनले आन्दोलनका अगुवाहरू खारिए र आन्दोलका सहभागीहरूलाई प्रशिक्षित गरे । माग, अडान र निष्कर्षहरू तयार गरे । ऐतिहासिक दस्तावेज अध्ययन, छलफलले आन्दोलनमा सहभागी अगुवाहरूले आफ्नो बुझाइ गहिरो बनाए । साथै पत्रकारलगायत अन्य सरोकारवाला आउँदा वास्तविकता बुझाउन सहज भयो । साथै गुठीपीडित किसानहरूले किन आन्दोलन गरिरहेका छन् भनेर प्रश्न गर्नेहरूका लागि प्रमाणसहितका दस्ताबेज आफैं उत्तरका रूपमा बोलिरहेका हुन्थे ।

## कृषि औजारको प्रयोग

हरेकको केही न केही पहिचान हुन्छ । आन्दोलन तयारीको क्रममा हरेक मौजामा यो आन्दोलनमा फरक के गर्ने भनेर छलफल भयो । किसानको पहिलो पहिचान कृषि औजार हो । त्यसैले आन्दोलनका सबै सहभागी एउटा न एउटा कृषि औजार बोकेर आन्दोलनमा सहभागी भए ।

आन्दोलनमा आउने सहभागीहरूले तरकारी, दाउरा, खाद्यान्नलगायतका बन्दोबस्तीका सामग्री आफैं ल्याएका थिए । सँगै साथमा भिरेका कुनै न कुनै कृषि औजारसहितको उपस्थिति रोचक देखिन्थ्यो । झट्ट हेर्दा थारूहरू बुह्रान गए जस्तो देखिन्थ्यो । तर उनीहरू व्यवस्थितरूपमा आन्दोलनमा सहभागी भएका थिए । उनीहरूका साथमा हलो, जुवा, कोदालो, डोकोलगायतका कृषि औजार हुन्थे । त्यसले किसानको पहिचान र आन्दोलनमा रौनक थपेको थियो । यस्ता सामग्रीको प्रयोगले सञ्चार माध्यमको पनि ध्यान खिचेको थियो ।

## अनुशासन

हरेक कामको घेरा हुन्छ । त्यो घेरालाई अनुशासनले बाँधेको हुन्छ । त्यस्तै यो आन्दोलनको अर्को सिक्न लायक पक्ष भनेको अनुशासन नै हो । आन्दोलनमा सहभागी भएका गुठीपीडित किसानहरू अनुशासित नभएका भए यत्रो दिनसम्म आन्दोलन टिक्ने थिएन । 'एक व्यक्ति एक जिम्मेवारी' थियो ।

सबैले आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरे। चाहे त्यो ऱ्याली गर्दा होस् या धर्ना बस्दा। नारा लगाउँदा होस् र बोल्दा, हरेक काम अनुशासन प्रणालीभित्र रहेर गरेका थिए।

हरेक दिन १२ मौजाको छुट्टै समीक्षा हुन्थ्यो। समीक्षामा मौजाभित्रको समस्यादेखि आन्दोलनमा उठेका सवालहरूको मन्थन हुन्थ्यो। हरेक दिन आन्दोलनमा को बोल्ने ? के बोल्ने भन्ने तयारी हुन्थ्यो। अघिल्लो दिन गरेको आन्दोलनको सिकाइले भोलिपल्ट आन्दोलनलाई थप रचनात्मक बनाउन के गर्ने भनेर मौजामा छलफल हुन्थ्यो। १२ मौजाको समीक्षा सकेर १२ मौजाका अगुवा र आन्दोलनको मूल समिति बसेर समीक्षा गरी थप अन्दोलन तय हुन्थ्यो। त्यसैले अगुवा र आन्दोलनमा सहभागी किसानहरूको ध्यान आन्दोलनमै हुन्थ्यो। उनीहरूको ध्यान आन्दोलन भन्दा बाहिर कहिल्यै भएन। हरेक दिनको खर्च साँझ १२ मौजाका अगुवाबीच सार्वजनिक हुन्थ्यो। यस्तोखाले पारदर्शिताले पनि आन्दोलनमा उनीहरू एक ढिक्का थिए।

मोही पुर्जा भिर्नुपर्ने। आफ्नो मौजामा खाना खानैपर्ने। धर्नामा एक घरको एक जना बस्नैपर्ने नियम थियो। अतिथि आएर बोलेर मात्र जान पाइँदैनथ्यो। एक घण्टा धर्नामा बसेर मोही पीडा सुनेपछि मात्र आफ्नो मन्तव्य दिन पाइने सर्त नै थियो। त्यसैले उदाहरणीय अनुशासित आन्दोलन थियो यो।

## युवा परिचालन

किसानहरूको आन्दोलन भनेपछि अलि उमेर ढल्केका महिला र पुरुषको जमात हुन्थ्यो तर स्वर्गद्वारी गुठीपीडित किसानले गरेका आन्दोलनमा युवाहरूको जमात पनि उत्तिकै थिए। घरका छोरा, छोरी, बुहारी, नाति र नातिनीको समेत सहभागिता थियो। स्कुल बिदा भएको दिन नाति नातिनीले आन्दोलनमा सघाउँथे। यसरी हेर्दा यो आन्दोलन पारिवारिक आन्दोलन थियो। मतलवी आन्दोलन। युवादेखि ज्येष्ठ नागरिक सदस्यहरूले नै मतलव राख्ने सामूहिक आन्दोलन। त्यसैले पनि यो आन्दोलनका क्रममा उनीहरू कहिल्यै थाकेनन्। सधैँ परिवारसँगै रहेर आन्दोलन गरे। आफ्नो मात्र हैन, १२ मौजाकै परिवार एक भए।

आन्दोलनका क्रममा युवाहरूको छुट्टैखालको सकारात्मक जोस र जाँगर थियो। उनीहरूको व्यवहार पाको थियो। उनीहरूले यति लामो दिन आन्दोलन गर्दा कहिल्यै थाकेनन्। र, आन्दोलनमा सहभागी भएका अन्य किसानलाई पनि थकान महसुस गर्न दिएनन्। हरेक किसान अभिभावकको साथमा हामी छौँ भनेर प्रण गरे। आन्दोलनको मुख्य कामहरू युवाहरूले गरे। उनीहरूले आफ्नो अभिभावकको साथ कहिल्यै छाडेनन्। ढाडस दिइरहे। र, पो आज पनि उनीहरूले आन्दोलनबाट हरेस खाएका छैनन्।

## आन्दोलनको फरक शैली

झण्डै एक महिनाको लामो धर्ना। बोर लाग्ने र बोझिलो भएन। हरेक दिन फरक शैलीका आन्दोलन भए। कहिले धर्ना त कहिले ऱ्याली हुन्थ्यो। सिठ्ठी फुक्नेदेखि थाल ठटाउनेसम्मका आन्दोलनका स्वरूप फेरिए। ७ सय जना किसान सडकमा एक घण्टा सुत्दा फरक सन्देश गएको थियो। खेत जोत्नुपर्ने किसान आफैँ जुवामा नारिएर हिँड्दा छुट्टै चर्चा बटुलेको थियो। हरेक पत्रपत्रिकामा किसानहरूले गरेको आन्दोलनका तस्बिर र समाचारबारे आन्दोलनस्थलमा छलफल हुन्थ्यो। त्यसले आन्दोलनरत किसानहरूलाई छुट्टै ऊर्जा दिन्थ्यो।

हरेक मौजाबाट फरक फरक सांस्कृतिक झाँकी प्रस्तुत हुन्थे। किसानले भोगेका पीडाका 'सखिया' गीत र नाच चल्थ्यो। यसले एकातर्फ उनीहरूलाई पीडा पोख्ने ठाउँ हुन्थ्यो अर्कोतर्फ मनोरञ्जन पनि। प्रत्येक मौजाबाट अगुवाहरूले बोल्नैपर्ने हुथ्यो। उनीहरू यसरी आफ्ना पीडाहरू सुन्थे, सुनाउँथे। यो आन्दोलनमा अगुवाहरूको बोल्ने क्षमता पनि विकास भएको थियो।

युवाहरू आन्दोलनमा सहभागी भएका कारण सामाजिक सञ्जालको व्यापक प्रयोग भयो। युवाहरूले सामाजिक सञ्जालमा गुठी आन्दोलनका साना साना भिडियो र फोटोहरू पोस्ट गर्थे। उनीहरूले धेरै अनलाइन संवाद गरे। गलत प्रसारप्रचार गर्नेहरूसँग सामाजिक सञ्जालमार्फत संवाद गर्थे र विषयवस्तुबारे प्रष्ट पार्थे। हामी किसान आन्दोलनमा छौँ भनेर। यसले पनि आन्दोलनमा माहोल सिर्जना गरेको थियो।

## आन्दोलनका चुनौती


फागुन महिना। बिहान र बेलुकीको चिसो। दिउँसो गर्मीसँगै सुरु भएको मौसम। आन्दोलनका क्रममा जाडो, गर्मी, हुरी, बतास, पानी सबैसँग सामना गर्नुपऱ्यो। साना बच्चा बोकेका महिलादेखि ७५ वर्षका थारू महिला/पुरुषहरूको आन्दोलनमा सहभागिता थियो। खराव मौसमका कारण उनीहरू बिरामी पर्न थालेका थिए तर पनि कसैले हरेस् भने खाएनन्। आन्दोलनका सहभागीको सङ्ख्यामा कुनै कमी आएन।

सामाजिक सञ्जालबाट धेरै गलत प्रचारहरू भए। जो सामन्त वर्गबाट भएका थिए। उनीहरू गुठीपीडित थारूहरूको न्याय पाएको हेर्न चाहँदैनन्। त्यसैले आन्दोलनको गलत प्रचार गर्ने नै भए। त्यसैले युवाहरूले अनलाइन संवादमार्फत त्यसलाई चिर्ने हरदम प्रयास गरे। गलत प्रचार/प्रसार गर्ने पङ्क्ति पहिचान गरे र कुतर्क, गलत जानकारीको भण्डाफोर गरे।

खेती लगाउनुपर्ने किसानहरू आन्दोलनमा थिए। कतिको आफ्नो उत्पादनले ६ महिना भन्दा बढी खान पुग्ने थिएन। त्यसका लागि ज्यालाबुनीमा जानै पर्थ्यो। तर उनीहरूले मौजाको छलफलका क्रममा नै सबै कुराको चाँजोपाँजो मिलाए। आलोपालो गरेर आन्दोलनमा सहभागी भए जसका कारण आन्दोलन, खेती र जीविकालाई सँगै लिएर अघि बढे।

## अन्त्यमा,

थारूहरू शिक्षा भन्दा कृषिलाई प्राथमिकता दिन्थे। इमानदारिताका नाममा स्वाभिमान र सर्वस्व गुमाउन पछि पर्दैनथे। धुर्तहरूको धुर्त्याइँबाट सधैँ पीडित भएका थिए उनीहरू। त्यसैले पनि जल, जमिन र जङ्गलको संरक्षक ठान्ने थारूहरू नै जल, जमिन र जङ्गलबाट विमुख हुँदै गए। श्रम र सङ्घर्षमा पसिना बगाउने थारूहरू सधैँ सङ्घर्षमै जीउन बाध्य भए। यसो गर्दा उनीहरूले न श्रमको मूल्य पाए न त पसिनाकै सम्मान। त्यसैले गुठीपीडित किसानहरू अधिकारका लागि आन्दोलनको अग्र मोर्चामा उभिए। दरिलो र गर्विलो अहिंसात्मक आन्दोलनमा, आत्मसम्मान प्राप्त गर्ने अठोट लिए।



सोमप्रसाद भण्डारी

# गुठी अभियान : सङ्‍घर्षपछिको सफलता



सिन्धुपाल्चोक जिल्लामा २०५४ सालदेखि गुठी अभियान सुरु गरियो। साविक इचोक गाविसको तार्केबेसीमा मोही किसानको भेला गरिएको थियो। जहाँ तार्केघ्याङ गोरखनाथ गुठीको समस्या थियो। त्यतिबेला दर्तावाला मोही ७ जना रहेछन्, त्यसबाट १३ जनामा सऱ्यो, पछि ४२ परिवारले लालपुर्जा लिए। सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र किसान अधिकारका लागि सहयोगी समूहको संयुक्त पहलमा गुठीपीडित मोही किसानको अधिकारका लागि अभियान अघि बढाइएको थियो।

अभियान विस्तारपछि छलफल गर्दै जाँदा जिल्लामा गुठीको धेरै समस्या देखियो। पुजारी एवं गुठियारहरू गाउँमै आएर बस्ने र अन्नपात, कुत उठाएर लान्थे। तार्केघ्याङको मात्रै १३ जना पुजारी थिए। उनीहरूले पालैपालो कुत उठाउँथे तर कुत बुझेको भर्पाइ भने दिँदैनथे। किसान पीडित थिए। कतिपयसँग त मोही प्रमाण पनि थिएन। त्यसपछि मालपोत कार्यालयसँग समन्वय गऱ्यौँ। यस्तो समस्या तत्कालीन किउल, पाल्चोक र भोताङमा पनि देखियो। २०५७ सालको फागुनमा २४ वटै गाविस अध्यक्षहरूलाई मेलम्चीमा बोलाएर भेला गऱ्यौँ। त्यहाँ गुठीपीडित किसानहरू पनि सहभागी भए। भेलामा गुठीपीडित किसानले जोतभोग गर्दै आएको जग्गा रैतानी नम्बरी हुनुपर्ने आवाज उठाएका थियौँ।

गुठीसम्बन्धी ऐन, २०३३ को पहिलो संशोधन २०४१ ले मा गुठी जग्गालाई रैतानी नम्बरीमा परिणत गर्न सकिने बाटो खोलेको थियो। किसानहरू रकम तिर्न सक्ने अवस्थामा थिएनन्। त्यसपछि किसानलाई रैतानी नम्बरी गर्दा छुट दिनुपर्ने माग राखी २०५७ साल कात्तिक १७ गते जिल्ला सदरमुकाममा ठूलो ऱ्याली गरियो।

त्यो आन्दोलनले जिल्लाको ७९ गाविसमै हलचल ल्यायो। मोहियानी हक, अस्थायी निस्सा लिनका लागि ठूलो अभियान चल्यो। मेलम्चीघ्याङ, तार्केघ्याङ, सेतीघ्याङलगायतका गुठीपीडितलाई अधिकार दिलाउन सङ्घर्ष गर्दै अघि बढ्यौँ। कतिपय किसानसँग जोतभोग गर्दै आएको कुनै पनि प्रमाण थिएन। आन्दोलनकै बलमा धेरै किसानले मोही पुर्जा लिए।

गुठी जग्गाको रैतानी नम्बरी गरी पुर्जा लिनका लागि दबाबस्वरूप फेरि ऱ्याली र सभाहरू सदरमुकाम केन्द्रित गऱ्यौँ। मालपोत, नापी, भूमि सुधार कार्यालयका प्रतिनिधिहरू पनि सभामा सहभागी भएर बोल्ने वातावरण बनायौँ। त्यसपछि हामी गुठी संस्थानमा डेलिगेसन गयौँ। गुठी प्रशासकसँग पटक पटक छलफल गऱ्यौँ। तत्कालीन सांसद्हरूसँग पनि निरन्तर छलफल गऱ्यौँ। त्यसपछि २०५८ सालमा भूमि सुधार मन्त्रालयमा डेलिगेसन गयौँ। मन्त्रालयले एउटा समिति बनायो। त्यतिबेला मन्त्रालयको पहलमा गुठी संस्थानका अधिकृत प्रेमहरि ढकालको संयोजकत्वमा गुठी अध्ययन समिति बन्यो। समितिले सिन्धुपाल्चोकमा १४७ वटा गुठी भएको प्रतिवेदन सरकारलाई बुझायो।

जिल्लामा अधिकांश गुठी जग्गा अधीनस्थ प्रकृतिको रहेछ। त्यसलाई रैतानी नम्बरीमा परिणत गर्न मिल्ने रहेछ। २०५९ भदौ १६ मा फेरि मन्त्रालय र गुठी संस्थानमा डेलिगेसन गयौँ। त्यसपछि सिन्धुपाल्चोक जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा अर्को समिति बन्यो। यस्तो समिति बनाउन मिल्ने कानुनी व्यवस्था मालपोत ऐन २०३४ मा रहेछ। जसलाई जग्गा दर्ता गर्न मिल्ने अधिकार पनि दिइएको रहेछ। यति गर्दा पनि मालपोतले नमानेपछि हामी फेरि काठमाडौँमा डेलिगेसन गयौँ र उच्चस्तरीय सरकारी अधिकारीहरू सिन्धुपाल्चोक लगेर छलफल गऱ्यौँ। त्यो छलफलमा राजनीतिक दलहरू पनि सहभागी भए। त्यसपछि मात्रै गुठीपीडित किसानको जोतभोग गर्दै आएको जग्गा रैतानी नम्बरीमा दर्ता गर्न सफल भयौँ। अभियानको सफलतास्वरूप करिव ७ हजार किसानले लालपुर्जा प्राप्त गरेका छन्।

जिल्लामा अहिले पनि गुठी समस्या बाँकी छ। साविक फटकशीला गाविस (हालको मेलम्ची नगरपालिका वडा नं. १३) मा पशुपतिनाथ महास्नान गुठीको समस्या बाँकी छ। यस्तै समस्या देशभर अन्यत्र पनि छ। कतिपय जोताहाले मोही पुर्जा पनि लिएका छन् तर रैतानी नम्बरी गर्न पाएका छैनन्। जे होस्, निरन्तर सङ्घर्ष गरेमा सफलता पक्कै हात लाग्ने रहेछ भन्ने सिकाइचाहिँ पक्कै भएको छ।



रघुनाथ लामिछाने

# गुठी कानुन किन ?




गोष्ठी- थोरै मानिसको सभा अर्थात सानोतिनो बैठक। यसरी हेर्दा गोष्ठीलाई समूहका रूपमा हेर्न सकिन्छ। अनि सामूहिक उत्तरदायित्व बहन गर्ने सिलसिलामा कुनै परोपकारी कार्यलाई दीर्घकाल प्रदान गर्न चल/अचल सम्पत्ति दान दिने प्रथा सुरु भयो। यसरी दिइएको अर्थात राखिएको सम्पत्ति गोष्ठी भयो। र, अन्य हजारौँ शब्द जस्तै यो पनि अपभ्रंश हुँदै 'गुठी' मा परिणत भयो।

देवालय टन्नै छन् नेपालमा। सांस्कृतिक पर्व/मेला उत्तिकै छन्। जात्राको त खानी नै हो हाम्रो देश। त्यसबाहेक अनाथालयदेखि बाटो सफा गर्ने हुँदै पिउने पानीका स्रोत जगेर्ना गर्नसमेत गुठीको व्यवस्था भएको पाइन्छ। गुठी राख्न सुरु भएको एकिन तिथिमिति गर्भमै छ। तर विक्रम संवत् ५२१ मा मानदेवले चाँगुनारायणमा खडा गरेका अभिलेखमा गुठी शब्द उल्लेख भएकाले यो लिच्छविकालमा सुरु भएको संस्कृतिविद् गोविन्द टण्डनको दाबी छ।

गुठीसँग मात्र सम्बन्धित एउटा छुट्टै कानुन छ नेपालमा- गुठी संस्थान ऐन, २०३३। जसले गुठीलाई राज गुठी, छुट गुठी र निजी गुठी भनेर ३ भागमा वर्गीकरण गरेको छ। उता मुलुकी देवानी संहिता २०७४ ले भने सार्वजनिक र निजी गरी गुठीलाई २ भागमा मात्र विभाजन गरेको छ। गुठीबारे विक्रम संवत् १९१० कै मुलुकी ऐनमा उल्लेख गरेका थिए जङ्गबहादुर राणाले। तर यसरी ऐनमा समेटिएको १७० वर्ष बित्दासमेत गुठीसम्बन्धी समस्या कायमै रहनु विडम्बनाको विषय हो। यस आलेखमा गुठीको विवाद, यसको जरो तथा सम्भावित समाधान सुझाउने प्रयास गरिएको छ।

## वर्तमान विवाद

यतिबेला मुलुकभरका गुठी किसान आन्दोलित छन्। गुठी किसान भन्नाले जग्गा धनी कुनै न कुनै गुठी रहेको जमिनमा खेतीपाती गरेर जीविका चलाइरहेका किसान भन्ने बुझिन्छ। उनीहरूको माग छ कि आफ्ना पुर्खादेखि पसिना बगाउँदै आएको जमिनको स्वामित्व जोत्ने किसानलाई दिइनुपर्छ। यस्तो जग्गा आफ्नै नाममा दिनुपर्छ भन्ने किसानले जग्गा बेचेर आवश्यक गर्जो टार्न नपाएको, वित्तीय संस्थामा राखेर कर्जा लिइ केही खनखाँचो टार्न नपाएको, आफ्नै नभएकाले लगानी गरेर उत्पादन बढाउने जाँगर पनि नभएको तथा उत्पादन भए पनि नभए पनि ठेकिएको कुत बुझाउनैपर्ने बाध्यताका कारण कतिपय अवस्थामा कुत तिर्नकै लागिसमेत ऋण लिनुपरेको जस्ता गुनासा व्यक्त गर्ने गरेका छन्।

## सन्दर्भ स्वर्गद्वारी गुठीको

यतिबेला दाङबाट नेपाली कङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रलगायत सबै ठूला/साना दलका स्थानीय नेताहरू सङ्घीय प्रशासनिक केन्द्र काठमाडौँ आइपुगेका छन्। उनीहरूका पछाडि छन्- गत फागुन ८ गतेदेखि दाङ जिल्ला प्रशासन कार्यालय परिसरमा अनवरत धर्नामा रहेका गुठीपीडित किसानका प्रतिनिधिहरू। उनीहरूको माग छ- बाजे/बराजुदेखि कमाउँदै आएको स्वर्गद्वारी गुठीको जग्गाको स्वामित्व उक्त जमिन जोतेर परिवार पाल्दै आएका मोहीलाई नै दिनुपर्छ। यो प्रतिनिधिमण्डल यतिबेला एमाले महासचिव दाङकै शङ्कर पोखरेल, सञ्चार तथा सूचना प्रविधि मन्त्री दाङकै रेखा शर्मामात्र हैन, प्रधानमन्त्रीदेखि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय हुँदै सिंहदरबारका चोटाकोठा सबैतिरन्यायको याचना गरिरहेका छन्।

एकातिर सबै दलका प्रतिनिधि सम्मिलित टोली गुठी किसानका माग पूरा गराउन दबाब दिने उद्देश्यले काठमाडौँमा छ अर्कोतिर १ महिनादेखि आफैँले घरबाट ल्याएका गुन्द्रुक र चामल जिल्ला प्रशासन कार्यालयकै परिसरमा उमालेर भोक टार्दै सयौँजना आन्दोलनमा होमिएका छन्। एकथरीले आन्दोलनकारीलाई भूमाफियासमेत भन्ने गरेका छन्। उनीहरू यस्ता किसानलाई गुठीको जग्गा दिएमा धर्म लोप हुने, स्वर्गद्वारी आश्रम नै लुप्त हुने दाबी गर्छन्। अर्काथरी यस्ता पनि छन् जो नखाने देवताका नाममा जग्गा राखेर खाने मुख भएका किसानलाई रुवाउनु धर्मका नाममा अपराध भएको तर्क गर्छन्।

### धर्म/पर्व लोप हुने कुरा

धेरै मानिसले जे उद्देश्यका लागि दाताहरूले जमिन दिएर गुठी खडा गरेका हुन्, त्यसका लागि राखिएको जमिन किसानको मागअनुसार उनीहरूलाई दिँदा यस्ता गुठीमार्फत चलिआएका धर्म/पर्व लोप हुने दाबी गरेका छन् । यसबारे केही उदाहरण हेरौँ :

पशुपति क्षेत्र विकास कोषले धेरै वर्षदेखि सञ्चालन गर्दै आएको बोडेको नीलबाराही जात्रा ३ दशकदेखि बन्द छ । शोभन यात्रा, नागचा प्याँख पनि बन्द छ । लिङ्ग र उपलिङ्ग यात्रा पनि हराएको छ । न कुण्ड यात्रा नै चलाउन सकेको छ । त्यसैगरी दर्जनौँ धार्मिक कार्य सञ्चालन गर्दै आएको स्वर्गद्वारी आश्रमले यतिबेला सामान्य पूजाआजाबाहेक खर्च लाग्ने अन्य धार्मिक कार्य रोकेको छ ।

अब प्रश्न उठ्छ- अहिलेसम्म त पशुपति र स्वर्गद्वारी आश्रमको सबै जग्गा तथा सम्पत्ति उनीहरूकै स्वामित्वमा छ । किसानको त छैन । कुतदेखि भाडा र अन्य आम्दानीसमेत भित्र्याउन पाउने अधिकार पनि उनीहरूसँगै छ । तर पनि किन सनातनी धार्मिक कार्यहरू लोप भए त ? किन तिनले निरन्तरता पाएनन् ? यसबाट थाहा हुन्छ कि जेलाई 'धर्म लोप' भनिँदैछ, त्यो अहिले पनि भइरहेको छ । जग्गाको स्वामित्व किसानलाई दिएपछि सुरु हुने हैन ।

### व्यवस्थापनको पाटो

स्वर्गद्वारी आश्रमका प्रमुख प्रशासकीय अधिकृत हरि अधिकारीका अनुसार यो आश्रमको जग्गा १०५७ विघा, ४ कठ्ठा, ७ धुर छ । जसमध्ये ६१४ विघा, १२ कठ्ठा, १४ धुरमा मोही लागेको छ । यसरी मोही लागेको जमिनबाट वर्षमा धान (खेतबाट) १८१५ क्विन्टल, ५० किलोग्राम, २१ ग्राम र तोरी (बारीबाट) ४१८ क्विन्टल, ३६ किलोग्राम, १२१ ग्राम उठ्नुपर्थ्यो । तर धान करिब आधा अर्थात ९०० क्विन्टल मात्र उठ्छ भने तोरी उठ्दै उठ्दैन । पहिलो कुरा त ४४३ विघा आफैँसँग भएकाले यो आश्रमले त्यही जमिन उपयोग गरेर पनि मनग्गे आम्दानी गर्न सक्नुपर्थ्यो । दोस्रो कुरा मोही किसानसँग उठाउनुपर्ने कुतसमेत उठाउन ऊ अक्षम देखियो । यस्तो अवस्थामा अहिलेसम्म उठाउन बाँकी १६ हजार क्विन्टल धान र ४ हजार क्विन्टल तोरी कहिले उठाउला आश्रमले ? उत्तर सहज छ- करिब असम्भव । अझ विडम्बना त यो छ कि अतिक्रमणमा परेको १५५ विघा, १० कठ्ठा, ७ धुरको रक्षा गर्नसमेत सकेको छैन ।

अर्कोतिर गुठी संस्थानको अक्षमता पनि उही पराकाष्ठै झल्कनेखालको छ । गुठी संस्थान वार्षिक नीति, कार्यक्रम तथा बजेट नामक पुस्तकमा उल्लेख भएअनुसार गुठी संस्थानको आर्थिक वर्ष २०८०/८१ को खर्चगत आयमा मालपोत, कुतबाली, घर/पसल बहाल, ठेक्कापट्टा बगैँचा पोखरी, जिन्सी ठेक्का शेषकसर भूबहाल आदि गरेर बक्यौता नै १२ करोड, ५३ लाख, ६४ हजार ४ सय २३ रुपियाँ छ ।

त्यसैगरी पशुपति क्षेत्र विकास कोषले वनकाली धर्मशाला सञ्चालनका लागि वार्षिक ३० लाख १८ हजार ६ सय ६० रूपियाँ बुझाउनुपर्ने गरी देवी कन्सल्टेन्सीसँग सम्झौता गरेकोमा ८३ लाख ७८ हजार ९ सय ६९ रुपियाँ नबुझाएको राष्ट्रिय सतर्कता केन्द्रकै अध्ययन प्रतिवेदनमा उल्लेख छ । धर्मशाला नै बन्द गरेर हिँडेको कन्सल्टेन्सीले उल्टै कोषसँग क्षतिपूर्ति पाउन अदालतमा मुद्दा हाल्यो ।

अर्कोतर्फ यही प्रतिवेदनका अनुसार प्राणनाथ क्याफेले कोषलाई ७० लाख रुपियाँ तिरेको छैन । तर पनि कोष यो पैसा उठाउने हैसियत राख्दैन । यी एकाध उदाहरण मात्र हुन् जसले गुठी व्यवस्थापनमा सम्बन्धित निकायहरू पूरै अक्षम छन् भन्ने प्रमाणित गर्छन् ।

### लापरबाहीको लेखाजोखा

पशुपति क्षेत्र विकास कोषको नाममा रहेको गौशाला धर्मशाला गौशाला चोकमै छ । ठूलो भवनसहितको ९ रोपनी ९ आना २ पैसा जमिन ओगटेको यो संरचनासहितको भाडा वार्षिक ५१ हजार रुपियाँ मात्र
छ । जबकि उक्त भवनमा रहेका १७ सटरमध्ये एउटैको मासिक २० हजार भन्दा बढी भाडा उठ्छ । महालेखा परीक्षक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा राष्ट्रिय सतर्कता केन्द्रले समेत यसबारे पटक-पटक दबाब दिएपछि बल्ल गत साउन १८ मा कोषले मारवाडी सेवा समितिसँग गरिएको सम्झौता रद्ध त गर्‍यो तर समिति अदालत गएकाले त्यहाँ अहिले पनि उसैको रजगज छ ।

काठमाडौँस्थित हायात रिजेन्सी पाँचतारे होटल हो । यो होटल रहेको १८ रोपनी जग्गा पशुपति क्षेत्र विकास कोषको हो । जुन जग्गाको भाडा भनौँ या कुतबापत होटलले प्रतिरोपनी १ मुरी धान बुझाए पुग्छ । डलर फल्ने जग्गामा धान (त्यो पनि नाम मात्रको) कुत लिएर चित्त बुझाउने सहृदयी गुठी नेतृत्वबाट गुठी र धर्म/पर्वको संरक्षण कसरी भइरहेको होला ? सहजै अनुमान गर्न सकिन्छ ।

### कानुनी प्रश्न

नेपालको संविधानको धारा २९० मा गुठीसम्बन्धी उल्लेख छ । जसमा गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवं गुठीको अधिकारका सम्बन्धमा सङ्घीय संसद्ले आवश्यक कानुन बनाउने भनिएको छ । गुठीसम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुने पनि यसैमा लेखिएको छ ।

सरकारले भूमिमाथि कायम द्वैध स्वामित्व अन्त्य गर्न भनेर विक्रम संवत् २०५३ पुस २४ गते भूमिसम्बन्धी ऐनमा चौथो संशोधन गर्‍यो । जसअनुसार त्यसपछि कसैले अरूको जमिन कमाएमा मोहियानी हक कायम हुँदैन । यो ऐनले जग्गा कमाए पनि मोहियानी नलाग्ने भनेर जमिनदारकै हित गर्‍यो । जग्गा कमाइरहे पनि लिखितम प्रमाण नभएकालाई कमाउनबाट बेदखल गर्न उनीहरूलाई आधार मिल्यो । तर विडम्बना, अहिले पनि गुठीको जग्गामा भने यो कानुन काम लागेन । जग्गा धनी गुठी र मोही (कतिपय ठाउँमा बेदर्तावाल मोही पनि छन्) कायमै छन् । जसले कानुनले नै व्यवस्था गरेको द्वैध स्वामित्व अन्त्यको पाटोमा सरकार नै अवरोधक बनिरहेको स्पष्ट हुन्छ ।

सर्वोच्च अदालतले विक्रम संवत् २०६२ चैत १४ गते स्वर्गद्वारी आश्रमको गुठीबारे एउटा परमादेश जारी गर्‍यो । जसमा भनियो- 'यो गुठी विशेष प्रकृतिको निजी गुठी भएकाले आश्रमको स्वायत्ततामा आँच पुग्ने गरी आश्रमको नाममा दर्ता भएको जग्गा कुनै पनि किसिमले खण्डित र हिनामिना हुन नदिनू ।' त्यसैगरी २०६४ माघ १० गते गुठी जग्गाको सम्बन्धमा संसद्ले समेत कुनै कानुन बनाउन नपाउने खालको फैसला गरेको थियो । त्यतिबेलैदेखि गुठी जमिन रैकर बनाउन रोकिएको हो ।

### सामाजिक न्यायको नजर

नेपालको संविधानले समाजवादोन्मुख मुलुकको कल्पना गरेको छ । यसका लागि समाज सन्तुलित हुनुपर्छ । कुनै पनि एउटा

वर्ग वा समूहमाथि कायम रहने अन्याय र विभेदले समाजवादका मान्यता चुम्न सक्दैन। उसै पनि नेपालको जमिन वितरण पक्षपातपूर्ण छ। शासकहरूको मनलाग्दी वितरणका कारण ठूलो सङ्ख्या भूमिहीन (राष्ट्रिय भूमि आयोगमा भूमिहीन भएबापत जग्गा माग गर्ने १० लाख १५ हजार ५ सय ७० परिवार छन्) छ। जमिनमा उत्पादन गरेर आफू र परिवारले खाइवरी अरूलाई समेत खुवाउने किसानको सोही माटोमा स्वामित्व छैन। यस्तो अवस्थाले सामाजिक न्याय खल्बल्याएको छ।

स्वर्गद्वारी आश्रमको जमिनलाई गुठी संस्थानले राजगुठी भनेको छ। अर्कोतर्फ अदालतले भने निजी गुठी भन्यो। त्यो पनि विशेष प्रकृतिको। यति धेरै जग्गा आश्रम सुरुवात गर्ने महाप्रभु (हंसानन्द गिरी) ले भोलीको पैसाले किनेका भनिएको छ। त्यतिबेला (विक्रम संवत् १९८२) यत्रो जमिन किन्ने पैसा कहाँबाट आयो ? हेर्नुपर्छ कि पर्दैन ? के भेटिघाटीबाट यति धेरै जमिन किन्न सम्भव छ ? त्यति धेरै धनवान र मनवान थिए त्यतिबेलाका मानिस ? यस्ता पक्षमा पनि विचार गर्नुपर्थ्यो न्यायिक निकायले। तर गुठीसम्बन्धी फैसला गर्दा अदालतहरूले ' धार्मिक मन' मात्र प्रयोग गरे, 'न्यायिक मन' हैन। यसको असर उत्पादनमा पऱ्यो। फलस्वरूप आज पनि नेपाल खाद्यान्नका लागि बर्सेनि अरबौं रुपियाँ (भन्सार विभागका अनुसार चालु आर्थिक वर्षको साउनदेखि पुससम्म २२ अर्ब २३ करोड रुपियाँको खाद्यान्न आयात भएको थियो) बाहिर पठाउँछ। त्यो पनि खाडीका मरुभूमिमा पसिना बेच्नेले पठाएका।

सक्नेले २०६४ सालअघि नै गुठीलाई रैकर बनाए। रैकर गराउन मिल्ने जग्गा अहिलेसम्म गुठीमै रहनु भनेको धेरै हदसम्म नसकेरै हो। यस्तो अवस्थामा कि रैकर बनाइसकेका गुठी जमिन पनि गुठीमै फिर्ता ल्याउन सक्नुपर्छ हैन भने बाँकीलाई रैकर बनाउन बन्देज लगाउनु सरासर गरिब र धनीबीच विभेद गर्नु हो। जुन अभिभावकीय भूमिकामा रहनुपर्ने राज्यका तर्फबाट गर्न सुहाउने कुरा हुँदै होइन।

## सान्दर्भिकताको सवाल

कुनैबेला जे कुराको महत्व एकदमै हुन्छ, कालान्तरमा त्यत्तिकै नहुन सक्छ। जस्तो- एकताका पर्व/मेला आदिका बेला पशुपतिमा साँढे छाड्ने चलन थियो। तिनलाई व्यवस्थित गर्न र चारो/पानीको समेत प्रबन्ध गर्नु आवश्यक हुन्थ्यो। यही आवश्यकताले निम्त्याएको थियो गौशाला धर्मशाला। के अहिले पनि धर्म लोप हुन नदिने बहानामा यस्ता गुठी कायमै राख्नु उचित हुन्छ ?

कुरा साँढेको मात्र छैन, मान्छे पनि पीडित छन् परम्पराका नाममा लादिएका असान्दर्भिक बोझबाट। पर्साको पारसनाथ महादेव मठ (जसबाट पर्सा जिल्ला नामकरण भएको मानिन्छ) का पुजारीको तलव मासिक ५ रुपियाँ रह्यो धेरै वर्षसम्म। अहिले बल्ल १ हजार पुगेको छ। अझ मठका भान्से, टहजु, झाडुबडा आदिको त ४ सय १६ रुपियाँमै अड्किएको छ। यति बनाउन पनि उनीहरूले कामकाज रोकेर आन्दोलन नै गर्नुपरेको थियो।

अझ रोचक कुरा त भक्तपुरका प्रेमलाल शिल्पकारको मुखबाट सुन्न पाइन्छ। प्रेमलाल तिनै व्यक्ति हुन् जो भक्तपुरको प्रसिद्ध बिस्का जात्राको पनि मुख्य आकर्षणका रूपमा रहेको भैरवनाथको रथ बनाउने सिकर्मी नाइके हुन्। उनलाई यसरी रथ बनाउन नियुक्त गरिएबापत गुठी संस्थानले तलव दिन्छ। तर कति ? मासिक ६७ रुपियाँ ५० पैसा। झन जनकपुरको ऐतिहासिक राम मन्दिरको दैनिक पूजा खर्चको बजेट मात्र २ रुपियाँ भएको थाहा पाउनेले काढ्ने जिब्रो कति लामो होला ? कल्पनै काफी छ।

यी यस्ता देख्ने/सुन्ने/हेर्ने साक्षी हुन् जसले मुलुकको समग्र गुठी व्यवस्था लथालिङ्ग र असान्दर्भिक भएको पुष्टि गर्छन्। एकातिर गुठी व्यवस्थित गर्ने जिम्मा लिएकाहरू अक्षम भएका सावित गर्छन् भने अर्कोतिर बाँचेकै थोरैतिनो व्यवस्थामा कुत बुझाएर भरथेग गर्ने जोताहा किसानचाहिँ आँसुको आहालमा डुबुल्की मार्न बाध्य भएका देखाउँछन्। यही कारण पनि मुलुकभरका गुठी व्यवस्थापन गर्न सशक्त कानुन जरुरी छ भन्न हिच्किचाउनु पर्दैन।

## समाधान

गुठी सुरु गरिएको लिच्छविकालीन अवस्थाबाट मुलुक जहानिया राणा शासन, निर्दलीय पञ्चायत, बहुदलीय व्यवस्था हुँदै यतिबेला गणतन्त्रात्मक संरचनामा आइपुगेको छ। त्यसैले यसबीचमा यहाँ अकल्पनीय परिवर्तनहरू भइसकेका छन्। यस्तो अवस्थामा गुठीको व्यवस्थामा चाहिँ कमा र पूर्णविराम पनि चलाउन पाइन्न भन्नु प्रगतिको बाधक हुनु हो।

जस्तो- स्वर्गद्वारी आश्रमका लागि वार्षिक पूजाआजा र अन्य कार्यका लागि ६ करोड रुपियाँ आवश्यक पर्छ। तर उसले आफ्नै स्वामित्वको जमिनबाट समेत कुत उठाउन नसक्दा नित्य पूजामा खुम्चिनुपरेको छ। यस्तो अवस्थामा पूजाआजा र धार्मिक विधिलाई पनि समयसापेक्ष बनाउनुपर्छ।

यसैगरी गुठी संस्थानले आर्थिक वर्ष २०८०/८१ का लागि पर्वपूजासम्बन्धी खर्च १४ करोड ६३ लाख ९९ हजार २ सय ५५ रुपियाँ हुने बजेट बनाएको छ। उता यही १४ करोड खर्चनका लागि करिब दोब्बर अर्थात २६ करोड १ लाख ३६ हजार २ सय ५५ रुपियाँ प्रशासनिक खर्च गर्ने घोषणा सगौरव गरेको छ। जसका लागि १८८ जना कर्मचारीको दरबन्दी कायम छ। कार्यक्रममा भन्दा त्यसको कार्यान्वयनका लागि दोब्बर खर्च लाग्ने प्रणाली र अनौठो कार्यालय शायद यही होला विश्वमै। यस्ता सेतो हात्ती पाल्नुको औचित्यबारे चिन्तन आवश्यक छ।

त्यसैले गुठी प्रथाभित्र झाङ्गिएका यावत् विसङ्गति समाधानका लागि नयाँ कानुन निर्माण र चोटिलो कार्यान्वयन एक मात्र विकल्प हो। जसमा धार्मिक गतिविधि र सनातनी पर्व/जात्रा आदि नमासिने गरी गुठीका जमिन जसले कमाइरहेको छ, उसैको स्वामित्वमा दिनु उत्तम कार्य हुनेछ। यसबाट एकातिर आफ्नै भएपछि किसानले थप मेहनत र लगानी गर्ने भएकाले उत्पादन वृद्धि भइ मुलुककै खाद्य सुरक्षामा भरथेग हुन्छ भने अर्कोतर्फ राज्यले नै गरेको पक्षपातपूर्ण व्यवहार केही हदसम्म सच्चिन गइ सीमान्तकृतहरूले सामाजिक न्याय प्राप्त गर्नेछन्।

प्रश्न उठ्छ- गुठीको जमिन जति किसानलाई दिएपछि उसले गरिआएका यावत् क्रियाकलाप कसरी सुचारु भइरहन सक्छ ? पहिलो कुरा त माथि उल्लेख भएझैं अहिले सबै जमिनको स्वामित्व गुठीवालासँग नै भए पनि सबै क्रियाकलाप सुचारु छैनन्। दोस्रो कुरा, यतिबेला गुठी किसानले माग गरेअनुसार ७५ प्रतिशत जमिन किसानलाई दिने र २५ प्रतिशतचाहिँ सरकारले मालपोत कार्यालयहरूमार्फत तोकेको मूल्य लिएर उनीहरूलाई नै दिने हो भने पनि त्यस्तो रकमबाटै अरबौं रुपियाँ जम्मा हुन सक्छ।

जस्तो- पशुपति क्षेत्र विकास कोषको १८ हजार ८ सय ८२ रोपनी जग्गामध्ये एकचौथाइ अर्थात ४ हजार ७ सय २० रोपनी जमिनको प्रतिरोपनी ६१ लाख ६० हजार (चावहिल मालपोत कार्यालयले आर्थिक वर्ष २०८०/८१ का लागि गोरेटो बाटोसँग जोडिएका जग्गाका लागि तोकेको न्यूनतम मूल्यका आधारमा) का दरले २९ अरब ७ करोड ५२ लाख रुपियाँ हुन्छ। जसलाई अक्षय कोषमा राख्ने हो भने १० प्रतिशत ब्याज मात्र हिसाब गर्दा पनि वर्षमा २ अरब, ९० करोड, ७५ लाख २० हजार प्राप्त हुन्छ। अझ हायात होटलको जग्गा त प्रतिआनाकै २३ लाख १० हजार तोकिएको छ र पिच तथा अन्य सडकसँग जोडिएका झनै महँगा जग्गा धेरै छन्। यस्तो अवस्थामा साँवा बचाएर ब्याजबाटै पूजाआजा, पर्व, जात्रा, मेला व्यवस्थित गर्ने हो भने स्रोतको समस्या नहुने ठोकुवा गर्न सकिन्छ।

अझ गुठी संस्थानले त आर्थिक वर्ष २०८०/८१ मा अक्षय कोषबाट मात्र ३४ करोड, ६१ लाख ३० हजार ४ सय २४ रुपियाँ ब्याज आर्जन गर्ने हिसाब निकालेको छ। आफूले सम्हाल्न नसक्ने वा खेतीयोग्य जमिनको मात्र स्वामित्व किसानलाई सुम्पने हो भने त्यसबाट आर्जित रकमबाटै अरबौं ब्याज आउँछ जसबाट 'धर्म लोप' को डङ्का पिट्ने खेती बन्द हुन सक्छ। स्वर्गद्वारीलगायतका गुठीमा पनि यही कुरा लागु हुन्छ।

त्यसैगरी गुठी संस्थानको स्वामित्वमा पुतलीसडकलगायत मुख्य शहरी क्षेत्रमा थुप्रै जमिन छ। केहीमा विशाल भवन बनेर भाडामा पनि लागेका छन्। खासमा व्यवस्थापन सही हुने हो भने सनातनी धेरै कर्मकाण्ड यिनैका भाडाले पनि धान्ने अवस्था छ। तर यस्ता भवन र जग्गा 'लुटको धन, फुपूको श्राद्ध' उखान चरितार्थ गर्दै टाठाबाठाले खाइरहेका छन्। यी सबै पक्ष विश्लेषण गरिसकेपछि समग्रमा निस्कने निष्कर्ष हो- तत्काल गुठी कानुन बनाएर वर्षौंदेखि सिंगो मुलुकलाई सताइरहेको गुठी नामक पिलो सदाका लागि निचोरेर निको बनाउनु आवश्यक छ। जसको मुख्य उद्देश्य गुठी जमिनको मालिक किसानलाई बनाउने र उनीहरूले यसबापत तिर्ने निश्चित रकम अक्षय कोषमा राखी त्यसबाट सनातनी धार्मिक गतिविधिलाई अहिले भन्दा पनि राम्रो र व्यवस्थितवरबाट सञ्चालन गर्ने हुनुपर्छ। ✿



**विश्वास नेपाली**

# रसुवाका किसान आन्दोलित



हाकुबासीसँग आफैँले खनी खोस्री उब्जाउयुक्त बनाएको जग्गाको स्वामित्व छैन। त्यही जमिनमा घरबास र खेतीपाती छ। मानिस र पशुवस्तुको जीविका यही जमिनसँग जोडिएको छ। मानिसका धेरै पुस्ता यहीँ जन्मेर, हुर्केर बितिसक्यो। तर पनि जग्गामा भने आफ्नो स्वामित्व छैन। नापीको समयमा काठमाडौंस्थित पुरानो स्वयम्भुघ्याङ गुठीको नाममा दर्ता गरिदिएपछि किसानहरू समस्यामा छन्।

रसुवा जिल्लाको साविक हाकु गाविसको वडा नं. २, ३, ४, ५, ६ र ७ गरी ६ वटा वडा (हाल आमाछोदिङ्मो गाउँपालिका वडा नं. १ को पूरै भूगोल र वडा नं. २ को सानो हाकु गाउँबासी) गुठी समस्याले पीडित छन्। जसमा थाङ्कु, फूलबारी, हाकुबेसी, पाङ्लिङ, सानो हाकु, ठूलो हाकु, गोर्सुम्बा र लुम्बुडाँडा छन्। यो समस्याले करिव ७३३ घरधुरी प्रभावित छन्। जसको कारण ३,३१९ जनसङ्ख्या (१,७४६ महिला र १,५७३ पुरुष) प्रभावित छन्।

भिरालो गाउँ-ठाउँ। पाखोबारी धेरै। पहिरोले अति नै दुःख दिने हाकुको यी गाउँहरूमा वर्षमा मुस्किलले दुई कृषि बाली उत्पादन हुन्छ। स्थानीय जानकारहरूका अनुसार पञ्चायत कालमा जग्गा गुठीको नाममा नापी गर्ने कि किसानको नाममा भन्नेमा विवाद भयो। २०३४/०३५ सालमा नापी टोली जग्गा नापी गर्न गाउँ आउँदा किसानहरूले आफ्नो नाममा जग्गा नाप्न खोजे तर दिइएन। जग्गा धनी महलमा किसानको नाम लेख्नुपर्ने तर पुरानो स्वयम्भुघ्याङ गुठीको नाम लेखियो।

किसानहरूसँग वार्षिकरूपमा कोदो, घैया धान, केरा, रकमलगायत कुतका रूपमा लामा

तथा मुखियाहरूले उठाउँथे । उतिबेला १४४ रुपियाँ रकम, ४ बोतल रक्सी, घैया धान तथा कोदो, १ घरी केरा मुखियाहरूले स्वयम्भु पुऱ्याउँथे भने बाँकी रकम तथा जिन्सी सामान मुखियाहरूले नै राख्थे । यो प्रथा २०४६ सालसम्म कायम रह्यो । त्यसपछि भने किसानहरूले कुत बुझाउन छाडे र लालपुर्जा माग गर्दै आन्दोलनमा उत्रिए ।

२०६२ सालमा नेपाल कृषि वन प्रतिष्ठानले हाकुमा सञ्चालन गरेको अधिकारमुखी अवधारणाको कार्यक्रमले स्थानीयमा जागरण ल्यायो । छलफलको क्रममा पूरै गाउँ नै गुठीपीडित भएको सवाल उठ्यो । लालपुर्जा नहुँदा विभिन्न समस्या झेल्नु परिरहेको विषय उठेपछि जमिनको अधिकार लिनुपर्छ भन्ने जागरण किसानहरूमा पलायो । यो विषय विस्तारै जिल्ला हुँदै राष्ट्रिय तहसम्म पुग्यो ।

२०६३ मा रसुवाको कालिकास्थानमा आयोजना भएको किसान भेलामा गुठीपीडित हाकुवासीहरू पनि सहभागी भए । उक्त भेलापछि बनेको भूमि अधिकार सङ्घर्ष समितिमा हाकुका ठिङ्गा तामाङ, मेन्दो तामाङ, सोनाम तामाङलगायतका अगुवाहरू नेतृत्वमा आए । उनीहरूमार्फत हाकुमा अभियान अघि बढ्यो ।

भूमि अधिकार मञ्च, रसुवाले हाकुमा ६ वटा गाउँ भूमि अधिकार मञ्च गठन गरी अभियानमा गुठीपीडितलाई सङ्गठित गर्दै अघि बढ्यो । आन्दोलनमा जोडिएपछि हाकुवासी आफ्नो भूमि हकका लागि स्थानीयदेखि राष्ट्रिय तहसम्मका आन्दोलनमा सहभागी भए ।

मन्त्रालय तहमा पनि पुगेर ज्ञापनपत्र बुझाउने, छलफल गर्ने र आफ्नो माग राख्न सक्ने भए । हलो, कोदालो तथा कृषि औजारसहित प्रदर्शन गर्ने, ऱ्याली गर्ने, मागपत्र तथा ध्यानाकर्षण पत्रहरू प्रधानमन्त्री, भूमि सुधार मन्त्री, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालयमा बुझाउन पुगे । राजनीतिक दल तथा सरोकारवाला निकाय र किसानहरूका बीचमा धेरैपटक छलफल भयो । २०७५ सालमा तत्कालीन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा अर्याल आफैँ हाकुसम्म पुगी समस्या समाधान गर्ने आवश्वास दिएर फर्कनुभयो तर



पनि समस्या भने बाँकी नै छ ।

भूमि अधिकार मञ्चकै अगुवाइमा २०७४ जेठमा १३२ परिवार किसान परिवारले मोही प्रमाण पुर्जा लिए । त्यसअघि किसानहरूसँग कुनै प्रमाण थिएन । उनीहरूसँग केही प्रमाण नभएका कारण त्यसको हकभोगको अधिकारसमेत खोसिने हो कि भन्ने डर-त्रासमा किसानहरू बस्दै आएका थिए । मोही पुर्जा पाउनेहरू खुसी भएका छन् ।

बाँकी घरधुरीका लागि मोही पुर्जा बनाउन सकिएन । यसको कारण थियो- नापी हुने बेलामा फिल्ड बुकमा सिसाकलमले लेखिएको रहेछ भनेर मालपोतले मानेन । जग्गा नापी भएको करिव ४५ वर्ष भए पनि फिल्डबुकमा सिसाकमले लेखिएको भन्दै मोही पुर्जा दिनसमेत रोकियो । साथै कतिपय किसानले जोतभोग गर्दै आएका जग्गा दर्ता हुन सकेको छैन । जग्गा खनजोत गरिएको छ तर,नापी गर्ने क्रममा छुटाइएकाले उनीहरूले मोही पुर्जा पनि दाबी गर्न सक्ने अवस्था छैन ।

गुठी समस्या किसानहरूलाई रोग नै सावित भएको छ । त्यही जग्गामा घर छ, त्यही जग्गामा जीविका अडिएको छ । अन्त कतै रैकर जग्गा पनि छैन । यस्तो समस्याले पुस्तौँदेखि ग्रसित हुँदै आएका हाकुबासीले जग्गा रैकर गर्न माग गर्नु जायज छ ।

भूकम्पपछि हाकुवासी लगभग सबैले आफ्नो ठाउँ छाडी जिल्ला सदरमकाम धुन्चे, काठमाडौँको कीर्तिपुरलगायतका ठाउँमा गएर अस्थायीरूपमा बस्न बाध्य भए । पछि उनीहरू गाउँ फर्केर पुनः बसोबास गर्न थालेका छन् । यद्यपि सानो हाकुको पूरै बस्ती र गोर्सुम्बा गाउँको पूरै बस्ती बिस्थापनमा परेका कारण अन्यत्र स्थानान्तरण भइ बस्नुपरेको छ । त्यहाँ पहिरोको उच्च जोखिम छ । भिरालो जमिन, बास बस्नसमेत डर हुने । पहिरोले लान्छ भन्ने चिन्ता । अझ अहिले त गाउँमा बन्दै गरेको हाइड्रोले खनेको सुरुङका कारण गाउँ त जोखिममा पारेको छ नै, सँगै पिउने पानीको मुहानहरूसमेत सबै सुक्दै गएको छ ।

अतः गुठीको नाममा कायम भएको जग्गा विनासर्त किसानको नाममा रैकर दर्ता कायम गरी लालपुर्जा उपलब्ध गराउन आवश्यक छ । किसानले जोतभोग गरिरहेका जग्गा नापी गर्ने समयमा कतिपयको छुट हुन गएको छ । यस्ता छुटमा रहेका जग्गाको पुनः नापी गरी उनीहरूलाई पनि लालपुर्जा उपलब्ध गराउन जरुरी छ । किसानको नाममा जग्गा रैकर गर्ने क्रममा लाग्ने राजस्व नेपाल सरकारले व्यवस्थापन पर्ने र किसानलाई निःशुल्क गर्ने व्यवस्था पनि गरिदिनुपर्छ । यसले मात्रै पुस्तौँदेखि स्वामित्वबिहीन किसानलाई केही हदसम्म न्याय गर्न सक्छ ।

# गुठी किसानहरूको राष्ट्रिय सम्मेलन

२४ र २५ वैशाख, २०८१

### दाङ घोषणापत्र

धार्मिक र परोपकारी कार्यका लागि गुठी खडा गर्ने कार्य नेपालको पुरानो प्रचलन रहिआएको छ। त्यसरी खडा गरिएको गुठीको दिगोपनाका लागि जमिन छुट्याउने र किसानबाट जिन्सी तथा नगद सङ्कलन गर्ने गरिँदै आइएको यथार्थ हो। यसरी गुठीमा राखिएका जग्गाह सिद्धान्ततः किसानकै नाममा दर्ता हुनुपर्दथ्यो। देशमा ठूला राजनीतिक परिवर्तन भयो तर यसले रातदिन गुठी जग्गामा श्रम पसिना पोख्दै आएका किसानको जीवनमा परिवर्तन हुन सकेन। २१औं शताव्दीसम्म आउँदा पनि नागरिकहरू रैतीका रूपमा रहनुपरेको छ। देशका ६८ जिल्लामा २ हजार भन्दा बढी विभिन्न नामका गुठी जग्गा कमाइरहेका किसानह जग्गाको महत्वपूर्ण उपयोगबाट वञ्चित हुनुपरेको छ। यस सन्दर्भलाई लिएर मिति २०८१ साल वैशाख २४ र २५ गते दाङ जिल्लाको घोराहीमा गुठीपीडित किसानहरूको राष्ट्रिय सम्मेलन सम्पन्न भई तपसिलबमोजिमको दाङ घोषणापत्र जारी गर्दछौं। र, यसको कार्यान्वयनमा दृढ भएर उभिने प्रतिबद्धता गर्दछौं।

- नेपालको संविधानको प्रस्तावनामा उल्लेख सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडन अन्त्य गर्ने भन्ने मर्मलाई आत्मसात गर्दै,
- मौलिक हक र कर्तव्यको सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, शोषणविरुद्धको हक, भाषा तथा संस्कृतिको हकको पूर्ण प्रत्याभूतिका लागि,
- भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार गर्ने राज्यको नीति कार्यान्वयनको आवश्यकतामा जोड दिँदै,
- संविधानको धारा २९० मा उल्लेख गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भैरहेका किसान एवं गुठीको अधिकारका सम्बन्धमा सङ्घीय संसद्ले आवश्यक कानुन बनाउने राज्यको जिम्मेवारी शीघ्र कार्यान्वयनको माग गर्दै यो घोषणापत्र जारी गरेका छौं।

१. मानव जीवनको अस्तित्व जमिनमा अडिएको छ। कृषियोग्य भूमिको संरक्षण, स्याहार र उत्पादनको कर्ममा किसानको भूमिका अतुलनीय छ। भूमिमा पहिलो हक किसानको हो। अतः गुठीका जग्गा जोतभोग गर्दै आएका किसानहरूको अधिकार सुनिश्चित हुने गरी यथाशीघ्र गुठीसम्बन्धी ऐन ल्याइनुपर्दछ। र, यो ऐनले सदियौंदेखि थाँती रहेको गुठी र जग्गाबारेको सबै विषय सम्बोधन हुनुपर्दछ। यस्तो ऐन ल्याउँदा गुठीका किसानसँग सार्थक सम्वाद र सोको सुनुवाइको सुनिश्चितता गरिनुपर्दछ।

२. किसानहरूले पुस्तौंदेखि जोतभोग गर्दै आएका, जस्तै- दाङको स्वर्गद्वारी गुठी, सिन्धुपाल्चोकको पशुपति महास्नान गुठीलगायतका देशभरका गुठी जग्गा रैकर गरी जोताहा किसानको नाममा जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराइनुपर्दछ।

३. गुठी जग्गाको रैतानी लालपुर्जा वनिसकेको, रैकरसरह तिरो तिरन भइसकेको जग्गा पछि मालपोत कार्यालयवाट जालसाँझी गरी पुर्जा जफत गरेकोलाई पुनः रैकर गरी लालपुर्जा वितरण गरिनुपर्दछ।

४. सशस्त्र द्वन्द्व, विपद्, कोभिड, आर्थिक मन्दीलगायतका समस्याबाट रोकिएको हाल वक्यौता हिसाव मिनाहा गरिनुपर्दछ।

५. जोताहाका नाममा दर्ता हुन बाँकी रहेका जग्गाह फिल्डबुक र स्रेस्ता कायम गरी जोताहाको नाममा रैकर पुर्जा उपलब्ध गराइनुपर्दछ। एकपक्षीयरूपमा मुद्दा लगाई निष्काशन गरिएका मोहीहरूलाई पुनः मोही दर्ता गरी जग्गाको पूर्ण स्वामित्व कायम गरिनुपर्दछ।

६. पुस्तौंदेखि गुठी तैनाथी जग्गामा घर बनाइ बसोबास गर्दै आइरहेका किसानलाई बसोबासका आधारमा घर, गोठ तथा करेसाबारी उपलब्ध गराइनुपर्दछ।

७. गुठीका किसानले बुझाउनुपर्ने कुत वा तिरो रैकरसरह हुनुपर्ने र सम्बन्धित वडामा बुझाउने व्यवस्था अविलम्ब गरिनुपर्दछ।

८. मालपोत र महन्तको मिलेमतोमा बनेको जग्गा धनी प्रमाण पुर्जा स्वतः खारेज गरी रैकर पुर्जा उपलब्ध गराइनुपर्छ।

९. मोही किसानले खेती गर्दै आइरहेको जग्गा संरक्षित छ। त्यसबाहेकको जग्गा स्वयं संरक्षणको अधिकार पाएका र तिनका आसेपासेले हिनामिना गरिरहेका छन्। तसर्थ गुठी संस्थानको पूर्ण हकमा रहेको तैनाथी जग्गाको वैज्ञानिक लगत राखी सोको उपयोगका सम्बन्धमा उत्पादनमुखी नीति अवलम्बन गरिनुपर्दछ।

### यो सम्मेलन,

- परापूर्वकालमा हिजो गुठी जुन उद्देश्यले राखिएको थियो, समाजको आर्थिक, सामाजिक र सांस्कृतिकरूपमा आएको फेरबदलसँगै त्यसको औचित्य पनि नरहेको ठहर गर्दछ।
- फेरिएको परिवेश, वर्तमान आवश्यकता र जमिनको संरक्षण एवं किसानको हितलाई ध्यानमा राखी गुठी र गुठी जग्गाको व्यवस्थापनमा नयाँ दृष्टिकोण, नीति र कार्यक्रम आवश्यक रहेको ठहर गर्दछ।
- सर्वोच्च अदालतको मोहीको हकसमेत


खोस्ने र गुठीका सम्बन्धमा संसद्ले कानुनसमेत बनाउन नसक्ने भनी मिति २०६२ चैत १४ र २०६४ माघ १० गतेको फैसला २०७२ को संविधानबमोजिम सन्दर्भ सिद्धिएको छ। तर हालसम्म त्यही फैसलामा टेकेर चलखेल भइरहेको छ। यसलाई तत्काल रोक्नुपर्दछ।

- देशभरका गुठी किसानलाई आन्दोलनमा गोलबन्द हुन र संयुक्त आन्दोलनमा सहभागी हुन आह्वान गर्दछ।
- सरकारले गुठी विधेयक ल्याउन प्रक्रिया अघि बढाएकोमा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई धन्यवाद ज्ञापन गर्दछ।
- गुठी विधेयक मस्यौदा कार्यदलको ढिलासुस्तीप्रति असन्तुष्ट हुँदै मस्यौदा तर्जुमाको कार्यलाई तीव्र बनाउन र गुठीका किसानसँग व्यापक परामर्शका लागि आह्वान गर्दछ।
- गुठीको आन्दोलनलाई सघाउनुहुने सबै न्यायप्रेमी जनसमुदाय, नीति निर्माता, जनप्रतिनिधि र सञ्चारकर्मीलगायत सबै सरोकारवालालाई धन्यवाद ज्ञापन गर्दछ।

### उल्लिखित घोषणा कार्यान्वयन गर्नका लागि हामी सम्पूर्ण गुठीपीडित किसानहरू

गुठी समस्या भएका जिल्लामा सङ्घर्षका गतिविधि नियमित र सघन बनाउने, आवश्यकताअनुसार सङ्घर्ष समिति गठन गर्ने, विधेयकमा समावेश हुनुपर्ने विषयका सम्बन्धमा जिल्लागतरूपमा गृहकार्य गरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा १५ दिनभित्र पेस गर्ने, जिल्लागतरूपमा ऱ्याली तथा सभा आयोजना गर्ने र राष्ट्रिय आन्दोलनका सम्पूर्ण कार्यमा सक्रियरूपमा सहभागी हुने प्रण गर्दछौँ।

हामी गुठीको आन्दोलन केवल कागजी सम्झौता वा सतही आश्वासनमा अलमलिने हिसाबले गरेका हैनौँ। यो आन्दोलनलाई सदियौँदेखिको सामन्तवादी शोषणको व्यावहारिक अन्त्यको एक कडीका रूपमा लिएका छौँ। यसलाई गम्भीरपूर्वक लिन र आआफ्नो ठाउँबाट जिम्मेवार भूमिका निर्वाह गर्न आह्वान गर्दछौँ।



जसविर वड

# भूमि अधिकारकर्मी लालमणि भण्डारीको सम्झनामा



स्व. लालमणि भण्डारी

विक्रम संवत् २०६१ सालको माघ महिना। हाम्रो गाउँ बैजनाथ-६ स्थित २८ घर (बाँके) मा समुदायमा आधारित परिवेश विश्लेषणमा अन्य महानुभावसँगै लालमणि भण्डारी पनि आउनुभएको थियो। हाम्रो गाउँ पनि भूमिहीन बसोबास गरेको ठाउँ भएकाले उहाँहरू अवस्था बुझ्न आउनुभएको रहेछ। त्यतिबेला गाउँका अधिकांश मानिस दाउरा बेचेर दैनिक जीविकोपार्जन चलाउँथ्यौँ। अन्य रोजगारीका सम्भावना थिएन। खनखाँचो टार्न गाउँका साहूसँग सापटी (ऋण) लिनुपर्ने बाध्यता थियो। ऋण लिँदा तोरी ब्याजे अथवा 'नेपाली रुपियाँ लिउ, भारु तिर' भन्ने बाध्यतात्मक अवस्थाको ऋण लिनुपर्थ्यो।

तोरी ब्याजे ऋण भनेको ऋण लिँदा तोरी पनि तिर्नुपर्छ भन्ने हो। ऋण लिन आउने ऋणीलाई साहूले २०० रुपियाँ दिन्थ्यो। त्योबापत तोरीको सिजनमा एक क्विन्टल तोरी बुझाउनुपर्थ्यो। यसरी साहूहरूले तोरी ब्याजे भनेर ऋण दिँदा २०० रुपियाँ मात्र दिन्थे भने त्यसबापत १५०० रुपियाँ पर्ने तोरी लिन्थे। ऋणीले तिर्न नसकेसम्म हरेक वर्ष तिर्नुपर्ने बक्यौता थपिँदै जान्थ्यो। तोरी ब्याजे निकै चर्को रकम असुल्ने धन्दा थियो। अर्को थियो- नेपाली रुपियाँ ऋण दिने र भारु फिर्ता लिने चलन। ऋणीले साहूबाट नेपाली रुपियाँ लिएर सोही बराबरको भारु तिर्नुपर्थ्यो। जस्तो १ सय नेपाली रुपियाँको भारु १ सय दिनुपर्थ्यो। तोकिएको समयमा ऋणीले साहूलाई रकम तिर्न नसकेमा त्यो भारुलाई बट्टासहित नेपाली रुपियाँमा हिसाब हुन्थ्यो र ऋण बुझाउने समय तोकिन्थ्यो। खनखाँचो चलाउन ऋण लिनुपर्ने तर साहूको चर्को ब्याजका कारण ऋण तिर्न नसक्दा हाम्रो गाउँका भूमिहीनहरू उठिबासको शिकार भइरहेका थिए।

यस्तो अवस्थामा भूमि अधिकार अभियान लिएर लालमणि सरहरू गाउँ आएपछि मानिसमा जागरण आउन थाल्यो। गाउँका समस्यामा मसिनो छलफल गरी परिवेश विश्लेषण गरिँदा गाउँबासीमा भूमि अधिकार पाइने आशा पलायो। हामी उत्साहका साथ सहभागी भयौँ। समुदायका

समस्या र समाधानका उपायका विषयमा लालमणि भण्डारीले दिनुभएको तार्किक र विकल्पसहितको धारणले हामी प्रेरित भयौँ । लाग्यो, यसरी समुदायको पक्षमा काम गर्ने मान्छेले हामीलाई अधिकार दिलाएरै छाड्नेछन् । त्यसपछि उहाँसँगको सामीप्यता बढ्दै गयो । सामाजिक न्यायको पक्षमा काम गर्ने जाँगर पनि थपियो ।

२०६१ मङ्सिर १५ देखि १७ सम्म भूमि अधिकारका लागि जिल्ला भेला भयो । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहयोगमा डोक्फा नेपाल र सामाजिक विकास तथा अनुसन्धान केन्द्र (सिएसडिआर) ले भूमि अभियानमा सहयोग गर्न सुरु गर्न थालेका जानकारी पनि भयो । लालमणि भण्डारी सिएसडिआरको अध्यक्ष हुनुहुँदो रहेछ । हाम्रो दोस्रो भेटचाहिँ त्यही भेलामा भयो ।

भूमि अधिकारको सवालमा लालमणि भण्डारीले सहजकर्ताका रूपमा छलफल चलाउनुभयो । नेपालको भूमि व्यवस्थाको ऐतिहासिक पृष्ठभूमि, भूमि व्यवस्थाका कारणले पारेका सामाजिक प्रभावहरू, जमिनदारी प्रथा र भूमिहीनताका कारण भूमिहीनहरूमा परेको समस्या र भूमिहीनहरूले आफ्नो अधिकार प्राप्तिका लागि गर्नैपर्ने कामहरूका विषयमा बृहत् छलफल भयो । उहाँमा विषयवस्तुलाई गहिरोसँग विश्लेषण गर्ने क्षमता र ज्ञान रहेको मैले त्यस क्रममा चाल पाएँ ।

त्यहीबेला बाँकेमा जिल्लास्तरीय भूमि सङ्घर्ष समिति गठन भयो । त्यसपछि लालमणि भण्डारी सरसँगको भेटघाट बाक्लिन थाल्यो । भूमिहीन, मोही, सुकुमबासीहरूका समस्या समाधाका उपायहरूको खोजी सामूहिकरूपमा गर्न थाल्यौँ । नियमित बैठक, योजना निर्माण र कार्यान्वयन तथा सिकाइ आदान-प्रदान गर्न थाल्यौँ । यसरी हामी सम्बन्धका हिसाबले धेरै नजिक भएका थियौँ ।

२०६१ साल पुसमा काठमाडौँमा आयोजित सम्मेलनले राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल नामक जनसङ्गठन गठन गऱ्यो । सम्मेलनमा लालमणि सरलगायत हामी बाँकेबाट १६ जना सहभागी थियौँ । लालमणि सरले भूमि अधिकार अभियानमा लामो समय जोडिएर काम गर्नुभयो । अभियानकै क्रममा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र काठमाडौँसँग सम्पर्क जोडियो । संस्थाले भूमि अधिकार अभियान अघि बढाउन आर्थिक तथा प्राविधिक सहयोग निरन्तर उपलब्ध गरायो । समुदाय तहमा सवालगत सङ्गठन निर्माण, सवालमा छलफल र विषय उठान र क्षमता विकासका कार्यहरूले अभियान माथि उठ्न मद्दत पुग्यो ।

**भूमि अधिकार अभियान लिएर लालमणि सरहरू गाउँ आएपछि मानिसमा जागरण आउन थाल्यो । गाउँका समस्यामा मसिनो छलफल गरी परिवेश विश्लेषण गरिँदा गाउँबासीमा भूमि अधिकार पाइने आशा पलायो ।**

भूमि अधिकाको आन्दोलन शोषणविरुद्धको सामाजिक न्यायका लागि स्वतन्त्र आन्दोलन थियो । आफ्नो हक प्राप्तिका लागि भूमिपीडितहरू आफैँ सङ्गठित हुन सजिलो भने थिएन । दैनिक ज्याला मजदुरीबाट उनीहरूलाई फुर्सद हुँदैन्थ्यो । कृषि कार्यमै तल्लीन हुन्थे । पीडितहरूसँग खर्च गर्नका लागि स्रोत हुँदैनथ्यो । साहूहरूको ऋणको कचकच र चिन्ताले सधैँ पिरोलीरहन्थ्यो । यस्तो अवस्थामा भूमिहीन तथा दैनिक ज्यालादारी गर्ने मजदुरहरूको सङ्गठन निर्माण गर्न सहज थिएन ।

लालमणि भण्डारीको अगुवाइमा बाँकेमा भूमि अधिकार अभियान उठाउन धेरै नै सहज भयो । स्रोत जुटाएर गाउँ-गाउँमा छलफल चलाउन र भूमिपीडितहरूलाई सशक्तीकरण गर्न उहाँ धेरै खट्नुभयो । उहाँको अनुहार कहिल्यै अँध्यारो देखिएन । सधैँ हँसिलो र फुर्तिलो देखिनुहुन्थ्यो । उहाँलाई धेरै भूमिपीडितले विश्वास गरे । हरेक समस्याको छिट्टै समाधान निकाल्ने खुबी लालमणि सरमा थियो । उहाँ जातीय छुवाछूतको विपक्षमा उभिनुहुन्थ्यो । जातीय छुवाछूतले समाजमा सामाजिक द्वन्द्व ल्याएको भन्नुहुन्थ्यो । लैङ्गिक विभेदको विरोधमा उभिनुहुन्थ्यो । शोषण हट्नुपर्छ भनेर पैरवी गर्नुहुन्थ्यो ।

बाँके जिल्लामा भूमि अधिकारबाट वञ्चित भूमिहीन र दैनिक ज्यालादारी असङ्गठित मजदुरहरूको आन्दोलनको क्षेत्रमा लालमणि सरको ठूलो योगदान छ । उहाँको देहवसानले निमुखा भूमिहीन, सुकुमबासी, दैनिक ज्याला/मजदुरी गरी जीविकोपार्जन गर्ने मानिसले एउटा सहयोगी गुमाएका छन् । भूमि अधिकार अभियानले एउटा बलियो योद्धा गुमाएको छ । उहाँको अभाव सधैँ खट्किरहनेछ । उहाँले देखाउनुभएको बाटोमा हिँडेर भूमिहीनको सामाजिक न्यायका सपना साकार पार्नु हामी सबै भूमि अधिकारकर्मीहरूको कर्तव्य हुन आउँछ ।

भूमि अधिकार अभियानमा लामो समय योगदान गर्नुभएका लालमणि भण्डारी आज हामीसँग हुनुहुन्न । २०७९ मङ्सिर ७ गते दिवगंत हुनुभएका उहाँलाई मुलुकभरका भूमि अधिकारकर्मीहरूका तर्फबाट हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु । ✿




Art by: Raju Chitrakar

प्रतिबद्ध · Funded by European Union Humanitarian Aid · CZECH REPUBLIC HUMANITARIAN AID · People in Need · CSRC · SWN Scott Wilson Nepal · Save the Children

# शब्द तस्बिर

दाङका स्वर्गद्वारी गुठीपीडित किसानहरुको आन्दोलन एवं राष्ट्रिय सम्मेलन ।















